# नेपालका सामुदायिक विद्यालय

## विद्यालय सञ्चालन प्रक्रिया सम्बन्धी सर्वेक्षण



लोकरञ्जन पराजुली • देवेन्द्र उप्रेती • रुख गुरुङ

# नेपालका
# सामुदायिक विद्यालय

## विद्यालय सञ्चालन प्रक्रिया सम्बन्धी सर्वेक्षण

लोकरञ्जन पराजुली • देवेन्द्र उप्रेती • रुख गुरुङ

मार्टिन चौतारी

# नेपालका सामुदायिक विद्यालय :
# विद्यालय सञ्चालन प्रक्रिया सम्बन्धी सर्वेक्षण

**लोकरञ्जन पराजुली • देवेन्द्र उप्रेती • रुख गुरुङ**

पहिलो संस्करण : २०७६ (सन् २०१९)

*प्रकाशक*
मार्टिन चौतारी
२७ जीतजंग मार्ग, थापाथली
पोष्ट बक्स १३४७०; काठमाडौँ, नेपाल
फोन ४२३८०५०/४१०२०२७ । फ्याक्स ४२४००५९
E-mail: chautari@mos.com.np
www.martinchautari.org.np

चौतारी पुस्तक शृंखला – ९५
प्रतिलिपि अधिकार © मार्टिन चौतारी
ISBN: 978-9937-594-19-6

मुल्य रु. २००/-

ले-आउट/आवरण सज्जा : किशोर प्रधान
आवरण तस्बिर : प्रभाकर गौतम @ पाल्पा

काठमाडौँ, नेपालमा मुद्रित

---

डेनमार्कको विदेश मन्त्रालयको सहयोग (डानिडा फेलोशिप सेन्टरले व्यवस्थापन गरेको) मा सञ्चालित परियोजनाबाट यो अध्ययन गरिएको हो ।

MINISTRY OF FOREIGN AFFAIRS
OF DENMARK
*Danida*

# प्राक्कथन

मार्टिन चौतारी, काठमाडौं विश्वविद्यालय र आरहुस विश्वविद्यालय, डेनमार्कले संयुक्त रूपमा "नेपालको शिक्षा क्षेत्रमा सार्वजनिक वित्तको गतिशीलता" शीर्षकमा परियोजना सञ्चालन गरिरहेका छन् । डेनमार्कको विदेश मन्त्रालयको सहयोगमा पुस २०७१ देखि शुरू भएको यो पाँच वर्षे परियोजनाको एउटा पक्ष नेपालका सामुदायिक विद्यालयहरूको शासन-व्यवस्थापन वा सञ्चालन प्रक्रिया (गभर्नेन्स) का विभिन्न आयामबारे बुझ्नु हो । यसका लागि विद्यालयहरूको सर्वेक्षण-अनुसन्धान गर्ने योजना गरिएको थियो । परियोजनाको शुरू चरणमै सर्वेक्षणको काम सम्पन्न गर्ने लक्ष्य राखिएको भए पनि वैशाख २०७२ को विनाशकारी भूकम्प र लगत्तैको आर्थिक नाकाबन्दीले मुलुकभर असहज परिस्थिति सिर्जना भएकाले सर्वेक्षण गर्न सम्भव भएन । असार २०७३ मा शिक्षा ऐनमा गरिएको आठौँ संशोधनले गर्दा साविक विद्यालय व्यवस्थापन समिति—जो यो सर्वेक्षणका सम्भावित उत्तरदाता थिए—समेत भंग हुन गए, जसले गर्दा सर्वेक्षण योजना पुन: धकेलियो । त्यसपछि, नेपालको नयाँ संविधान, २०७२ अनुसार स्थानीय सरकारको निर्वाचन लगायत अन्य आन्तरिक परिस्थिति (परियोजना संयोजकको राजीनामा र नयाँ संयोजकको खोजी) ले सर्वेक्षणका कार्यक्रमलाई प्रभावित तुल्यायो । अन्तत: माघ–चैत २०७४ मा मात्र यो सर्वेक्षण हुन सम्भव भयो ।

सर्वेक्षण-अनुसन्धान प्रारम्भ गर्दा मुलुकमा नयाँ संविधान लागू भैसकेको थियो र स्थानीय सरकार समेत गठन भैसकेका थिए । नयाँ संविधानमा विद्यालय शिक्षालाई स्थानीय सरकार मातहत हुने गरी व्यवस्था गरिएको छ । तथापि, विभिन्न साझेदार (स्टेकहोल्डर्स) र मुख्य गरी शिक्षकहरूको विरोधका कारण विद्यालय शिक्षाको गभर्नेन्स सम्बन्धी अन्योल अझै टुंगिएको छैन । समय घर्किसकेकाले तरल परिस्थितिकै वावजूद पनि सर्वेक्षण-अनुसन्धान गर्ने निर्णय गरियो । सर्वेक्षण सकिएर त्यसको तथ्यांक विश्लेषण सहित यो प्रतिवेदन तयार गर्दैगर्दा यसको सान्दर्भिकता र उपयोगिता सम्बन्धमा हाम्रा माझ केही छलफल भएका थिए ।

संवैधानिक प्रावधान र संघीयताको मर्म अनुरूप नेपाल सरकार अघि बढेका भए नेपालको विद्यालय शिक्षाको शासन-व्यवस्थापन-संरचनामा केही उल्लेख्य परिवर्तन हुने थियो । तर संघीय सरकारको नेतृत्व गरिरहेको वर्तमान नेतृत्वले संवैधानिक व्यवस्था अनुरूप विद्यालय शिक्षालाई स्थानीय सरकार मातहत ल्याउन सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्नेमा संविधान विपरीत हुने गरी संघको पकड कायमै राख्न प्रयत्न गरिरहेकाले अहिले शिक्षा क्षेत्रमा देखिएको अन्योल अझै केही समय कायमै रहने देखिन्छ । त्यसबाहेक, यो सर्वेक्षणले जान्न-बुझ्न खोजेका केही प्रक्रियाहरू सार्वकालिक भएकाले यो प्रतिवेदनको महत्ता अझै रहेको महशुश गरी यसलाई सार्वजनिक गर्ने निर्णयमा हामी पुगेका हौँ ।

यो अनुसन्धान गर्ने तथा अनुसन्धान प्रतिवेदन तयार पार्ने क्रममा धेरै व्यक्ति र संस्थाको सहयोग प्राप्त भएको छ । हाम्रो अनुरोधलाई स्वीकार गरी सर्वेक्षण प्रक्रियामा सहभागी हुनु भएका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालय लेखापाल र स्थानीय जनप्रतिनिधिप्रति हामी कृतज्ञ छौँ । साथै, बैतडी, बारा, दाङ, धादिङ, कालिकोट, कञ्चनपुर, खोटाङ, मकवानपुर, पाल्पा, संखुवासभा र सर्लाही जिल्लाका तात्कालिक जिल्ला शिक्षा अधिकारी र जिल्ला समन्वय समितिलाई समेत धन्यवाद दिन चाहन्छौँ ।

त्यसैगरी, यस अनुसन्धान कार्यमा सहयोग गर्नुहुने नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका सह-सचिव डा. हरि लम्साल र उपसचिव शंकर थापाप्रति विशेष आभारी छौँ । सर्वेक्षण प्रश्नावली निर्माण

प्रक्रिया र प्रश्नावली परीक्षण (प्रि-टेस्ट) मा सहभागी भएर सहयोग गर्नुहुने चण्डी आदर्श सरल माध्यमिक विद्यालय (मावि), चाकुपाटका प्रधानाध्यापक ईश्वरप्रसाद पोखरेल, श्रीशान्ति विद्याश्रम मावि, पाटनका प्रअ दिव्यमणि ज्ञवाली, नेपाल आदर्श मावि, गणबहालका लेखापाल मुकुन्दहरि श्रेष्ठ र विद्यालय स्रोत व्यक्ति देवेन्द्र राईलाई पनि धन्यवाद छ। अनुसन्धान कार्यमा सहभागी सबै स्थलगत अनुसन्धाता साथीहरूलाई हामी यहाँ सम्झन चाहन्छौँ। उहाँहरूको उत्साहपूर्ण खटाइबिना यो अनुसन्धान पूरा हुने थिएन।

अनुसन्धानको समग्र प्रक्रियामा यो परियोजनाका पूर्व संयोजक प्रमोद भट्टको विशेष सहयोग रह्यो। मार्टिन चौतारीका पूर्व सहकर्मीद्वय जुई श्रेष्ठ र शकबहादुर बुढाथोकी पनि अनुसन्धानको प्रारम्भिक चरणमा सहभागी हुनु भएको थियो। त्यस्तै, अनुसन्धानका विभिन्न चरणमा सुवास रिसाल, सुदीपसिंह नकर्मी, उमा प्रधान, महेशनाथ पराजुली र क्यारेन भ्यालेन्टिनले पनि सहयोग पुर्‍याउनु भएको थियो। उहाँहरू सबैप्रति हामी कृतज्ञ छौँ।

यो परियोजना र अनुसन्धानमा हरतरहले सहयोग गर्नुहुने मार्टिन चौतारीका सहकर्मीहरू प्रत्यूष वन्त, देवराज हुमागाईं, किशोर प्रधान, कञ्चन केसी, बुद्ध श्रेष्ठ र पूर्व सहकर्मी रोजिना सिटौलालाई पनि धन्यवाद दिन चाहन्छौँ।

**मार्टिन चौतारी**



तस्बिर © प्रभाकर गौतम @ कालिकोट

# विषय सूची


| | | |
|---|---|---|
| **प्राक्कथन** | | ग |
| **अनुसन्धान सारांश** | | ट |
| **परिच्छेद १ :** | **परिचय** | १ |
| **परिच्छेद २ :** | **सामुदायिक विद्यालयको नेतृत्व** | ७ |
| **परिच्छेद ३ :** | **शिक्षण तथा अन्य जनशक्ति** | २३ |
| **परिच्छेद ४ :** | **विद्यालयको वार्षिक योजना, बजेट र सामाजिक परीक्षण** | ३५ |
| **परिच्छेद ५ :** | **विद्यालयको वित्त व्यवस्थापन** | ५१ |
| **परिच्छेद ६ :** | **भौतिक पूर्वाधार निर्माण प्रक्रिया** | ६७ |
| **परिच्छेद ७ :** | **विद्यार्थी सहुलियत कार्यक्रम** | ७५ |
| **निष्कर्ष** | | ७९ |
| **सन्दर्भ सूची** | | ८३ |
| **अनुसूचीहरू** | | |
| अनुसूची १.१ : | शैक्षिक सत्र २०७४ सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी भर्ना | ८५ |
| अनुसूची १.२ : | शैक्षिक सत्र २०७४ सामुदायिक र संस्थागत विद्यालयको अवस्था | ८५ |
| अनुसूची १.३ : | शैक्षिक सत्र २०७४ प्रदेशगत विद्यालय, विद्यार्थी र शिक्षक संख्या | ८६ |
| अनुसूची १.४ : | शैक्षिक सत्र २०७४ प्रदेशगत शिक्षक संख्या | ८६ |
| अनुसूची २.१ : | प्रधानाध्यापकका लागि प्रश्नावली | ८७ |
| अनुसूची २.२ : | विद्यालय व्यवस्थापन समिति (विव्यस) का अध्यक्षका लागि प्रश्नावली | ९८ |
| अनुसूची २.३ : | लेखापाल वा लेखा राख्ने व्यक्तिका लागि प्रश्नावली | १०५ |
| अनुसूची २.४ : | विद्यालयको अभिलेखबाट संकलन गर्नुपर्ने सूचना | ११२ |
| अनुसूची ३.१ : | प्रधानाध्यापकका लागि खुला प्रश्न | १२० |
| अनुसूची ३.२ : | लेखापाल वा लेखा राख्ने व्यक्तिका लागि खुला प्रश्न | १२१ |
| अनुसूची ३.३ : | जिल्ला शिक्षा अधिकारीका लागि खुला प्रश्न | १२२ |
| अनुसूची ३.४ : | विद्यालय रहेको नगरपालिका मेयर वा गाउँपालिकाका अध्यक्षका लागि खुला प्रश्न | १२३ |

# तालिका सूची

तालिका १.१ : जिल्लागत रूपमा विद्यालय संख्या ४
तालिका १.२ : जिल्लागत रूपमा सर्वेक्षित विद्यालय ४
तालिका २.१ : प्रअको लैंगिक वर्गीकरण ७
तालिका २.२ : तहगत रूपमा प्रअको वर्गीकरण ९
तालिका २.३ : भूगोल अनुसार प्रअको वर्गीकरण १०
तालिका २.४ : माथिल्लो श्रेणी र तल्लो श्रेणीमा परेका जिल्लाको प्रअको वर्गीकरण १०
तालिका २.५ : जिल्लागत रूपमा प्रअको वर्गीकरण ११
तालिका २.६ : प्रअ हुनुअघि सोही विद्यालयमा कार्यरत रहे-नरहेको १३
तालिका २.७ : विव्यस गठन भए-नभएको १४
तालिका २.८ : विव्यस अध्यक्षको लैंगिक वर्गीकरण १५
तालिका २.९ : सामुदायिक विद्यालयमा लेखा कर्मचारीको लैंगिकता १७
तालिका २.१०: सामुदायिक विद्यालयमा लेखा कर्मचारीको विवरण १७
तालिका २.११: लेखा कर्मचारीको व्यवस्था १९
तालिका २.१२: लेखा राखेबापत अतिरिक्त भत्ता २०
तालिका ३.१ : शिक्षक तथा कर्मचारीको विवरण २५
तालिका ३.२ : विद्यालयमा कार्यरत कर्मचारी विवरण २५
तालिका ३.३ : सबै तहमा र विषयमा पर्याप्त शिक्षक भए-नभएको २६
तालिका ३.४ : विद्यालयमा पर्याप्त कर्मचारी भए-नभएको २८
तालिका ३.५ : विद्यालयले आन्तरिक स्रोतबाट कर्मचारीको नियुक्त गर्दा बाहिरी दबाब २९
तालिका ३.६ : आन्तरिक स्रोतबाट नियुक्त शिक्षक/कर्मचारीले समयमै तलब पाउने-नपाउने ३०
तालिका ४.१ : विद्यालयको वार्षिक योजना तथा बजेट ३५
तालिका ४.२ : विद्यालयमा वार्षिक योजना तथा बजेट स्वीकृत गरिने-नगरिने ३७
तालिका ४.३ : सामुदायिक विद्यालय र वार्षिक सामाजिक परीक्षण ३८
तालिका ४.४ : सामाजिक परीक्षण प्रतिवेदन अभिभावक भेलामा प्रस्तुत गर्ने-नगर्ने ३८
तालिका ४.५ : सामाजिक परीक्षण निर्देशिकाबारे जानकारी ४०
तालिका ४.६ : सामाजिक परीक्षण निर्देशिका विद्यालयमा भए-नभएको ४१
तालिका ४.७ : सामुदायिक विद्यालयमा वार्षिक लेखा परीक्षण ४२
तालिका ४.८ : वित्तीय व्यवस्थापनमा माथिल्लो श्रेणी र तल्लो श्रेणीका जिल्लामा विद्यालयले प्रत्येक वर्ष लेखा परीक्षण गराउने-नगराउने ४३
तालिका ४.९ : नियमित लेखा परीक्षण हुने स्थान (जिल्लागत रूपमा) ४५
तालिका ४.१०: नियमित लेखा परीक्षण हुने स्थान (तहगत रूपमा) ४५
तालिका ४.११: पछिल्लो लेखा परीक्षणमा बेरुजू भए-नभएको ४७
तालिका ४.१२: वित्तीय व्यवस्थापनमा माथिल्लो श्रेणी र तल्लो श्रेणीका विद्यालयको पछिल्लो पटकको लेखा परीक्षणमा देखिएको बेरुजू ४८
तालिका ४.१३: पछिल्लो लेखा परीक्षणमा बेरुजू भए-नभएको (जिल्लागत रूपमा) ४८

तालिका ५.१ : विद्यालयको लेखापाल तालिम प्राप्त हो वा होइन ५२
तालिका ५.२ : आर्थिक वर्ष २०७३/७४ मा जिशिकाबाट प्राप्त अनुदान खर्च भए-नभएको ५९
तालिका ५.३ : पछिल्ला दुई आर्थिक वर्षमा बाहिरी सहयोग पाए-नपाएको ५९
तालिका ६.१ : अघिल्ला दुई वर्षमा जिशिकाबाट भौतिक निर्माणका लागि अनुदान सहयोग ६७
तालिका ७.१ : विद्यालयमा छात्रवृत्ति रकम आए-नआएको ७५



तस्बिर © प्रभाकर गौतम @ कालिकोट

# चित्र सूची


| | | |
|---|---|---|
| चित्र १.१ : | प्रदेश र भूगोल अनुसार सर्वेक्षण गरिएका जिल्ला | ६ |
| चित्र २.१ : | प्रअको जातिगत वर्गीकरण | ८ |
| चित्र २.२ : | नियुक्तिको प्रकारको आधारमा प्रअको वर्गीकरण | ९ |
| चित्र २.३ : | प्रधानाध्यापक नियुक्तिको प्रकार | १० |
| चित्र २.४ : | भौगोलिक वर्गीकरण अनुसार प्रधानाध्यापकमा नियुक्त भएको किसिम | ११ |
| चित्र २.५ : | प्रधानाध्यापकको शिक्षण अनुभव | १२ |
| चित्र २.६ : | प्रअ हुनुअघि सोही विद्यालयमा कार्यरत रहे-नरहेको | १३ |
| चित्र २.७ : | विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन प्रक्रिया | १४ |
| चित्र २.८ : | विव्यस अध्यक्षको जातिगत वर्गीकरण | १५ |
| चित्र २.९ : | विव्यस अध्यक्षको घर परिवारबाट सोही विद्यालयमा पढ्ने सदस्य | १६ |
| चित्र २.१० : | लेखा राख्ने कर्मचारीको जातिगत वर्गीकरण | १७ |
| चित्र २.११ : | लेखापालको नियुक्तिको किसिम | १८ |
| चित्र २.१२ : | तहगत रूपमा छुट्टै लेखापालको संख्या | १८ |
| चित्र २.१३ : | लेखा कर्मचारीको विषयगत योग्यता | १९ |
| चित्र ३.१ : | सबै तह/विषयमा पर्याप्त शिक्षक नहुँदाको व्यवस्थापन | २७ |
| चित्र ३.२ : | विद्यालयमा पर्याप्त कर्मचारी नहुँदाको व्यवस्थापन | २९ |
| चित्र ३.३ : | कर्मचारी नियुक्तिमा दबाबको स्रोत | २९ |
| चित्र ३.४ : | आन्तरिक स्रोतबाट नियुक्ति कर्मचारीले समयमै तलब नपाउनका कारण | ३० |
| चित्र ४.१ : | वार्षिक योजनामा समेटिने आम्दानी स्रोत | ३६ |
| चित्र ४.२ : | विद्यालयको वार्षिक योजना तथा बजेट निर्माणमा संलग्न हुनेहरू | ३६ |
| चित्र ४.३ : | विद्यालयको वार्षिक योजना तथा बजेट स्वीकृत गर्ने निकाय | ३७ |
| चित्र ४.४ : | वर्षेनी सामाजिक परीक्षण नगराउनुको कारण | ३९ |
| चित्र ४.५ : | विद्यालयको पछिल्लो सामाजिक परीक्षण | ३९ |
| चित्र ४.६ : | सामाजिक परीक्षण प्रतिवेदन अभिभावक भेलामा प्रस्तुत गर्ने-नगर्ने | ४० |
| चित्र ४.७ : | सामुदायिक विद्यालय र वार्षिक लेखा परीक्षण (तहगत रूपमा) | ४२ |
| चित्र ४.८ : | सामुदायिक विद्यालयमा वार्षिक लेखा परीक्षण (जिल्लागत रूपमा) | ४३ |
| चित्र ४.९ : | वर्षेनी लेखा परीक्षण नगराउनुको कारण | ४४ |
| चित्र ४.१० : | नियमित लेखा परीक्षण गर्ने स्थान | ४४ |
| चित्र ४.११ : | लेखा परीक्षण प्रतिवेदन विव्यसको बैठकमा पेश गरिने-नगरिने | ४६ |
| चित्र ४.१२ : | विद्यालयको पछिल्लो लेखा परीक्षण | ४६ |
| चित्र ४.१३ : | पछिल्लो लेखा परीक्षणमा बेरुजू भए-नभएको (तहगत रूपमा) | ४७ |
| चित्र ५.१ : | विद्यालयको आय-व्ययको हिसाबकिताब राख्ने व्यक्ति (प्रतिशतमा) | ५१ |
| चित्र ५.२ : | लेखा सम्बन्धी तालिम दिने निकाय | ५२ |
| चित्र ५.३ : | विद्यालयमा हिसाबकिताब राख्ने विधि | ५३ |
| चित्र ५.४ : | विद्यालयमा बैंक खाता | ५४ |
| चित्र ५.५ : | विद्यालयको चल्ती खातामा जम्मा हुने रकमको स्रोत | ५४ |

चित्र ५.६ : विद्यालयको बचत खातामा जम्मा हुने रकमको स्रोत ५५
चित्र ५.७ : विद्यालयको मुद्दती खातामा जम्मा हुने रकमको स्रोत ५५
चित्र ५.८ : बैंकसँग हिसाब मिलान ५६
चित्र ५.९ : जिशिकाबाट प्राप्त हुने रकमको शीर्षक ५६
चित्र ५.१० : जिशिकाबाट प्राप्त हुने रकमको जानकारी ५७
चित्र ५.११ : खर्च हुन नसकेको भए बाँकी रकमको व्यवस्थापन ५८
चित्र ५.१२ : आर्थिक सहयोग उपलब्ध गराउने निकाय ६०
चित्र ५.१३ : बाहिरी आर्थिक सहयोग आउने क्षेत्र ६०
चित्र ५.१४ : विद्यालयको आम्दानीका आन्तरिक स्रोत ६१
चित्र ५.१५ : विद्यालय व्यवस्थापन समितिले गर्ने आय-व्ययको अनुगमन ६३
चित्र ५.१६ : लेखा प्रणालीबारे विव्यसको अभिमत ६३
चित्र ५.१७ : प्रधानाध्यापकले लेखापालसँग सल्लाह लिने-नलिने ६४
चित्र ६.१ : पछिल्ला दुई वर्षमा जिशिकाबाट पाएको अनुदान ६७
चित्र ६.२ : भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन प्रक्रिया ६८
चित्र ६.३ : निर्माण समितिको गठन प्रक्रिया ६८
चित्र ६.४ : निर्माण कार्यका लागि बोलपत्र आह्वान प्रक्रिया ६९
चित्र ६.५ : ठेकेदारको छनोट प्रक्रिया ७०
चित्र ६.६ : विद्यालयमा सम्पन्न निर्माण कार्यको अनुगमन ७०
चित्र ६.७ : भौतिक निर्माण समयमै नसकिनुका कारण ७१
चित्र ७.१ : विद्यालयमा शैक्षिक सत्र २०७४ मा उपलब्ध छात्रवृत्ति ७६
चित्र ७.२ : विद्यालयमा छात्रवृत्ति पाउने विद्यार्थीको छनोटको आधार ७६
चित्र ७.३ : विद्यालयमा छात्रवृत्ति रकम वितरणको प्रक्रिया ७७
चित्र ७.४ : छात्रवृत्ति वितरणमा देखिएका समस्या ७७

# बक्स सूची

बक्स ३.१ : सर्वेक्षित सामुदायिक विद्यालय सम्बन्धी केही तथ्य २३
बक्स ३.२ : शिक्षक दरबन्दी मिलान २४
बक्स ३.३ : विद्यालयमा लेखा व्यवस्थापनको समस्या २७
बक्स ३.४ : शिक्षक दरबन्दी नै छैन २८
बक्स ३.५ : आन्तरिक स्रोतमा राखेका शिक्षकको तलब ३१
बक्स ४.१ : वार्षिक लेखा परीक्षण र समस्या ४१
बक्स ४.२ : सामुदायिक विद्यालयहरूको लेखा राख्ने प्रणाली ४९
बक्स ५.१ : फरक शीर्षकमा तलब ५८
बक्स ५.२ : सामुदायिक विद्यालयहरूका आन्तरिक स्रोत ६२
बक्स ५.३ : रकमान्तरको प्रचलन र औचित्य ६५
बक्स ६.१ : जिशिकाबाट प्राप्त हुने पूर्वाधार अनुदान समयमै उपलब्ध हुँदैन ७२
बक्स ७.१ : स्थानीय सरकार र विद्यार्थी-वृत्ति सहयोग ७८



तस्बिर © सन्दीप गुरुङ/युवा

# अनुसन्धान सारांश

## सामुदायिक विद्यालयको नेतृत्व

नेपालका सामुदायिक विद्यालयको नेतृत्वमा पुरुष हावी छन् । करिब ८८ प्रतिशत विद्यालयका प्रधानाध्यापक (प्रअ) पुरुष भएको पाइयो । महिला प्रअ भएका विद्यालयको संख्या सानो छ । त्यस्तै, जनीय रूपमा हेर्दा प्रअमा ब्राह्मण/क्षेत्री समुदायको वर्चस्व छ । करिब ६० प्रतिशत विद्यालयका प्रअ ब्राह्मण/क्षेत्री समुदायका छन् । विद्यालय व्यवस्थापन समिति (विव्यस) अध्यक्षमा समेत पुरुषकै बोलबाला देखिन्छ । तर जनीय रूपमा हेर्दा विव्यस अध्यक्षमा जनजाति समूहका व्यक्तिको समेत उल्लेख्य सहभागिता पाइयो । करिब ४७ प्रतिशत विव्यसको नेतृत्वमा ब्राह्मण/क्षेत्री समूहका व्यक्ति छन् भने ४० प्रतिशत विव्यसको नेतृत्वमा जनजाति समूहका व्यक्ति छन् । लेखा राख्ने व्यक्तिमा पनि ब्राह्मण/क्षेत्री पुरुषकै वर्चस्व छ । छुट्टै लेखा कर्मचारी भएका विद्यालयमध्ये ९३ प्रतिशत विद्यालयमा लेखा कर्मचारी पुरुष छन् । जनीय हिसाबले केलाउँदा करिब ६३ प्रतिशत ब्राह्मण/क्षेत्री र करिब एक चौथाई जनजाति सामुदायिक विद्यालयका लेखापाल छन् ।

## मूल नेतृत्वबारे

विद्यालय प्रशासनमा प्रअको सबैभन्दा प्रमुख भूमिका रहन्छ । उसको मातहत विद्यायलयको दैनिक प्रशासन त चल्छ नै, वार्षिक वा दीर्घकालीन योजना बनाउने वा विद्यालयलाई कता डोहोऱ्याउने भन्ने पनि प्रअकै हातमा रहेको देखिन्छ । खास गरी प्रावि/आधारभूत तह मात्र भएका विद्यालयका प्रअहरूले विद्यालयको आय-व्ययको समेत हिसाबकिताब राख्छन् । तर, प्रअको नियुक्ति र सेवा-सुविधामा समस्या छ । सामान्यतया प्रधानाध्यापकको लामै कार्यअनुभव भए पनि करिब ३५ प्रतिशत प्रधानाध्यापकको नियुक्तिको प्रकृति स्थायी होइन । तल्ला तहमा र पहाडका विद्यालयमा धेरै "अ-स्थायी"[1] शिक्षक प्रअको रूपमा कार्यरत छन् । तराई-मधेशमा प्रअ भएका मध्ये ८० प्रतिशत स्थायी शिक्षक हुन् । तर, पहाड/हिमालका ५९ प्रतिशत विद्यालयमा मात्र स्थायी शिक्षकले प्रअको रूपमा कार्य गरिरहेका छन्, बाँकी प्रअ "अ-स्थायी" हुन् । आधाजसो सामुदायिक विद्यालय "निमित्त" प्रअको भरमा चलेका रहेछन् । करिब एक तिहाई (३१ प्रतिशत) विद्यालयका प्रअको नियुक्ति "निमित्त" वाला थियो भने १६ प्रतिशत प्रअको नियुक्तिको प्रकृया "अन्य" खाले (खास गरी विव्यसले नियुक्ति दिएको) छ । विद्यालयका प्रधानाध्यापकको दरबन्दीको तह केलाउने हो भने उनीहरूको नियुक्तिको तह र उनीहरूले काम गर्ने तहबीच तादात्म्य पाइन्न । प्रावि तहमा दरबन्दी भएका शिक्षक पनि निमावि र माविको प्रअ भएका छन् ।

सबै सामुदायिक विद्यालयमा विव्यस गठन भएका छैनन् । करिब ५ प्रतिशत विद्यालयमा विव्यस गठन भएको छैन । अधिकतम विद्यालय (९१ प्रतिशत) मा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष सहमतिमा चयन भएको पाइयो । करिब एक चौथाई विव्यस अध्यक्षका आफन्तजन सो विद्यालयमा पढ्दैनन् ।

[1] यो प्रतिवेदनमा "अ-स्थायी" भन्नाले अस्थायी, राहत, पिसिएफ, निजी स्रोतमा नियुक्तहरूलाई जनाउँछ ।

## शिक्षक-कर्मचारीबारे

नेपालका सामुदायिक विद्यालयहरू "अ-स्थायी" शिक्षक/कर्मचारीको भरमा चलेका छन् । विद्यालयमा कार्यरत शिक्षक/कर्मचारीको विवरण हेर्दा दुई तिहाई (६६ प्रतिशत) जनशक्तिको जागिरको प्रकार "अ-स्थायी" रहेको देखिन्छ । अध्ययनमा संलग्न अधिकांश विद्यालयमा पर्याप्त शिक्षक (विषयगत र तहगत) एवं कर्मचारी नभएको पाइयो । शिक्षक अभावका कारण केही विद्यालयमा एकै शिक्षक/शिक्षिकाले उही समयमा "बहु कक्षा" सञ्चालन गर्छन् । कतिपय विद्यालयले नियमित कक्षा सञ्चालन गर्न सकेका छैनन् ।

करिब एक तिहाई विद्यालयमा मात्र छुट्टै लेखा राख्ने कर्मचारी छन् र बाँकी दुई तिहाई विद्यालयमा लेखा हेर्ने छुट्टै व्यक्ति छैनन् । समग्रमा लेखा राख्ने (शिक्षक/पूर्णकालीन लेखापाल) लेखापालमध्ये करिब ३३ प्रतिशत विद्यालयमा मात्र स्थायी लेखा राख्ने व्यक्ति पाइयो । कुनै पनि प्रावि र आधारभूत विद्यालयमा पूर्णकालीन पुस्तकालय कर्मचारी छैनन्, थोरै माविमा मात्र लाइब्रेरियन छन् । धेरै विद्यालयमा कार्यालय सहयोगी (पियन) को व्यवस्था भने छ ।

पर्याप्त शिक्षक-कर्मचारी नभएकामध्ये आधाभन्दा बढी विद्यालयले आन्तरिक स्रोतबाट शिक्षक नियुक्त गरेर विद्यालय सञ्चालन गरिरहेका छन् । यद्यपि, आन्तरिक स्रोतबाट नियुक्त हुने शिक्षक/कर्मचारी छनौट गर्दा समेत बाहिरी दबाब (कम्तिमा एक तिहाई विद्यालयमा) आउँछ । आन्तरिक स्रोतमा नियुक्त शिक्षक/कर्मचारीले सरकारी शिक्षक/कर्मचारी सरह तलब पाउँदैनन्; करिब १० प्रतिशतले मात्र सरकारी सरह तलब पाउँछन् । त्यसमाथि, करिब एक तिहाई विद्यालयका आन्तरिक स्रोतमा नियुक्त भएका शिक्षक/कर्मचारीले समयमै तलब समेत पाउँदैनन् ।

## विद्यालयको वार्षिक योजना, बजेट र सामाजिक परीक्षण

वार्षिक योजना तथा बजेट धेरै विद्यालयले बनाउँछन् । तर, कम्तिमा २० प्रतिशत विद्यालयमा हरेक वर्ष वार्षिक योजना तथा बजेट अझै बन्दैन । विद्यालयको वार्षिक योजना तथा बजेट बनाउने प्रक्रियामा लेखापालको समेत सधैँ सहभागिता हुँदैन । नेपालका सामुदायिक विद्यालयको ठूलो हिस्सा (करिब ९० प्रतिशत) ले वार्षिक रूपमा लेखा परीक्षण गराउँछन् । तर, करिब आधा विद्यालयमा मात्र लेखा परीक्षक विद्यालयमै आएर लेखा परीक्षण गर्छन् । बाँकीमा लेखा परीक्षकले तोकेका ठाउँमै विद्यालयको खातापाता लगेर लेखा परीक्षण गरिन्छ । खास गरी तराई तथा सुगम पहाडी जिल्लाको दाँजोमा (विकट) पहाडी जिल्लाका विद्यालयहरूको लेखा परीक्षण लेखा परीक्षकले तोकेको ठाउँमा हुने गर्छ । करिब ११ प्रतिशत विद्यालयको लेखा परीक्षणमा लेखा परीक्षकले बेरुजू "नोट" गरेका थिए ।

धेरै विद्यालयले सामाजिक परीक्षण गराउँछन् । सामाजिक परीक्षण प्रतिवेदन अभिभावक भेलामा प्रस्तुत गरिन्छ । यद्यपि, करिब ८ प्रतिशत विद्यालयमा भने यस्तो सामाजिक परीक्षण हुँदैन । अनि समग्रमा केलाउने हो भने ४० प्रतिशत विद्यालयमा या त शिक्षा मन्त्रालयले तयार पारेको सामाजिक निर्देशिकाबारे जानकारी छैन, र जानकारी भए तापनि सो निर्देशिका उपलब्ध छैन ।

## विद्यालयको आम्दानी र वित्तीय व्यवस्थापन

प्राय: सामुदायिक विद्यालयलाई जिशिकामार्फत तीन ओटा शीर्षक—शिक्षकको तलब, पाठ्यपुस्तक तथा छात्रवृत्ति, र मसलन्द—मा सरकारी अनुदान रकम प्राप्त हुन्छ । करिब आधाजति विद्यालयले निर्माण तथा

मर्मत शीर्षकमा र करिब २२ प्रतिशत विद्यालयले पुस्तकालयको लागि समेत सहयोग पाउँछन् । तर, यसरी जिशिकाबाट अघिल्लो आर्थिक वर्षमा प्राप्त भएको रकममध्ये करिब चौथाई विद्यालयले सोही वर्ष सबै रकम खर्च गर्दैनन् । कतिपय विद्यालयले जिशिकाबाट प्राप्त हुने रकम समेत शीर्षक परिवर्तन (रकमान्तर) गरेर खर्च गर्छन्, यद्यपि लिखतबाट सो कुरा पुष्टि नहुन सक्छ । सामुदायिक विद्यालयको एउटा ठूलो हिस्सा (करिब ४० प्रतिशत) ले जिशिका मार्फत प्राप्त हुने अनुदान बाहेक अन्य सहयोग पाउँदैनन् । विद्यार्थीबाट उठेको सहयोग शुल्क, चन्दा तथा दान, र वेलाबखत विभिन्न गैरसरकारी निकायबाट प्राप्त हुने सहयोग विद्यालयका प्रमुख आम्दानीका स्रोत हुन् । केही विद्यालयले भने स्थानीय निकाय, विभिन्न गैरसरकारी संघ-संस्था र सामुदायिक वन आदिबाट समेत आम्दानी गर्छन् । आन्तरिक स्रोत नहुने विद्यालयको संख्या पनि उल्लेख्य छ । सामुदायिक विद्यालयमा हुने विभिन्न वित्तीय कारोबारलाई विव्यस वा यसका अध्यक्षले सामान्य अनुगमन गर्छन् ।

विद्यालयको सञ्चालन, व्यवस्थापनमा प्रअ हावी हुन्छन् भन्ने कुरा उनीहरू विद्यालयको हिसाबकिताब राख्नमा संलग्न हुने गरेकाले पनि थप पुष्टि गर्छ । करिब ६० प्रतिशत प्रअले विद्यालयको लेखा राख्दा रहेछन् । खास गरी प्राथमिक वा आधारभूत तहमा प्रअहरू हिसाबकिताब राख्नेमा समेत संलग्न हुँदा रहेछन् । यसको पछाडि लेखा कर्मचारीको अनुपलब्धता प्रमुख कारण हो । विद्यालयमा लेखा राख्ने काममा संलग्नहरूको ठूलो हिस्सा (७० प्रतिशतभन्दा बढी) ले लेखा सम्बन्धी तालिम पाएका छैनन् । विद्यालयहरूको आय-व्ययको हिसाब मूलत: बहिखातामा राखिन्छ । सामुदायिक विद्यालयसँग एक वा एकभन्दा बढी बैंक खाता छन् । करिब ४२ प्रतिशत विद्यालयका आफ्ना मुद्दती खाता समेत छन् भने २३ प्रतिशतका बचत खाता छन् । सरकारले मासिक रूपमा बैंकसँग हिसाब मिलान गर्न जोड दिए पनि एक तिहाईले वार्षिक र करिब ४३ प्रतिशतले बैंकसँग चौमासिक मात्र हिसाब मिलान गर्छन् ।

## भौतिक पूर्वाधार निर्माण प्रक्रिया

सामुदायिक विद्यालयहरूमध्ये करिब दुई तिहाईले पछिल्ला दुई आर्थिक वर्षभित्र (२०७२/७३ वा २०७३/७४) मा कुनै न कुनै खाले भौतिक निर्माणका लागि जिल्ला शिक्षा कार्यालयबाट अनुदान प्राप्त गरेका थिए । करिब तीन चौथाई सामुदायिक विद्यालयका भौतिक निर्माण कार्यहरू निर्माण समिति बनाएर गरिन्छन् । करिब २१ प्रतिशत विद्यालयले आफ्नो भौतिक निर्माणको काम ठेक्का मार्फत र करिब १२ प्रतिशतले आफैले अमानतमा गरेको पाइयो । सामुदायिक विद्यालयमा सरकारी अनुदानबाट प्राप्त रकमबाट भौतिक निर्माणका कार्य हुँदा सोको अनुगमन मूलत: (करिब ७१ प्रतिशत) जिल्ला शिक्षा कार्यालयका इन्जिनियरले गर्छन् ।

## विद्यार्थी सहुलियत कार्यक्रम

अहिले नेपालका प्राय: सामुदायिक विद्यालयममा छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति पुगेको छ । एक चौथाई विद्यालयले सीमान्तीकृत वा पिछडिएको वर्ग छात्रवृत्ति र गरिब तथा जेहेन्दार छात्रवृत्तिको व्यवस्था समेत आफ्नो विद्यालयमा भएको जानकारी दिए । सीमित जिल्लामा लागू भएका दिवा खाजा, मेधावी विद्यार्थी छात्रवृत्ति र शहीद छात्रवृत्ति करिब १० प्रतिशत विद्यालयमा पुगेको पाइयो । करिब दुई तिहाई विद्यालयमा यी विभिन्न खाले छात्रवृत्ति सरकारले व्यवस्था गरेको निर्देशिका अनुसार नै वितरण हुन्छन् भने बाँकीमा अन्य तवरबाट पनि छात्रवृत्ति वितरण गरिन्छ । केही विद्यालयले निर्देशिका भन्दा बाहिर गएर आर्थिक स्थिति कमजोर भएका अन्य प्रवर्गका विद्यार्थीलाई समेत (दामासाहीमा) छात्रवृत्ति रकम बाँड्छन् । छात्रवृत्ति अपुग हुने, समयमा छात्रवृत्ति रकम उपलब्ध नहुने जस्ता समस्या विद्यार्थी सहुलियत कार्यक्रममा छन् ।

## परिवर्तित परिस्थिति र स्थानीय जनप्रतिनिधिहरूको सोच

संघीय गणतान्त्रिक नेपालको संविधान, २०७२ कार्यान्वयनमा जाँदै गर्दा खास गरी विद्यालय शिक्षाको क्षेत्रमा ठूलै हलचल मच्चिएको छ। नयाँ संविधानको अनुसूची ८ मा प्रस्ट रूपमा विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको क्षेत्राधिकारभित्र राखिएको छ। संविधानप्रदत्त उक्त अधिकारको बाँडफाँडलाई व्यवस्थित गर्न संघीय सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नेतृत्व गरेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा ल्यायो। यो ऐनले आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा सञ्चालन र व्यवस्थापन स्थानीय सरकार मातहत राख्दै स्थानीय तहमा शिक्षा नीति, ऐन नियम बनाउनेदेखि लिएर विद्यालय सञ्चालन, नियमन, अनुगमन र शिक्षक र कर्मचारीको दरबन्दी मिलान जस्ता अधिकार स्थानीय सरकारलाई दियो।

संविधान र खास गरी स्थानीय सरकार सञ्चालन ऐनले तोकेबमोजिम पछिल्लो समय विभिन्न स्थानीय सरकार (नगर/गाउँ पालिका) ले विद्यालय शिक्षासम्बन्धी स्थानीय ऐन, नियम र निर्देशिका बनाउने कार्यलाई अगाडि बढाएका छन्। यस क्रममा गएको दुई वर्षमा ऐन र नियम बनाएर वा नबनाई केही जिल्लामा स्थानीय सरकारले विद्यालय शिक्षा सञ्चालनमा आफ्नो सक्रियता देखाएका छन्। विद्यालय सञ्चालन गर्ने विषयमा स्थानीय सरकार र शिक्षक संघ-संगठनका प्रतिनिधिबीच विवाद बढ्दै गएपछि पुस २०७५ मा शिक्षा मन्त्रालयको आग्रहमा संघीय मामिला मन्त्रालयले राष्ट्रिय शिक्षा ऐन नबनेसम्म स्थानीय सरकारलाई स्वतन्त्र ढंगले शिक्षा सम्बन्धी कानुन बनाउनमा रोक लगाएको छ। त्यस्तै, स्थानीय सरकारका कदमविरुद्ध विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक र शिक्षक तथा शिक्षक संगठनका प्रतिनिधि अदालत समेत पुगेका छन्। केही मुद्दामा अदालतहरूबाट “तत्काल कार्यान्वयन नगर्न” आदेश जारी भएका छन्। यद्यपि, ती मुद्दा अदालतमा अझै विचाराधीन छन्। त्यसैले संवैधानिक प्रावधान बमोजिम स्थानीय सरकार मातहत विद्यालय तहको शिक्षाको प्रबन्धन गर्ने क्रममा केही गम्भीर समस्या सिर्जना भएका छन्। खास गरी शिक्षकहरूका संघ-संगठनको प्रतिरोध, र संघीय सरकार तथा कर्मचारी संयन्त्रको समेत असहयोगका कारण शिक्षा क्षेत्रमा संघीयताको जुन परिकल्पना गरिएको हो सो कारगर हुनेमा आशंका व्यक्त गरिएको छ।

विद्यालय शिक्षा संविधानतः स्थानीय सरकारमा गइसकेपछि स्थानीय जनप्रतिनिधिले विद्यालय शिक्षाको सुधारमा के सोचिरहेका छन्; विद्यालय सुधारका लागि के-कस्ता योजना बनाइरहेका छन् भन्ने कुरा पनि यो अनुसन्धानमा जान्न-बुझ्न खोजिएको थियो। एघार जिल्लाका ११९ निर्वाचित जनप्रतिनिधिसँग गरिएका वार्ताहरूलाई विश्लेषण गर्दा उनीहरूले सामुदायिक विद्यालयको सुधारका लागि मूलत: छ ओटा विषयलाई बारम्बार उठाए। ती विषय हुन् : १) सामुदायिक विद्यालयका कक्षामा अंग्रेजी माध्यममा पढाउन शुरू गर्ने; २) विद्यालय शिक्षा सम्बन्धी स्थानीय तवरमा ऐन-नियम बनाउँदै शिक्षण संस्थालाई नियमित अनुगमन गर्ने; ३) आफ्नो स्थानीय क्षेत्रमा कार्यरत शिक्षकका दरबन्दी मिलान गर्ने र अपुग शिक्षण जनशक्तिको व्यवस्थापन गर्न ध्यान दिने; ४) विद्यालयको भौतिक पूर्वाधार (भवन, खेलमैदान, शौचालय, तारबार आदि) का लागि आवश्यक रकम व्यवस्थापन गर्ने; ५) विद्यालयमा पुस्तकालय, कम्प्युटर, इमेल-इन्टरनेट, इ-पुस्तकालय व्यवस्था गर्ने; र ६) शिक्षक-शिक्षिकालाई आवश्यक तालिमको व्यवस्थापन गर्ने। प्रायः जनप्रतिनिधिहरूले निजी विद्यालयलाई नमुना या आदर्श मानेको र तिनको सञ्चालन प्रक्रियालाई नक्कल गरेर सामुदायिक विद्यालय सुधार गर्न सकिन्छ भन्ने धारणा उनीहरूमा रहेको पाइयो। वार्ता गरिएका जनप्रतिनिधिमध्ये धेरैले सामुदायिक विद्यालयमा पनि निजी विद्यालयमा झैँ अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न सके सामुदायिक विद्यालयतर्फ स्थानीयलाई आकर्षण गर्न सकिने ठानेको पाइयो।


तस्बिर © नारायण भण्डारी @ बैतडी



तस्बिर © रवीन्द्र ढकाल @ खोटाङ

परिच्छेद १

# परिचय

## विद्यालय शिक्षाको वर्तमान अवस्था

२००७ सालमा जब नेपालबाट १०४ वर्षे राणा शासन अन्त भयो तब नेपालको साक्षरता दर दुई प्रतिशतभन्दा कम थियो। मुलुकभर जम्मा एउटा कलेज, २१ ओटा माध्यमिक विद्यालय र ३११ प्राथमिक विद्यालय थिए। ती सबैमा गरी करिब दश हजार विद्यार्थी अध्ययनरत थिए (श्री ५ को सरकार २०१८)। आज, करिब सात दशकपछि, मोटो तथ्यांकलाई मात्र हेर्ने हो भने नेपालले शिक्षा क्षेत्रमा उल्लेख्य प्रगति गरेको देख्न सकिन्छ।

अहिले, मुलुकभर सामुदायिक र संस्थागत गरी जम्मा ३५,६०१ विद्यालय सञ्चालनमा छन्, जसमध्ये सामुदायिक विद्यालयको संख्या मात्र २९,०३५ (करिब ८२%) छ (नेपाल सरकार २०७५)। त्यस्तै, अहिले करिब ७४ लाख विद्यार्थीमध्ये ६१ लाख विद्यार्थी (८२%) सामुदायिक विद्यालयमा पढिरहेका छन्।[१] विद्यालय शिक्षा सम्बन्धी सरकारले प्रकाशित गरेको २०७४–७५ को "फ्ल्याश रिपोर्ट" अनुसार विद्यालयमा पढ्ने कुल विद्यार्थीमध्ये ५१ प्रतिशत छात्रा छन्।[२]

सामुदायिक विद्यालयमा कार्यरत कुल १,४७,५३८ शिक्षकमध्ये १,०९,११८ स्वीकृत दरबन्दीमा र करिब ३८,४२० राहतमा कोटामा कार्यरत छन्। यसबाहेक, विद्यालयले आन्तरिक स्रोतमा राखेका शिक्षकको संख्या समेत ठूलो छ, यद्यपि यो संख्या यति नै छ भन्ने तथ्यांक सार्वजनिक रूपमा उपलब्ध छैन। यी विवरणले नेपालको विद्यालय शिक्षाको गुणस्तर सामुदायिक विद्यालयमा निर्भर रहेको देखाउँछ।[३]

राणा कालदेखि नै नेपालका सरकारहरूले शिक्षा क्षेत्रलाई सञ्चालन, नियन्त्रण र नियमन (गभर्न) गर्नका लागि विभिन्न नियम-विनियम-निर्देशिका बनाएर कार्यान्वित गर्दै आएको पाइन्छ। विद्यालयमा के पढाउने, कसरी पढाउने, कसले पढाउनेदेखि विद्यालय कसरी सञ्चालन गरिनुपर्छ, विद्यालयको हिसाबकिताब कसरी राखिनुपर्छ जस्ता विषयमा सरकारी चासो छ। सरकारले त्यसका लागि आवश्यक संस्था, संरचना र नियम-कानुन बनाएको छ।

नेपालको संविधान, २०७२ ले विद्यालय शिक्षालाई अनिवार्य (आधारभूत तहसम्म) र नि:शुल्क (माध्यमिक तहसम्म) समेत भनेको छ। नयाँ संविधानले विद्यालय शिक्षालाई स्थानीय सरकारको मातहत सञ्चालन हुने शैक्षिक संस्थाको रूपमा परिकल्पना गरेको छ। नयाँ संविधान अन्तर्गत मंसिर २०७४ बाट स्थानीय सरकारहरू गठन गरिएकाले नयाँ परिवेशमा यी सामुदायिक शिक्षण संस्थाहरूको सञ्चालन प्रक्रिया कसरी अघि बढ्ने हो अझै प्रस्ट भएको छैन। सरकारी भनिएका शिक्षक र अन्य स्रोत व्यक्ति जस्ता पदाधिकारीहरू स्थानीय सरकार मातहत रहन्छन्-रहँदैनन्, नरहँदा त्यसले स्थानीय निकायको मातहत शिक्षालयहरू सारमा

[१] बाल विकास/शिशु कक्षामात्र सञ्चालन गर्ने विद्यालय संख्या र तिनमा भर्ना भएका विद्यार्थीलाई यसमा समावेश गरिएको छैन।

[२] यसले विद्यालय शिक्षामा लैंगिक सन्तुलन (जेन्डर प्यारिटी) भएको देखाँउछ। प्रादेशिक रूपमा विद्यालयमा तहमा लैंगिक विभाजनका लागि नेपाल सरकार (सन् २०१८) हेर्नुहोस्।

[३] विद्यालय शिक्षाबारे थप जानकारीका लागि उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको पछिल्लो प्रतिवेदन (नेपाल सरकार २०७५) हेर्नुहोस्। यद्यपि, प्रतिवेदन सरकारले औपचारिक रूपमा अहिलेसम्म सार्वजनिक गरेको छैन।

आउँछन्-आउँदैनन् ? यी यावत जटिलताहरू आउँदा दिनमा प्रस्टिदै जाने र तिनको प्रभावकारी व्यवस्थापनले मात्रै विद्यालय शिक्षा प्रभावकारी रूपमा अगाडि बढ्न सक्ने प्रस्टै छ ।[४]

## अनुसन्धानको उद्देश्य

नेपालको सामुदायिक विद्यालयको समग्र स्थिति नपहिल्याई नेपालको विद्यालय शिक्षाको अवस्था बुझ्न असम्भवप्राय: छ । त्यसैले यो सर्वेक्षणको मुख्य उद्देश्य नेपालका सामुदायिक विद्यालयको शासन-व्यवस्थापन-सञ्चालन प्रक्रिया (गभर्नेन्स) लाई बुझ्नु रहेको छ । खास गरी, सामुदायिक विद्यालयको समग्र नेतृत्व कस्तो छ ? विद्यालयमा के कस्तो जनशक्ति विद्यमान छ ? विद्यालयमा वार्षिक योजना र बजेट कसरी बन्छन् ? विद्यालयको आय-व्यय राख्ने प्रणाली के कस्तो छ ? विद्यालयले वित्त व्यवस्थापन (आर्थिक स्रोत परिचालन) कसरी गरिरहेका छन् ? र विद्यालयमा हुने भौतिक पूर्वाधार निर्माण प्रक्रिया के कसरी सञ्चालन हुन्छन ? जस्ता विद्यालय सञ्चालन प्रक्रियाका मूलभूत प्रश्नमा यो सर्वेक्षण केन्द्रित छ । नेपाल सरकारले विद्यालय शिक्षा क्षेत्र "गभर्न" गर्न बनाएका विभिन्न ऐन, नियम, विनियम, निर्देशिका, "म्यानुयल"[५] आदि व्यावहारिक रूपमा कति लागू भइरहेका छन् भन्ने विषयलाई पनि यस सर्वेक्षणमा परीक्षण गर्न खोजिएको छ ।

## अनुसन्धान विधि र प्रक्रिया

यो अनुसन्धान मूलत: सर्वेक्षण हो । तथापि, यसमा केही गुणात्मक विधि समेत प्रयोग गरेर थप तथ्यांक संकलन गरिएको छ । विद्यालय सञ्चालन प्रक्रियामा सहभागी हुने तीन मुख्य व्यक्ति—प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष[६] र लेखा राख्ने प्रमुख कर्मचारी (लेखापाल)[७]—सँग छुट्टाछुट्टै प्रश्नावली भराइएको थियो । यी तीन थरी व्यक्तिका अतिरिक्त सर्वेक्षकहरूले विद्यालय सञ्चालनका विविध पक्षबारे प्रअ, लेखापाल, जिल्ला शिक्षा अधिकारी र स्थानीय निकाय (नगरपालिका/गाउँपालिका) का प्रमुख/उपप्रमुख वा वडा अध्यक्ष वा स्थानीय प्रतिनिधिसँग केही पूर्व निर्धारित खुला प्रश्नमा आधारित रही अन्तर्वार्ता समेत गरेका थिए । साथै, विद्यालयबाट आवश्यक तथ्यांक संकलन गर्नका लागि "विद्यालयको अभिलेखबाट संकलन गर्नुपर्ने सूचना" सम्बन्धी छुट्टै प्रश्नावली (चेकलिष्ट) समेत तयार गरिएको थियो

---

[४] शिक्षक संघ-संगठन र शिक्षा मन्त्रालयका पदाधिकारीहरू विद्यालय शिक्षा स्थानीय सरकार मातहत रहने प्रावधानप्रति बेखुसी छन् । उनीहरू भरसक पुरानै संरचना कायम राख्न चाहन्छन् (मार्टिन चौतारी सन् २०१९) ।

[५] उदाहरणका लागि शिक्षा ऐन (नेपाल सरकार २०७४); शिक्षक सेवा आयोग नियमावली, २०७१ (नेपाल सरकार २०७१ख); सामाजिक परीक्षण निर्देशिका (शिक्षा विभाग २०७२); विद्यालय लेखाङ्कन दिग्दर्शन (शिक्षा विभाग २०७४); सार्वजनिक/सामुदायिक पुस्तकालय अनुदान कार्यविधि (शिक्षा विभाग २०७४); छात्रवृत्ति सम्बन्धी नियमावली (नेपाल सरकार २०७२); शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका (नेपाल सरकार २०६८) आदि हेर्नुहोस् । विद्यालय शिक्षालाई व्यवस्थित गर्ने नाउँमा पछिल्ला वर्षमा चाँडचाँडै शिक्षा ऐन संशोधन भएका छन् । जस्तै, शिक्षा ऐन, २०२८ को आठौँ संशोधन १५ असार २०७३ मा भएको थियो जसको नवौँ संशोधन ७ कात्तिक २०७४ गरियो ।

[६] विव्यस गठन भएका १९० विद्यालयमध्ये ९ विद्यालयमा विव्यस अध्यक्षको अनुपस्थितिमा सदस्यसँग अन्तर्वार्ता गरिएको थियो । त्यसैले यो प्रतिवेदन मूलतः विव्यस अध्यक्षसँग गरिएको हुँदा, प्रतिवेदनमा विव्यस अध्यक्ष भनेर लेखिएको छ ।

[७] सबै विद्यालयमा छुट्टै लेखा राख्ने कर्मचारी थिएनन् । यस्तो अवस्थामा मूलत: प्रधानाध्यापक वा निजले तोकेको शिक्षकले लेखा राख्ने गरेको पाइयो । लेखा राख्ने छुट्टै कर्मचारी भएको खण्डमा निजसँग र नहुँदा जसले लेखा राख्ने गरेको छ उसैसँग सर्वेक्षण प्रश्नावाली भराइएको थियो ।

(सर्वेक्षणमा सोधिएका प्रश्नावली र विद्यालयको अभिलेखबाट संकलन गर्नुपर्ने सूचना सम्बन्धी फारामका लागि अनुसूची २.१–३.४ हेर्नुहोस्) ।

सर्वेक्षणका लागि २०० विद्यालयको चयन गरिएको थियो । सामुदायिक विद्यालयको सञ्चालन प्रक्रिया सम्बन्धमा यो अनुसन्धानको मुख्य चासो भएकाले सर्वेक्षण गरिने विद्यालय चयनको मूल आधार नेपाल सरकारको महालेखा परीक्षकको वार्षिक प्रतिवेदनलाई बनाइएको थियो । आर्थिक वर्ष २०७०/७१ को महालेखा परीक्षकको प्रतिवेदनमा जिल्लागत रूपमा विद्यालय शिक्षामा भएको खर्च, सोही वर्ष देखिएको बेरुजू, जिल्लामा भएको अनियमितता र जिल्लाले फिर्ता गर्नुपर्ने रकमलाई मूल आधार बनाइ समग्र "इन्डेक्स" तयार गरिएको थियो । यो इन्डेक्स तयार पार्दा जिल्लाले फिर्ता गर्नुपर्ने रकमको प्रतिशतलाई ५० प्रतिशत तथा बेरुजू र अनियमितता प्रतिशतलाई २५ प्रतिशत "वेटेज" दिइएको थियो । महालेखा परीक्षकले जिल्लाले फिर्ता गर्नुपर्ने रकम भनेर उल्लेख गरेकाले यो रकममा अनियमितता भएको हुन सक्छ भन्ने आधारमा यसलाई बढी महत्त्व दिइएको थियो । यो इन्डेक्सलाई आधार मानेर सर्वेक्षणका लागि माथिल्लो श्रेणीमा पर्ने (राम्रो गर्ने) १० ओटा र पुछारमा परेका (नराम्रो गर्ने) १० ओटा जिल्ला छानिएको थियो । यसरी छनोटमा परेका २० जिल्ला मध्येबाट ११ ओटा जिल्ला छानिएको थियो । सकेसम्म सर्वेक्षण गर्ने जिल्लाको छनोट गर्दा हिमाल, पहाड, तराई तथा पुरानो विकास क्षेत्र र सातै ओटा प्रदेशको प्रतिनिधित्व होस् भन्ने पक्षलाई समेत ध्यान दिइएको थियो । सर्वेक्षणका लागि छानिएका जिल्ला : बैतडी, कञ्चनपुर, कालिकोट, दाङ, पाल्पा, धादिङ, बारा, मकवानपुर, सर्लाही, खोटाङ र संखुवासभा रहेका छन् (तालिका १.१) ।

जिल्ला छनोट गरिसकेपछि यी जिल्लामा रहेका सबै विद्यालयको सूची तयार पारिएको थियो । ११ जिल्लामा रहेका प्राथमिक विद्यालय (प्रावि), निम्न माध्यमिक विद्यालय (निमावि), माध्यमिक विद्यालय (मावि) र उच्च माविको एकीकृत सूची बनाइएको थियो । यी जिल्लामा रहेका ४,७१७ विद्यालयबाट कम्प्युटर सफ्टवेयर मार्फत २०० विद्यालय "र्‍याण्डमली" चयन गरिएको थियो । उच्च/माविमा आय-व्यय बढी हुने, स्रोत बढी भएपछि चहलपहल बढ्ने हुँदा यसलाई थप "वेटेज" दिइएको थियो । यसरी सर्वेक्षणमा परेका २०० विद्यालयमध्ये प्रावि सबैभन्दा धेरै (४५.५ प्रतिशत), र क्रमशः निमावि (२० प्रतिशत), मावि (२० प्रतिशत) र उच्चमावि (१४.५ प्रतिशत) रहेका थिए (तालिका १.२) ।

सर्वेक्षण माघ–चैत २०७४ मा दुई चरणमा सम्पन्न गरिएको थियो । पहिलो चरणमा छ जिल्ला : बैतडी, दाङ, कालिकोट, कञ्चनपुर, खोटाङ र संखुवासभा र दोस्रो चरणमा पाँच जिल्ला : पाल्पा, धादिङ, मकवानपुर, बारा र सर्लाहीमा गरिएको थियो । यस सर्वेक्षणमा १९९ प्रधानाध्यापक, १९८ लेखापाल र १९० विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गरी कुल ५८७ जना सहभागी भएका थिए । त्यसैगरी, विद्यालयको अभिलेखबाट संकलन गर्नुपर्ने सूचनाका लागि भिन्नै प्रश्नावली फाराम तयार गरिएको थियो (अनुसूची २.४) । साथै, ११ जना जिल्ला शिक्षा अधिकारी र ११९ जना स्थानीय सरकारका प्रतिनिधिसँग खुला प्रश्नावलीमा आधारित अन्तर्वार्ता समेत गरिएको थियो (अनुसूची ३.३ र ३.४) । यसका अतिरिक्त सम्बन्धित विद्यालयमा राखिएका दस्तावेज, लेखा परीक्षण प्रतिवेदन, आन्तरिक लेखा परीक्षण गर्ने विद्यालय भए सोको विवरण र अन्य दस्तावेजको समेत अध्ययन गरिएको थियो ।

मार्टिन चौतारीमा शिक्षा सम्बन्धी अनुसन्धानमा संलग्न अध्येताले यस सर्वेक्षणको प्रारम्भिक प्रश्नावली तयार गरेका थिए । विद्यालय "गभर्नेन्स" क्षेत्रमा लामो समय कार्यरत दुई जना विज्ञले सो सर्वेक्षण प्रश्नावलीलाई थप परिमार्जन गरेका थिए । ९ कात्तिक २०७४ मा एक कार्यक्रम आयोजना गरी यस परिमार्जित प्रश्नावलीलाई विद्यालयका प्रअ, लेखापाल, स्रोतव्यक्ति मार्फत परीक्षण (प्रि-टेस्ट) गरी थप संशोधन समेत गरिएको थियो । सर्वेक्षणबाट प्राप्त प्रश्नावलीलाई एसपीएसएस सफ्टवेयरको मद्दतले विश्लेषण गरिएको थियो ।

**तालिका १.१ : जिल्लागत रूपमा विद्यालय संख्या**

| जिल्ला | प्रावि | निमावि | मावि र उच्च मावि | जम्मा |
|---|---|---|---|---|
| बैतडी | ३२९ | १०३ | १११ | ५४३ |
| बारा | २४३ | ७३ | ६५ | ३८१ |
| दाङ | २४३ | ७६ | ९१ | ४१० |
| धादिङ | ३५६ | ८४ | १२४ | ५६४ |
| कालिकोट | १७८ | ५१ | ५१ | २८० |
| कञ्चनपुर | ९७ | ६० | १०५ | २६२ |
| खोटाङ | ३१९ | ८४ | ९० | ४९३ |
| मकवानपुर | ३४५ | ८३ | ९० | ५१८ |
| पाल्पा | २४२ | ८४ | ११५ | ४४१ |
| संखुवासभा | २४९ | ६२ | ६३ | ३७४ |
| सर्लाही | ३१६ | ५५ | ८० | ४५१ |
| **जम्मा** | **२,९१७** | **८१५** | **९८५** | **४,७१७** |
| **प्रतिशत** | **६१.८४** | **१७.२८** | **२०.८८** | **१००.००** |

*स्रोत : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (सन् २०१७)।*

**तालिका १.२ : जिल्लागत रूपमा सर्वेक्षित विद्यालय**

| जिल्ला | प्रावि | निमावि | मावि | उच्च मावि | जम्मा |
|---|---|---|---|---|---|
| बैतडी | ११ | ५ | ४ | ५ | २५ |
| बारा | ७ | ४ | २ | २ | १५ |
| दाङ | ६ | १ | ४ | २ | १३ |
| धादिङ | ११ | २ | ७ | ३ | २३ |
| कालिकोट | ८ | ३ | ० | २ | १३ |
| कञ्चनपुर | १ | ३ | ३ | १ | ८ |
| खोटाङ | १३ | ५ | ४ | २ | २४ |
| मकवानपुर | ४ | ६ | २ | ५ | १७ |
| पाल्पा | ४ | ४ | ७ | २ | १७ |
| संखुवासभा | १५ | ३ | २ | २ | २२ |
| सर्लाही | ११ | ४ | ५ | ३ | २३ |
| **जम्मा विद्यालय** | **९१** | **४०** | **४०** | **२९** | **२००** |
| **प्रतिशत** | **४५.५०** | **२०.००** | **२०.००** | **१४.५०** | **१००** |

यो सर्वेक्षणमा पहिलो चरणमा २८ जना र दोस्रो चरणमा ३२ जना स्थलगत अनुसन्धाता (सर्वेक्षक) सहभागी भएका थिए। सर्वेक्षक फिल्डमा जानुभन्दा अघि (२१–२२ माघ २०७४) सर्वेक्षणको उद्देश्य, प्रक्रिया र सर्वेक्षण प्रक्रियामा अपनाउनु पर्ने "प्रोटोकल" बारे दुई दिने प्रशिक्षण कार्यशाला आयोजना गरिएको थियो। प्रत्येक विद्यालयमा दुई जना सर्वेक्षकले विद्यालयको सर्वेक्षण गर्ने प्रावधान राखिएको थियो। साथै, सर्वेक्षकले सर्वेक्षणमा परेका विद्यालयमा कम्तीमा दुई दिन बिताउनु पर्थ्यो। सर्वेक्षकले सर्वेक्षण गर्दा विद्यालयबारे

उनीहरूमा परेको "इम्प्रेशन नोट" तयार गर्न लगाइएको थियो (मार्टिन चौतारी सन् २०१८) । यसका अतिरिक्त सम्बन्धित विद्यालयमा लेखा प्रणालीका साथसाथै आन्तरिक लेखा परीक्षण, बाह्य लेखा परीक्षण एवं सामाजिक लेखा परीक्षण लगायतका दस्तावेजको व्यवस्थापन के-कसरी गरिएको छ यसबारे अवलोकन गरी विद्यालयको स्थिति पहिचान गर्न समेत भनिएको थियो । सर्वेक्षकले सम्भव भएसम्म विद्यालयको लेखा परीक्षण प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन संकलन गरेका थिए । सर्वेक्षणमा सहभागी प्रत्येक विद्यालय र विद्यालयको भौतिक पूर्वाधार स्थिति बताउने तस्विर समेत सर्वेक्षकले खिचेर ल्याएका थिए । यी सामग्रीलाई समेत प्रतिवेदन लेखनमा आधार बनाइएको छ । सर्वेक्षण सम्पन्न भएपश्चात १३ चैत २०७४ मा सर्वेक्षकले सर्वेक्षणका क्रममा भोगेका, देखेका अनुभव आदान प्रदान गर्ने उद्देश्यले एक कार्यशाला आयोजना गरिएको थियो । कार्यशालामा सर्वेक्षकले प्रस्तुत गरेका धारणालाई समेत प्रतिवेदन लेखनमा ध्यान दिइएको छ ।

सर्वेक्षणमा सामुदायिक विद्यालयका तीन जनै मुख्य नेतृत्वकर्ता (प्रअ, विव्यस अध्यक्ष र लेखापाल) सँग कतिपय उही खाले प्रश्न गरेका थियौँ । उनीहरूका उत्तरमा के-कस्तो भिन्नता (भ्यारिएशन) आउँछ भनेर जाँच्न खोजिएको थियो । भिन्नता त आयो तर धैरै प्रश्नमा त्यो भिन्नता त्यति ठूलो देखिएन । केही प्रश्न, जसमा अलि धैरै भिन्नता आएको छ, त्यो प्रतिवेदनमा उल्लेख गरेका छौँ । जहाँ "उल्लेख्य" (सिग्निफिकेन्ट) भिन्नता देखिन्न त्यहाँ हामीले प्रधानाध्यापकको उत्तरलाई आधिकारिक मानेका छौँ, किनकि धैरै हिसाबले प्रअ विद्यालयको सर्वेसर्वा देखिन्छन् । धैरै विद्यालयमा प्रअ नै लेखा राख्ने व्यक्ति छन् भने अन्य प्रकरण या काममा पनि विषयमा प्रअको भूमिका सर्वोपरी देखिन्छ । विद्यालय व्यवस्थापन समितिको पनि एउटा प्रमुख व्यक्ति प्रअ हुने भएकाले प्रअको विद्यालय सञ्चालनमा प्रमुखतम् भूमिका हुने देखियो ।

सर्वेक्षणबाट प्राप्त तथ्यांकहरूलाई हामीले विभिन्न तरिकाले केलाएका थियौँ । खास गरी सर्वेक्षणका लागि हामीले महालेखा परीक्षकको कार्यालयको प्रतिवेदनमा वित्तीय हिसाबमा "गतिला" र "अगतिला" वा "राम्रा/नराम्रा" देखिने (माथिल्लो र तल्लो श्रेणी) जिल्ला छानेका थियौँ । त्यसैले तथ्यांक विश्लेषण गर्दा यो चर (भेरिएबल) ले के-कस्तो फरक पार्दो रहेछ भनेर हेर्न चाहेका थियौँ । हामीले जान्न चाहेका विद्यालय गभर्नेन्सका विभिन्न पाटामा यसले खासै ठूलो भिन्नता देखाएन । जहाँ भिन्नता देखिएको छ, त्यो हामीले प्रतिवेदनमा उल्लेख गरेका छौँ । "तात्त्विक" भिन्नता नदेखिनुको एउटा कारण एउटै जिल्लाभित्र यथेष्ट विविधता हुनु पनि हो—अर्थात् एउटा "माथिल्लो श्रेणी" मा परेको जिल्लामा "गतिला" र "अगतिला" दुवै थरी विद्यालय छन् । सोही कुरा "तल्लो श्रेणी" मा परेको जिल्लाबारे पनि भन्न सकिन्छ । हामीले यसबाहेक तथ्यांकलाई भौगोलिक हिसाबले (तराई-मधेश र पहाड-हिमालका जिल्ला), सुगमताका हिसाबले (ग्रामीण र शहरी भेक), क्षेत्रीय हिसाबले (पूर्व र पश्चिमका जिल्ला), जिल्लागत हिसाबले र तहगत हिसाबले (आधारभूत/प्रावि, निमावि, मावि र उच्च मावि) पनि के-कस्तो भिन्नता देखिन्छ भनेर केलाएका थियौँ । जहाँ-जहाँ यी भेरिएबलले "तात्विक" भिन्नता ल्याएको देखिएको छ, सो तथ्यलाई हामीले प्रतिवेदनमा उल्लेख गरेका छौँ ।

यो सर्वेक्षण प्रतिवेदन अनुसन्धान सारांश र निष्कर्ष बाहेक सात परिच्छेदमा बाँडिएको छ । प्रतिवेदनको पहिलो परिच्छेदमा परिचय खण्ड छ । दोस्रो परिच्छेद नेपालका सामुदायिक विद्यालयको समग्र नेतृत्वबारे छ । खास गरी विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र लेखा कर्मचारीबारे यो परिच्छेदले प्रस्ट्याउँछ । तेस्रो परिच्छेद सामुदायिक विद्यालयमा भएका जनशक्ति (शिक्षक र अन्य) बारे केन्द्रित छ । चौथो र पाँचौँ परिच्छेदमा क्रमशः विद्यालयको वार्षिक योजना, बजेट र सामाजिक परीक्षण, लेखा प्रणाली र वित्तीय परिचालनबारे छलफल गरिएको छ । प्रतिवेदनको छैठौँ परिच्छेद विद्यालयमा हुने भौतिक पूर्वाधार तथा निर्माण प्रक्रियाबारे र सातौँ परिच्छेदमा विद्यार्थी सहुलियत कार्यक्रम अन्तर्गत छात्रवृत्तिबारे प्राप्त नतिजा प्रस्तुत गरिएको छ । प्रतिवेदनको पछिल्लो खण्डमा अनुसूचीहरू दिइएको छ ।

चित्र १.१ : प्रदेश र भूगोल अनुसार सर्वेक्षण गरिएका जिल्ला



परिच्छेद २

# सामुदायिक विद्यालयको नेतृत्व

सार्वजनिक विद्यालयहरूको सञ्चालन प्रक्रियाबारे जान्न-बुझ्न ती संस्थालाई हाँक्नेहरूबारे जान्न जरुरी हुन्छ। सार्वजनिक विद्यालय हाँक्ने प्रमुख व्यक्ति प्रधानाध्यापक हुन्। त्यस्तै, विद्यालय सञ्चालनमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको पनि उत्तिकै भूमिका रहन्छ। विद्यालयको हिसाबकिताब राख्ने लेखापालको भूमिका पनि महत्त्वपूर्ण हुन्छ। त्यसैले हामीले यी तीन थरी व्यक्तिहरू को हुन्, कसरी विद्यालयमा संलग्न हुन्छन् भन्ने जान्न चाहेका थियौँ।

## प्रधानाध्यापक

नेपालको सार्वजनिक क्षेत्र पुरुषमय छ। यो प्रवृत्तिबाट सामुदायिक विद्यालय क्षेत्र पनि अछुतो छैन। सर्वेक्षित विद्यालयमध्ये करिब ८८ प्रतिशत विद्यालयका प्रधानाध्यापक पुरुष भएको पाइयो। महिला प्रधानाध्यापक भएका विद्यालयको संख्या थोरै छन्। र, जति छन् ती पनि तल्ला तह (आधारभूत वा प्राथमिक विद्यालय) मा मात्रै छन्। सर्वेक्षित कुनै पनि माध्यमिक विद्यालयका प्रधानाध्यापक महिला थिएनन् (तालिका २.१)।

**तालिका २.१ : प्रअको लैंगिक वर्गीकरण**

| | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | २३ | ११.६० |
| पुरुष | १७६ | ८८.४० |
| **जम्मा** | **१९९** | **१००** |

**सामुदायिक विद्यालयको नेतृत्वमा पुरुष हावी**

सर्वेक्षणमा परेका हिमाली/पहाडी जिल्लामध्ये १८ ओटा विद्यालय (१६ प्रावि र २ निमावि) मा प्रअ महिला भएको पाइयो। तीमध्ये धादिङमा सात, बैतडी र संखुवासभामा तीन-तीन, कालिकोट र पाल्पामा दुई-दुई र मकवानपुरमा एक विद्यालयमा प्रधानाध्यापक महिला छन्। मकवानपुर र पाल्पामा निमावि तहमा एक-एक जना महिला प्रअ छन् भने बाँकी सबै प्राथमिक तहमा कार्यरत छन्। सर्वेक्षित तराई-मधेशका जिल्ला—बारा, दाङ, कञ्चनपुर, सर्लाही—मध्ये बाराका प्रावि तहका दुइटा विद्यालयमा मात्र महिला प्रधानाध्यापक भएको पाइयो।

सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूको लैंगिक र जनीय (या जातिगत) वर्गीकरणले अन्य सामाजिक क्षेत्रमा जस्तै सामुदायिक विद्यालय सञ्चालनको क्षेत्रमा पनि ब्राह्मण/क्षेत्री पुरुषको बाहुल्य रहेको देखायो। जनीय रूपमा हेर्दा सर्वेक्षण गरिएका विद्यालयमध्ये ६० प्रतिशत विद्यालयमा प्रधानाध्यापक ब्राह्मण/क्षेत्री समुदायका पाइए। त्यस्तै, २४ प्रतिशत जनजाति, १३ प्रतिशत मधेशी सामुदायिक विद्यालयमा प्रअको रूपमा कार्यरत पाइए। सर्वेक्षण गरिएका सामुदायिक विद्यालयका प्रअमा दलित र मुस्लिमको उपस्थिति न्यून रहेछ, क्रमश: ३ र १ प्रतिशत मात्र (चित्र २.१)।

**ब्राह्मण/क्षेत्रीको वर्चस्व**




*चित्र २.१ : प्रअको जातिगत वर्गीकरण*

शिक्षा नियमावली, २०५९ मा "विद्यालय व्यवस्थापन समितिले सामुदायिक विद्यालयमा रिक्त प्रधानाध्यापक पदमा नियुक्तिको लागि प्राथमिक तहको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह, निम्न माध्यमिक तहको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह वा सो सरह र माध्यमिक तहको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरूमध्ये" एकलाई पाँच वर्षको लागि नियुक्ति गर्ने प्रावधान छ । यसरी नियुक्त प्रअ पुनः सो पदमा नियुक्त हुन सक्ने व्यवस्था समेत छ (शिक्षा नियमावली २०५९) । शिक्षाशास्त्रमा स्नातक वा सो सरहको योग्यता भएका र दश वर्ष माध्यमिक तहमा स्थायी सेवा गरेको शिक्षक समेत माध्यमिक विद्यालयको प्रधानाध्यापक हुन पाउने व्यवस्था छ (नेपाल सरकार २०७१क) ।

**एक तिहाईभन्दा बढी प्रधानाध्यापक स्थायी शिक्षक होइनन्**

माथिका प्रावधानबाट शिक्षा नियमावलीमा स्थायी प्रकृतिको नियुक्ति पाएका वरिष्ठ शिक्षक एवं शिक्षाशास्त्र अध्ययन गरेका व्यक्तिलाई प्रधानाध्यापक बनाउने परिकल्पना गरिएको देखिन्छ । तथापि, सर्वेक्षण गरिएका विद्यालयमा नियुक्त प्रअको जागिरको प्रकृति केलाउँदा करिब दुई-तिहाई प्रअ मात्र स्थायी नियुक्ति पाएकाहरू भएको पाइयो । करिब ३५ प्रतिशत प्रधानाध्यापकको नियुक्तिको प्रकृति स्थायी नभएको बताइएको थियो । १३ प्रतिशत प्रअको नियुक्ति अस्थायी प्रकृतिको, १८ प्रतिशत प्रअ राहत कोटाबाट आएका व्यक्ति भएको र ५ प्रतिशत प्रअ निजी स्रोत र अन्य तरिकाले विद्यालयमा नियुक्त भएको बताएका थिए । यसले एक तिहाईभन्दा बढी विद्यालयमा प्रअको रूपमा कार्यरत शिक्षकको नियुक्तिको प्रकार स्थायी प्रकृतिको नभएको, अथवा ती शिक्षकको सेवा-सुरक्षा कमजोर रहेको देखाउँछ (चित्र २.२) ।




*चित्र २.२ : नियुक्तिको प्रकारको आधारमा प्रअको वर्गीकरण*

प्रावि तहका प्रअमध्ये ५९ प्रतिशत प्रअ मात्र स्थायी शिक्षक भएको पाइयो, जबकि निमावि तहमा करिब ६३ प्रतिशत, र मावि तहमा करिब ८३ प्रतिशत प्रअ स्थायी शिक्षक रहेछन्। यसले तुलनात्मक रूपमा प्रावि तहमा भन्दा माथिल्ला तहमा स्थायी शिक्षकलाई नै प्रअको नियुक्ति दिएको देखियो। यद्यपि, मावि तहमा पनि करिब १७ प्रतिशत सामुदायिक विद्यालयका प्रअ स्थायी शिक्षक नभएको पाइयो (तालिका २.२)।

**तालिका २.२ : तहगत रूपमा प्रअको वर्गीकरण (संख्यामा)**

| | | स्थायी | | अस्थायी | | राहत | | निजी स्रोत | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | |
| विद्यालय तह | १–५ कक्षा | ५३ | ५८.८९ | १५ | १६.६७ | १६ | १७.७८ | ४ | ४.४४ | २ | २.२२ | ९० |
| | १–८ कक्षा | २५ | ६२.५० | ५ | १२.५० | ८ | २०.०० | २ | ५.०० | ० | ०.०० | ४० |
| | १–१० कक्षा | ३३ | ८२.५० | ३ | ७.५० | ४ | १०.०० | ० | ०.०० | ० | ०.०० | ४० |
| | १–१२ कक्षा | १८ | ६२.०७ | ३ | १०.३४ | ७ | २४.१४ | ० | ०.०० | १ | ३.४५ | २९ |
| **जम्मा** | | **१२९** | **६४.८२** | **२६** | **१३.०६** | **३५** | **१७.५९** | **६** | **३.०२** | **३** | **१.५१** | **१९९** |

तुलनात्मक रूपमा पहाड र हिमाल भन्दा तराई-मधेशमा धैरै स्थायी शिक्षकले प्रअको नियुक्ति पाएको देखिन्छ। पहाड र हिमालमा अस्थायी, राहत र निजीले पनि प्रअ भएर विद्यालय सञ्चालन गरेको देखियो। तराई-मधेशमा ८० प्रतिशत स्थायी शिक्षकहरू प्रअ भएको देखिन्छ। सर्वेक्षित विद्यालयमध्ये पहाड र हिमालका ५९ प्रतिशत विद्यालयमा मात्र स्थायी शिक्षकले प्रअको रूपमा कार्य गरेको पाइयो। २० प्रतिशत राहत कोटाका शिक्षक र १६ प्रतिशत अस्थायी शिक्षकले पनि पहाडी क्षेत्रमा प्रअमा नियुक्ति पाएको देखिन्छ। सर्वेक्षणमा सहभागी जिल्लामध्ये मकवानपुर, धादिङ, बैतडी, खोटाङ जिल्लामा तुलनात्मक रूपमा धैरै राहत कोटाका शिक्षक समेत प्रअ भएको पाइयो (तालिका २.३)।

**तुलनात्मक रूपमा तल्ला तहमा र पहाडका विद्यालयमा धैरै अ-स्थायी शिक्षक प्रअको रूपमा**

तालिका २.३ : भूगोल अनुसार प्रअको वर्गीकरण

| भौगोलिक वर्गीकरण | स्थायी | अस्थायी | राहत | निजी स्रोत | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| तराई-मधेश | ४१ | ३ | ६ | १ | ० | ५१ |
| प्रतिशत | ८०.३९ | ५.८८ | ११.७६ | १.९६ | ०.०० | १०० |
| पहाड-हिमाल | ८८ | २३ | २९ | ५ | ३ | १४८ |
| प्रतिशत | ५९.४६ | १५.५४ | १९.५९ | ३.३८ | २.०३ | १०० |
| **जम्मा** | **१२९** | **२६** | **३५** | **६** | **३** | **१९९** |

त्यस्तै, महालेखा परीक्षकको प्रतिवेदनमा वित्तीय व्यवस्थापनमा माथिल्लो र तल्लो श्रेणीमा परेका जिल्लाबीच प्रधानाध्यापक नियुक्तिको किसिममा केही भिन्नता हुन्छ कि भनेर हेर्न खोजिएको थियो । महालेखाले तल्लो श्रेणीमा राखेका जिल्लामा तुलनात्मक रूपमा ज्यादा अस्थायी शिक्षक प्रधानाध्यापकको रूपमा नियुक्ति पाएको देखियो (१५ प्रतिशतको भिन्नता) । त्यस्तै, तल्लो श्रेणीमा परेका जिल्लाहरूमा हेर्दा राहत कोटामा शिक्षक भएकाहरूको नियुक्ति प्रअको रूपमा ज्यादा (करिब १४ प्रतिशतको भिन्नता) भएको देखियो (तालिका २.४) । यसले प्रअको नियुक्तिको किसिमले विद्यालयको गभर्नेन्समा प्रभाव पर्ने सम्भावना तर्फ इंगित गर्छ ।

तालिका २.४ : माथिल्लो श्रेणी र तल्लो श्रेणीमा परेका जिल्लाको प्रअको वर्गीकरण

| | स्थायी | अस्थायी | राहत | निजी स्रोत | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| माथिल्लो श्रेणीमा पर्ने (राम्रो गर्ने) जिल्ला | ६७ | १४ | ९ | २ | ० | ९२ |
| प्रतिशत | ७२.८३ | १५.२२ | ९.७८ | २.१७ | ०.०० | १००.०० |
| तल्लो श्रेणीमा पर्ने (नराम्रो गर्ने) जिल्ला | ६२ | १२ | २६ | ४ | ३ | १०७ |
| प्रतिशत | ५७.९४ | ११.२१ | २४.३० | ३.७४ | २.८० | १००.०० |




*चित्र २.३ : प्रधानाध्यापक नियुक्तिको प्रकार*

सर्वेक्षित सामुदायिक विद्यालयमध्ये जम्मा ५३ प्रतिशत विद्यालयका प्रअले मात्र आफ्नो नियुक्ति शिक्षा नियमावली अनुसार भएको बताए। करिब एक तिहाई (३१ प्रतिशत) विद्यालयका प्रअको नियुक्ति "निमित्त" वाला थियो भने बाँकी १६ प्रतिशत प्रअले आफ्नो नियुक्तिको प्रक्रिया "अन्य" खाले (खास गरी विव्यसले नियुक्ति दिएको) भएको बताएका थिए (चित्र २.३)। शिक्षा नियमावली अनुसार प्रअ हुन स्थायी शिक्षक हुनुपर्ने प्रावधान भए पनि उल्लेख्य संख्यामा सो प्रावधानको पालना नभएको पाइयो। स्थायी शिक्षकलाई छाडेर अन्य शिक्षकलाई प्रअको पूर्ण कार्यभार दिन नमिल्ने हुँदा करिब आधा प्रअहरूको नियुक्ति "निमित्त" खाले हुन पुगेको हो। यसको अर्थ विद्यालय सञ्चालनमा तदर्थवाद हाबी हुन्छ भन्ने पनि हो।




*चित्र २.४ : भौगोलिक वर्गीकरण अनुसार प्रधानाध्यापकमा नियुक्त भएको किसिम*

**तालिका २.५ : जिल्लागत रूपमा प्रअको वर्गीकरण**

| | | शिक्षा नियमावली अनुसार करार | निमित्त | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| जिल्ला | बैतडी | १६.०० | ६०.०० | २४.०० | १०० |
| | बारा | ४०.०० | २०.०० | ४०.०० | १०० |
| | दाङ | २५.०० | ५०.०० | २५.०० | १०० |
| | धादिङ | ४०.९१ | ४०.९१ | १८.१८ | १०० |
| | कालिकोट | ६६.६७ | १६.६७ | १६.६७ | १०० |
| | कञ्चनपुर | ७५.०० | १२.५० | १२.५० | १०० |
| | खोटाङ | ५७.८९ | ४२.११ | ०.०० | १०० |
| | मकवानपुर | ४२.८६ | ५२.३८ | ४.७६ | १०० |
| | पाल्पा | ७६.४७ | ११.७६ | ११.७६ | १०० |
| | संखुवासभा | ८१.८२ | ९.०९ | ९.०९ | १०० |
| | सर्लाही | ७२.७३ | ९.०९ | १८.१८ | १०० |

भौगोलिक (तराई र पहाड) हिसाबले हेर्दा प्रअ नियुक्तिको किसिममा उल्लेखनीय फरक देखिएन । उदाहरणका लागि तराईमा ५० र पहाडमा करिब ५३ प्रतिशत प्रअले शिक्षा नियमावली अनुसार आफ्नो प्रअ पदमा नियुक्ति भएको बताएका थिए (चित्र २.४) । तर, जिल्लागत रूपमा हेर्दा भने प्रअ नियुक्तिको किसिममा उल्लेखनीय फरक देखिन्छ । उदाहरणका लागि बैतडीका १६ प्रतिशत प्रअले मात्र शिक्षा नियावली अनुरूप आफ्नो नियुक्ति भएको बताएका थिए जब कि कञ्चनपुरमा त्यस्तो उत्तर दिने उत्तरदाता ७५ प्रतिशत थिए (तालिका २.५) । एकै क्षेत्रका यी दुई जिल्लामा देखिएको यो भिन्नताको कारण जान्न कठिन छ । तुलनात्मक रूपमा हेर्दा तराई र पहाडका सुविधा सम्पन्न जिल्लाका विद्यालयका प्रअहरूको नियुक्ति शिक्षा नियमावली अनुरूप नै भएको देखिन्छ ।

**प्रअमा अनुभवी शिक्षकको बाहुल्य; उल्लेख्य स्थानान्तरण (सरुवा)**

सर्वेक्षित विद्यालयहरूमा कार्यरत प्रधानाध्यापकहरूको शिक्षण अनुभव केलाउँदा प्राय: अनुभवी शिक्षकहरू नै प्रधानाध्यापक नियुक्त भएको पाइयो । आधाभन्दा बढी (करिब ५६ प्रतिशत) प्रअहरूको शिक्षण अनुभव २० वर्ष वा सोभन्दा बढी भएको पाइयो । पाँच वर्षभन्दा कम समयको शिक्षण अनुभव भएका प्रधानाध्यापक जम्मा ५ प्रतिशत मात्र थिए । १५ प्रतिशत प्रधानाध्यापकले ६ देखि १० वर्ष शिक्षण गरेको बताएका थिए । करिब ८० प्रतिशत प्रधानाध्यापकले विद्यालयमा शिक्षण गरेको १० वर्ष भन्दा बढी भएको बताएका थिए (चित्र २.५) ।




*चित्र २.५ : प्रधानाध्यापकको शिक्षण अनुभव (वर्षमा)*

सर्वेक्षित विद्यालयमा प्रअको रूपमा कार्यरत शिक्षकहरूमध्ये दुई तिहाईभन्दा बढी (करिब ६९ प्रतिशत) नियुक्तिअघि सोही विद्यालयमा शिक्षकको रूपमा कार्यरत थिए । करिब ३१ प्रतिशत शिक्षक अन्यत्रबाट सरुवा गरेर प्रअको रूपमा ल्याइएका पाइए (तालिका २.६) । पहाड र तराईका जिल्लामा प्रअको नियुक्तिमा

भिन्नता पाइयो । उदाहरणका लागि तराईमा कार्यरत आधाभन्दा बढी प्रअले (करिब ५३ प्रतिशत) आफू सो विद्यालयमा पहिले शिक्षक नरहेको र अन्तबाट सरुवा भएर आएको बताएका थिए भने पहाडमा त्यस्तो बताउने प्रअको संख्या करिब एक चौथाई (२४ प्रतिशत) मात्र थियो (चित्र २.६) । यसले पहाडी जिल्लामा भन्दा तराईका जिल्लामा प्रअको "मोबिलिटी" बढी भएको देखाउँछ ।

**तालिका २.६ : प्रअ हुनुअघि सोही विद्यालयमा कार्यरत रहे-नरहेको**

| | संख्या | प्रतिशत |
|---|---|---|
| रहेको | १३७ | ६८.८० |
| नरहेको | ६२ | ३१.२० |
| **जम्मा** | **१९९** | **१००** |




*चित्र २.६ : प्रअ हुनुअघि सोही विद्यालयमा कार्यरत रहे-नरहेको (भूगोल अनुसार)*

विद्यालयका प्रधानाध्यापकको दरबन्दीको तह केलाउँदा उनीहरूको नियुक्तिको तह र उनीहरूले काम गर्ने तहबीच तादात्म्य नभएको पनि पाइयो । जस्तो, प्रावि तहमा दरबन्दी भएका शिक्षक पनि निमावि र माविको प्रअ भएको तथ्यांकले देखायो । प्राविको दरबन्दी भएका कम्तिमा डेढ दर्जन शिक्षक निम्न माध्यमिक र माध्यमिक तह भएको विद्यालयमा प्रधानाध्यापक रहेको पाइयो । यद्यपि, प्रावि तहको नियुक्ति भए पनि निजहरूले पछि माथिल्लो तहको योग्यता हासिल गरेको हुनसक्छ ।

**नियुक्ति र काम गर्ने तहबीच तादात्म्य छैन**

प्रधानाध्यापकले विद्यार्थीलाई पढाउँछन् कि विद्यालयको प्रशासन मात्रै हेर्छन् भनेर हामीले सर्वेक्षणबाट जान्न चाहेका थियौँ । सर्वेक्षित विद्यालयमध्ये एक उत्तरदाता बाहेक सबै प्रअले विद्यालयमा अध्यापनमा समेत संलग्न हुने बताए । मकवानपुरको एक माविका प्रअले मात्र विद्यालयमा पढाउनु नपर्ने बताएका थिए । उनी सो विद्यालयमा २०४६ सालमा प्रधानाध्यापक नियुक्ति भएका थिए ।

## विव्यस अध्यक्ष

सर्वेक्षण गरिएका सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गरिएको थिएन । उत्तरदाताको ठूलो संख्याले विव्यस गठन भएको बताए पनि ५ प्रतिशत विद्यालयमा विव्यस गठन नभएको बताए (तालिका २.७)।

**सबै विद्यालयमा विव्यस गठन भएको छैन**

**तालिका २.७ : विव्यस गठन भए-नभएको**

| | संख्या | प्रतिशत |
|---|---|---|
| गठन भएको | १९० | ९५ |
| गठन नभएको | १० | ५ |
| **जम्मा** | २०० | १०० |




*चित्र २.७ : विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन प्रक्रिया*

**विव्यस चयन सहमतिबाटै**

विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनका लागि सम्बन्धित विद्यालयको अभिभावक वा विद्यालयको शुभेच्छुक हुनुपर्ने कानुनी व्यवस्था छ । शिक्षा ऐन (नवौँ संशोधन, २०७४) मा विव्यसको गठन सम्बन्धी निम्न व्यवस्था छ:

> सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि क) अभिभावकले आफूहरू मध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना, (ख) विद्यालय रहेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरू मध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य, (ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षा प्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको

एकजना महिला सहित दुईजना, (घ) विद्यालयका शिक्षकले आफूहरू मध्येबाट छानी पठाएको एकजना र (ङ) विद्यालयका प्रधानाध्यापक सदस्य सचिवको रूपमा हुनेछ । विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरू मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ । (नेपाल सरकार २०७४)

गठन भएका मध्ये अधिकतम विद्यालय (९१ प्रतिशत) मा विद्यालय व्यवस्थापन समितिको अध्यक्ष सहमतिमा चयन भएको पाइयो । मात्र ८ प्रतिशत विद्यालयमा विव्यसको अध्यक्ष चयन निर्वाचन मार्फत भएको पाइयो (चित्र २.७) ।

विव्यस गठन गरिएका मध्ये करिब ८ प्रतिशत मात्र विव्यसको नेतृत्वमा महिला देखिए (तालिका २.८) । तर, एउटा बाहेक सबै महिला विव्यस अध्यक्ष भएका विद्यालय आधारभूत तहका हुन् । सर्वेक्षित विद्यालयमध्ये एउटा माविमा मात्र विव्यसको नेतृत्वमा महिला भएको पाइयो । पहाड-हिमालका पाँच विद्यालयमा र तराई-मधेशका दुई (प्रावि र मावि, दुवै सर्लाही जिल्लामा) विद्यालयमा विव्यस अध्यक्ष महिला छन् ।

**तालिका २.८ : विव्यस अध्यक्षको लैंगिक वर्गीकरण**

| | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १६ | ८.४२ |
| पुरुष | १७४ | ९१.५८ |
| **जम्मा** | **१९०** | **१००** |




*चित्र २.८ : विव्यस अध्यक्षको जातिगत वर्गीकरण*

**विव्यस अध्यक्षमा पुरुषको नेतृत्व; जनजातिको उल्लेख्य सहभागिता**

विद्यालय व्यवस्थापन समितिका अध्यक्षको जनीयता केलाउँदा भने प्रधानाध्यापकको भन्दा भिन्न बनोट देखियो । करिब ४७ प्रतिशत विव्यसको नेतृत्वमा ब्राह्मण/क्षेत्री समूहका व्यक्ति भएको पाइयो भने ४० प्रतिशत विव्यसको नेतृत्वमा जनजाति समूहका व्यक्ति पाइए । यसैगरी, ८ प्रतिशत विव्यसको नेतृत्वमा मधेशी समुदायबाट पाइए । जम्मा ४ प्रतिशत विव्यसको नेतृत्वमा दलित पाइए (चित्र २.८) ।

**करिब एक चौथाई विव्यस अध्यक्षका आफन्तजन सो विद्यालयमा पढ्दैनन्**

सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षमध्ये ७३ प्रतिशत अध्यक्षका आफ्नै शाखासन्तान आफूले नेतृत्व गरेको विद्यालयमा अध्ययन गर्दा रहेछन् । विव्यसको नेतृत्वमा हुने करिब ५८ प्रतिशतले आफ्ना छोराछोरी त्यही विद्यालयमा पढाउने रहेछन् भने १६ प्रतिशत विव्यस अध्यक्षका नातिनातिना ती विद्यालयमा पढ्ने रहेछन् । भान्जा/भान्जी (३ प्रतिशत) र अन्य नातेदार (७ प्रतिशत) पढ्नेहरूको अभिभावक विव्यसको नेतृत्वमा पुगेको संख्या सानै छ । तर, २२ प्रतिशत विव्यसका अध्यक्षले आफ्ना कोही नजिकका नातेदार आफूले नेतृत्व गरेका विद्यालयमा नपढ्ने जानकारी दिए (चित्र २.९) ।




*चित्र २.९ : विव्यस अध्यक्षको घर परिवारबाट सोही विद्यालयमा पढ्ने सदस्य*

**लेखा राख्ने व्यक्तिमा पनि ब्राह्मण/क्षेत्री पुरुषकै वर्चस्व**

## लेखापाल

सामुदायिक विद्यालयको नेतृत्व गर्ने अन्य दुई व्यक्ति प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्ष जस्तै विद्यालयको आय-व्ययको हिसाब राख्ने प्रमुख व्यक्ति पनि पुरुष नै भएको पाइयो । छुट्टै लेखा कर्मचारी भएका विद्यालयमध्ये करिब ९३ प्रतिशत विद्यालयमा लेखा कर्मचारी पुरुष भएको पाइयो (तालिका २.९) । जनीय हिसाबले केलाउँदा ६३ प्रतिशत ब्राह्मण/क्षेत्री, करिब एक चौथाई जनजातिले लेखापालको पद ओगटेको पाइयो । मधेशी र दलितको संख्या न्यून छ भने मुस्लिम लेखापाल भेटिएन (चित्र २.१०) ।

**तालिका २.९ : सामुदायिक विद्यालयमा लेखा कर्मचारीको लैंगिकता**

| | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ६७ | ९३.०६ |
| महिला | ५ | ६.९४ |
| **जम्मा** | ७२ | १०० |




*चित्र २.१० : लेखा राख्ने कर्मचारीको जातिगत वर्गीकरण*

सर्वेक्षण गरिएका विद्यालयमध्ये करिब दुई तिहाई विद्यालयमा लेखा हेर्ने छुट्टै व्यक्ति छैनन्। धैरै माविमा लेखापाल (छुट्टै व्यक्ति) छन्, तर तल्लो तहका विद्यालय धैरैमा लेखा हेर्नका लागि छुट्टै कर्मचारी छैनन्। यस्तो अवस्थामा मूलत: प्रधानाध्यापक र केही स्थानमा अन्य शिक्षकले पनि लेखा राखेको पाइयो। उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५ को प्रतिवेदनले पनि विद्यालयमा कर्मचारी (लेखापाल) को अभावलाई मुख्य समस्याको रूपमा प्रस्तुत गरेको छ (नेपाल सरकार २०७५)।

**करिब एक तिहाई विद्यालयमा मात्र छुट्टै लेखा राख्ने कर्मचारी**

**तालिका २.१० : सामुदायिक विद्यालयमा लेखा कर्मचारीको विवरण**

| | संख्या | प्रतिशत |
|---|---|---|
| छुट्टै लेखापाल | ७२ | ३६.३६ |
| प्रअ/शिक्षकले लेखा राख्ने | १२६ | ६३.६४ |
| **जम्मा** | १९८ | १०० |

**धैरै विद्यालयमा लेखा कर्मचारी छैनन्; भएका मध्ये पनि धैरै अ-स्थायी**

सर्वेक्षणमा सहभागी विद्यालयमध्ये ७२ ओटा विद्यालयमा मात्रै छुट्टै लेखापाल थिए (तालिका २.१०)। यद्यपि, समग्रमा लेखा राख्ने (शिक्षक/पूर्णकालीन लेखापाल) लेखापालमध्ये करिब ३३ प्रतिशत विद्यालयमा मात्र स्थायी लेखा राख्ने व्यक्ति पाइयो। त्यस्तै, ३७ प्रतिशत अस्थायी लेखापाल भएका र बाँकी ३० प्रतिशत विद्यालयले निजी स्रोत र "अन्य" उपाय मार्फत लेखापाल राखेका छन्। "अन्य" उत्तर दिने ४२ ओटा विद्यालयमध्ये अधिकांश विद्यालयमा राहत शिक्षकले लेखा राख्ने देखियो (चित्र २.११)। एउटा विद्यालयमा विव्यस अध्यक्ष स्वयंले र अर्को एउटामा शिशु सहजकर्ताले लेखा राखेको भेटियो।




*चित्र २.११ : लेखापालको नियुक्तिको किसिम*




*चित्र २.१२ : तहगत रूपमा छुट्टै लेखापालको संख्या*

खास गरी माध्यमिक र उच्च माध्यमिक विद्यालयहरूमा मात्रै छुट्टै लेखापालको व्यवस्था गरेको पाइयो । करिब ८८ प्रतिशत मावि र सबै उच्च माविमा लेखा राख्ने व्यक्ति छुट्टै रहेको पाइयो । प्रावि र निमावि तहका प्राय: विद्यालयमा प्रअले र कतिपय स्थानमा अन्य विषयका शिक्षकले लेखा राख्ने गरेको देखिन्छ । करिब १२ प्रतिशत माविमा स्वयं प्रअले नै लेखा राख्ने गरेको पाइयो । आधारभूत तहमा करिब १० प्रतिशत विद्यालयमा मात्र छुट्टै लेखा राख्ने व्यक्ति भएको पाइयो (चित्र २.१२) ।

विद्यालयमा लेखा राख्ने करिब ९० प्रतिशत लेखापालको शैक्षिक योग्यता गैर-लेखा राख्ने विषयमा (शिक्षा, सामाजिक शास्त्र र विज्ञान) भएको पाइयो । करिब १० प्रतिशत लेखापालले मात्र व्यवस्थापन/वाणिज्य विषय पढेको भनेका थिए (चित्र १.१३) ।




*चित्र २.१३ : लेखा कर्मचारीको विषयगत योग्यता*

**तालिका २.११ : लेखा कर्मचारीको व्यवस्था**

| | प्रतिशत |
|---|---|
| पूर्णकालीन लेखापाल | १९.७ |
| शिक्षक भएर लेखा राख्ने काम पनि गर्ने | ८०.३ |
| **जम्मा** | **१००** |

**तालिका २.१२ : लेखा राखेबापत अतिरिक्त भत्ता**

| | प्रतिशत |
|---|---|
| पाउने | ८.६ |
| नपाउने | ९१.४ |
| **जम्मा** | **१००** |

सर्वेक्षणमा सहभागी १८८ लेखा राख्ने व्यक्तिमध्ये १५१ जना (८० प्रतिशत) ले पूर्णकालीन लेखापालको हैसियतमा नभएर प्रअ/शिक्षक भएर लेखा राख्ने काम गरेको बताएका थिए। करिब २० प्रतिशत उत्तरदाताले भने पूर्णकालीन लेखापालकै रूपमा काम गरेको बताए (तालिका २.११)। सबै उच्च माध्यमिक तहमा पूर्णकालीन लेखापाल पाइयो। करिब ९१ प्रतिशतले प्रअ/शिक्षक भएर लेखा राख्दा सोबापत छुट्टै भत्ता नपाउने बताएका थिए (तालिका २.१२)। यसले विद्यालयमा लेखा राख्ने काम प्रअ/शिक्षकको “स्वयंसेवा” को रूपमा चलिरहेको देखाउँछ।



तस्बिर © दिलबिक्रम आङदेम्बे @ कालिकोट


तस्बिर © प्रभाकर गौतम @ पाल्पा



तस्बिर © किशोर उचाई @ सर्लाही

परिच्छेद ३

# शिक्षण तथा अन्य जनशक्ति

विद्यालय राम्रोसँग सञ्चालनका लागि शिक्षण जनशक्तिको महत्त्वपूर्ण भूमिका हुन्छ । यस परिच्छेदमा विद्यालयमा शिक्षक तथा कर्मचारी उपलब्धता, विद्यालयले आन्तरिक स्रोतमा राख्ने शिक्षक तथा कर्मचारी भर्नाका प्रक्रिया, आन्तरिक स्रोतमा राखेका शिक्षकको सेवा सुविधा र शिक्षक/लेखापालको शैक्षिक योग्यता आदिबारे विश्लेषण गरिएको छ । सर्वेक्षणमा विद्यालयमा शिक्षण जनशक्तिको पर्याप्त भए-नभएको, पर्याप्त शिक्षक जनशक्ति नभए यसको व्यवस्थापन कसरी हुने गरेको, र आन्तरिक स्रोतमा शिक्षक/कर्मचारी नियुक्ति गर्दा बाहिरी दबाब आउने-नआउने बारे जान्न खोजिएको थियो ।

**बक्स ३.१ : सर्वेक्षित सामुदायिक विद्यालय सम्बन्धी केही तथ्य**

- सर्वेक्षित विद्यालयमध्ये पाँच ओटा विद्यालयमा एक जना र सात ओटा विद्यालयमा दुई जना मात्र शिक्षक थिए । धेरै विद्यालयमा कार्यालय सहयोगीलाई शिक्षकको रूपमा राखिएको देखिन्छ ।
- नौ ओटा विद्यालय (सबै प्राथमिक) मा सहयोगी कुनै कर्मचारी थिएनन् ।
- संखुवासभाको एउटा प्राथमिक विद्यालयमा १० जना मात्र विद्यार्थी थिए भने धादिङको अर्को विद्यालयमा १५ जनाभन्दा कम विद्यार्थी थिए ।
- सर्वेक्षणमा सहभागी विद्यालयमध्ये संखुवासभाको एउटा उच्चमाविमा सबैभन्दा बढी शिक्षक (४० जना) र विद्यार्थी (१,३३६ जना) थिए ।

सर्वेक्षण गरिएका विद्यालयको जनशक्ति केलाउँदा ती धेरै विद्यालय "अ-स्थायी" शिक्षक, कर्मचारीको भरमा चलेको पाइयो । विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको विवरण हेर्दा दुई तिहाई (६६ प्रतिशत) जनशक्तिको जागिरको प्रकार "अ-स्थायी" रहेको देखिन्छ । तर, महत्त्वपूर्ण के छ भने करिब तीन चौथाई शिक्षण जनशक्तिको तलब यो वा त्यो तरिकाबाट सरकारले नै बेहोरेको देखिन्छ । कार्यरत शिक्षकमध्ये करिब एक चौथाई (२४ प्रतिशत) विद्यालयको निजी स्रोतमा काम गरिरहेका छन् (तालिका ३.१) ।

**अ-स्थायी शिक्षकको भरमा सामुदायिक विद्यालय**

सर्वेक्षण गरिएका केही विद्यालयमा "निजी स्रोत" मा काम गरिरहेका शिक्षकको तलब स्थानीय सरकारले बेहोरेको पाइयो । स्थानीय सरकारको अनुदान नपाउने विद्यालय भेट्टाउन मुस्किल छ; थोरै रकम भए पनि स्थानीय सरकारबाट विद्यालयलाई छुट्ट्याइएको छ । मुलुक संघीयतामा गइसकेपछि विद्यालय तहको शिक्षा स्थानीय सरकारको मातहत आएको छ । आउँदा दिनमा सामुदायिक विद्यालय स्थानीय सरकारमा थप भर पर्नुपर्ने र तिनमा स्थानीय राजनीतिक शक्ति संघर्षको बाछिटा पर्ने सम्भावना देखिन्छ । यसका केही संकेत देखिइसकेका छन् (उप्रेती र पराजुली २०७६) ।

अर्को उल्लेखनीय तथ्य के छ भने सिकाइको दृष्टिकोणले महत्त्व दिनुपर्ने पूर्वप्राथमिक तहमा स्थायी जनशक्ति अति न्यून (करिब ४.६ प्रतिशत) देखिन्छ । उदाहरणका लागि सर्वेक्षण गरिएका २०० विद्यालयमा पूर्वप्राथमिक तहमा १० जना मात्र शिक्षक स्थायी रहेका छन् । तुलनात्मक रूपमा प्राथमिक तहमा स्थायी जनशक्ति राम्रो (४२.७ प्रतिशत) देखिन्छ (तालिका ३.१) ।

**बक्स ३.२ : शिक्षक दरबन्दी मिलान**

सर्वेक्षण गरिएका जिल्लामध्ये पाल्पा, धादिङ, मकवानपुर, सर्लाही र बाराका सामुदायिक विद्यालयका प्रअलाई जिल्लामा शिक्षक दरबन्दीको अवस्थाबारे जिज्ञासा (खुला प्रश्न) राखिएको थियो । यो प्रश्न स्थानीय निकायका निर्वाचित पदाधिकारीलाई पनि सोधिएको थियो । प्राय: सबै उत्तरदाताले विद्यालयमा रहेका विद्यार्थीका अनुपातमा शिक्षक दरबन्दी सही तरिकाले वितरण हुन नसकेको बताए ।

अध्ययनमा सहभागी अधिकांश प्रअले राजनीतिक कारणले गर्दा शहरी इलाकाका केही विद्यालयमा शिक्षक बढी भएको तर ग्रामीण/दुर्गम इलाकामा शिक्षक कम भएको बताएका थिए । मकवानपुरको ब्रह्म आधारभूत विद्यालयका प्रअले "शिक्षक नगरमा थुप्रिएका" बताए । सोही जिल्लाको गीताधर्म आधारभूत विद्यालयका प्रअले पनि "शहरमा शिक्षक धेरै र गाउँमा कम भएको" बताएका थिए । पाल्पाको कालिका माविका प्रअले "जिल्लामा शिक्षक दरबन्दीको उचित मिलन नभएको" भने । सर्लाहीको आधारभूत विद्यालयका प्रअले "विद्यार्थी कम भएको विद्यालयमा शिक्षक बढी र शिक्षक बढी भएका विद्यालयमा विद्यार्थी कम" भएको बताए । अन्तर्वार्तामा सहभागी प्राय: प्रअले शिक्षक दरबन्दीको उचित रूपमा मिलान हुन नसक्नुमा शिक्षामा भएको दलीयकरण, र विशेष गरी शिक्षक संघ-संगठनको राजनीति प्रमुख कारण रहेको बताए । त्यसैगरी, पहुँचका आधारमा सरुवा-बढुवा हुने, र शिक्षकहरूमा रहेको सुविधाभोगी मानसिकताले जिल्लामा न्यायिक ढंगले विद्यार्थीको अनुपातमा शिक्षक विद्यालयमा पदस्थापन हुन नसकेको उनीहरूको कथन रह्यो ।

स्थानीय सरकारका निर्वाचित पदाधिकारीलाई पनि उनीहरूका नगर/गाँउ पालिकाका सामुदायिक विद्यालयका शिक्षकको दरबन्दीको अवस्थाबारे प्रश्न सोधिएको थियो । कुराकानी गरिएका अधिकांश प्रतिनिधिले पनि प्रअले जस्तै दरबन्दी मिलानमा समस्या रहेको बताए । उदाहरणका लागि बैतडीको दशरथचन्द नगरपालिकाका मेयर नरेन्द्रसिंह थापाले भने, "शिक्षक दरबन्दी मिलान नगरी भएको छैन । अस्ति एउटा विद्यालयमा जाँदा त्यहाँ विद्यार्थी थिएनन्, तर १० जना शिक्षक थिए । फेरि यहीँ परको विद्यालयमा जम्मा तीन जना मात्र माविको दरबन्दी रहेको छ ।" पाल्पा, माथागढीका वडा अध्यक्ष रन बहादुर खाम्चाले "राजनीतिक पहुँच, नातागोता र व्यक्तिगत प्रभावका कारण" शिक्षक दरबन्दी मिलानमा समस्या भएको बताएका थिए । जनप्रतिनिधिसँग गरिएका दरबन्दी मिलान सम्बन्धी कुराकानीले तीन कारणले दरबन्दी मिलानमा समस्या भएकोतर्फ इंगित गर्दछ: पहिलो, पँहुचवाला शिक्षकले आफ्नो दरबन्दी शहरी/सुगमका विद्यालयमा लाने । दोस्रो, घरपायक विद्यालयमा दरबन्दी मिलाउने । र तेस्रो, शिक्षक संघ-संगठनको राजनीतिले दरबन्दी मिलान हुन नदिने ।

**तालिका ३.१ : शिक्षक तथा कर्मचारीको विवरण**

| कक्षा | स्थायी | अस्थायी | राहत | पिसिएफ | निजी स्रोत | अन्य | जम्मा | तहगत प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| पूर्वप्राथमिक | १० (४.६) | १०५ | ५ | १ | १६ | ७७ | २१४ | ११ |
| कक्षा १-५ | ४०० (४२.७) | २०८ | १५१ | ६ | १४९ | २२ | ९३६ | ४९ |
| कक्षा ६-८ | १३७ (३४.७) | ५५ | ९१ | २ | १०४ | २ | ३९१ | २१ |
| कक्षा ९-१० | ८८ (३४.६) | ४२ | ७८ | ३ | ४० | ३ | २५४ | १३ |
| कक्षा ११-१२ | ३ (२.८) | २८ | ३० | ० | ४० | ६ | १०७ | ६ |
| **जम्मा** | **६३८** | **४३८** | **३५५** | **१२** | **३४९** | **११०** | **१९०२** | **१००** |
| **प्रतिशत** | **३४** | **२३** | **१९** | **१** | **१८** | **६** | **१००** | |

यसैगरी, सर्वेक्षण गरिएका ६९ माध्यमिक विद्यालयमा (उच्च मावि पनि) माध्यमिक तहमा जम्मा ९१ जना मात्र स्थायी शिक्षक कार्यरत रहेको पाइयो (तालिका ३.१)। यसले एउटा माध्यमिक विद्यालयमा औसतमा दुई जनाभन्दा कम माध्यमिक तहको शिक्षक स्थायी रहेको देखाउँछ।[1]

**तालिका ३.२ : विद्यालयमा कार्यरत कर्मचारी विवरण**

| कर्मचारीको प्रकार | प्रावि (९१)* | निमावि (४०)* | मावि (४०)* | उच्च मावि (२९)* | जम्मा |
|---|---|---|---|---|---|
| पूर्णकालीन लेखापाल | ५ | ४ | ३५ | २९ | ७३ |
| पूर्णकालीन लाइब्रेरियन | - | - | १ | ७ | ८ |
| ल्याब टेक्निसियन | - | - | १ | - | १ |
| कार्यालय सहयोगी/पियन | ७८ | ३७ | ३९ | २९ | १८३ |
| सुरक्षा गार्ड | १ | - | ५ | १ | ७ |
| आया | - | १ | - | १ | २ |
| अन्य | २ | | १ | ४ | ७ |

** विद्यालय संख्या*

विद्यालय राम्रोसँग सञ्चालन गर्न र समृद्ध शिक्षण सिकाइका लागि शैक्षिक पूर्वाधार जस्तै, पुस्तकालय, विज्ञान प्रयोगशाला आदि महत्त्वपूर्ण मानिन्छन्। तर, विद्यालयमा पुस्तकालय र विज्ञान प्रयोगशाला भएर मात्र हुँदैन, यी अंगलाई सुचारु गर्न जनशक्तिको समेत उत्तिकै आवश्यकता पर्छ। सर्वेक्षण गरेका विद्यालयमध्ये जम्मा आठ ओटा विद्यालयमा मात्र पूर्णकालीन पुस्तकालय पाइयो। पूर्णकालीन लाइब्रेरियन हुने विद्यालय भनेका मूलतः उच्च मावि (सात ओटा) हुन्। त्यस्तै, एउटा माविमा पूर्णकालीन पुस्तकाध्यक्ष भएको पाइयो। कुनै पनि प्रावि र आधारभूत विद्यालयमा पूर्णकालीन पुस्तकाध्यक्ष छैनन्।

**पर्याप्त कर्मचारी छैनन्; जति छन् ती पनि अ-स्थायी**

[1] विद्यालय शिक्षाबारे यसअघि भएका विभिन्न अध्ययन-अनुसन्धान र प्रतिवेदनले पनि स्थायी शिक्षकको अभावले विद्यालय सञ्चालनमा कठिनाई भएको तथ्य देखाएका छन् (न्यू एरा सन् २०१३; नेपाल सरकार २०७५)।

सर्वेक्षण गरिएका विद्यालयमध्ये जम्मा एउटामा मात्र विज्ञान प्रयोगशाला सञ्चालन गर्न "ल्याब टेक्निसियन" राखिएको पाइयो । सर्वेक्षित २०० विद्यालयमध्ये १८३ विद्यालयमा कार्यालय सहयोगी (पियन) को व्यवस्था थियो । सर्वेक्षणमा सहभागी सात ओटा विद्यालयमा सुरक्षा गार्ड समेत थिए । विशेष गरी पूर्वप्राथमिक तहका विद्यार्थीलाई हेरविचार गर्नका लागि आयाको व्यवस्था भने जम्मा एउटा विद्यालयमा मात्र थियो (तालिका ३.२) ।

**तालिका ३.३ : सबै तहमा र विषयमा पर्याप्त शिक्षक भए-नभएको**

| | संख्या | प्रतिशत |
|---|---|---|
| छन् | ३६ | १८.१० |
| छैनन् | १६३ | ८१.९० |
| **जम्मा** | **१९९** | **१००** |

**पर्याप्त शिक्षक/ कर्मचारी नहुँदा विद्यालय सञ्चालनमा समस्या**

अध्ययनमा सहभागी अधिकांश (८२ प्रतिशत) प्रअले आफ्नो विद्यालयमा शिक्षक (विषयगत र तहगत) पर्याप्त नभएको बताएका थिए (तालिका ३.३) । शिक्षक अभावकै कारण अध्ययनमा समेटिएका केही विद्यालयमा एकै शिक्षक/शिक्षिकाले उही समयमा "बहु कक्षा" सञ्चालन गरेको समेत पाइयो ।[२] सर्वेक्षणमा सहभागीमध्ये तराई (बारा र सर्लाही) का केही विद्यालयका प्रअले स्थानीय मातृभाषा (भोजपुरी र मैथिली) जान्ने शिक्षक/शिक्षिकाको अभावमा विद्यालयका तल्ला तहका कक्षा (प्राथमिक कक्षा) सञ्चालन गर्न समस्या भएको बताएका थिए । विद्यालयमा शिक्षक पर्याप्त छैनन् भन्नेमध्ये करिब ५३ प्रतिशत प्रअले विद्यालयले आन्तरिक स्रोतबाट शिक्षक नियुक्त गरेर विद्यालय सञ्चालन गरेको बताएका थिए । करिब २६ प्रतिशत प्रअले शिक्षकले "ओभरटाइम" गरेर विद्यालयका कक्षा व्यवस्थापन गरेको बताए । करिब ६ प्रतिशत प्रअले स्वयंसेवक शिक्षकको सहयोगमा विद्यालय व्यवस्थापन गरिरहेको जनाए । ३७ प्रतिशत प्रअले भने अन्य प्रकार (स्थानीय निकाय, गैरसरकारी संस्था र व्यक्तिगत सहयोग आदि) ले विद्यालय सञ्चालन गरिरहेको बताएका थिए (चित्र ३.१) ।[३]

[२] उदाहरणका लागि खोटाङ वारमाङ स्थित महेन्द्र ज्योती प्राविमा शिक्षक अभावका कारण कक्षा एक र दुईका विद्यार्थीलाई एउटै कोठामा राखेर पढाइने गरेको छ (मार्टिन चौतारी सन् २०१८) ।

[३] पर्याप्त शिक्षक नभएका करिब दुई दर्जन विद्यालयमा बहुकक्षा सञ्चालन गरेको पाइयो । करिब एक दर्जन विद्यालयले कार्यालय सहयोगीबाट कक्षा व्यवस्थापन गरेको र पूर्वप्राथमिक तहमा पढाउने शिक्षकले माथिल्लो तह पढाउने गरेको पाइयो ।




*चित्र ३.१ : सबै तह/विषयमा पर्याप्त शिक्षक नहुँदाको व्यवस्थापन*

**बक्स ३.३ : विद्यालयमा लेखा व्यवस्थापनको समस्या**

"त्रिभुवन मावि खोटाङकै तेस्रो पुरानो विद्यालय हो । २००७ सालमा खुलेको यो विद्यालयमा पूर्णकालीन लेखा राख्ने कर्मचारीको व्यवस्था छैन । अहिले लेखा राख्ने काम विद्यालयका एक जना शिक्षक र कार्यालय सहायक (भाइ) ले गरिरहनु भएको छ । फेरि उहाँहरू दुवैले कक्षा पनि लिनु पर्छ । उहाँहरू कक्षा लिन गएको समयमा भने मैले रसिद काट्ने गरेको छु । कतिपय सन्दर्भमा विद्यालयको लेखाको काम कार्यालय समयभन्दा बाहेकको समयमा गर्ने गरेका छौँ । विद्यालयको हिसाबकिताब कम्प्युटरमा राख्न सकिएको छैन; रजिष्टरमा राख्ने गरेका छौँ । विद्यालयमा लेखा राख्ने निश्चित व्यक्ति नहुँदा लेखा राख्ने काममा समस्या समेत आएको छ ।"

*त्रिभुवन मावि, खोटाङका प्रअसँगको कुराकानी*

पर्याप्त शिक्षक नभएका कारण कतिपय विद्यालयले नियमित कक्षा सञ्चालन गर्न सकेका छैनन् । यस्तो अवस्थामा विद्यालयमा भएका शिक्षक तथा कर्मचारीले मिलेर विद्यालयका कक्षा कोठा व्यवस्थापन गरिरहेका छन् । प्रावि तथा आधारभूत तहमा दरबन्दी भएका शिक्षकले माविमा पनि पढाइरहेका छन् । ज्ञानेश्वर मावि, बैतडीका प्रअले "सदरमुकाम बाहेक बैतडीका अधिकांश माध्यमिक विद्यालयमा विषयगत शिक्षकको दरबन्दी कम" रहेकोले प्रावि/आधारभूत तहका शिक्षकले समेत मावि तहमा कक्षा लिनु परेको बताए । त्यस्तै, पञ्चकन्या मावि धादिङका प्रअले "शिक्षकको कमीले प्रावि तहका शिक्षकले माथिल्लो तहमा पढाउने गरेको र शिक्षण सिकाइमा केही समस्या" आउने गरेको बताए (मार्टिन चौतारी सन् २०१८) ।

त्यसैगरी, करिब ६५ प्रतिशत प्रअले विद्यालयमा पर्याप्त कर्मचारी नभएको बताएका थिए (तालिका ३.४) । विद्यालयमा कर्मचारी छैनन् भन्नेमध्ये करिब ६७ प्रतिशत प्रअले कर्मचारीले गर्ने कार्य पनि शिक्षकले नै गर्ने गरेको बताए । प्रअहरूको यस भनाइले विद्यालयमा कर्मचारीले गर्ने अधिकांश कार्य (लेखा राख्ने, विद्यार्थी

भर्ना गर्ने, पुस्तकालय व्यवस्थापन गर्ने आदि) शिक्षकले गरिरहेका छन् भन्ने जनाउँछ । विद्यालयमा पर्याप्त कर्मचारी छैनन् भन्नेमध्ये करिब २७ प्रतिशतले विद्यालयको आन्तरिक स्रोतबाट विद्यालयलाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गरेको बताएका थिए (चित्र ३.२) ।

**बक्स ३.४ : शिक्षक दरबन्दी नै छैन**

खोटाङका सामुदायिक विद्यालयमा धेरै समस्या छन् । सरकारले विद्यालय सञ्चालन गर्न स्वीकृति त दियो, तर आवश्यक शिक्षक भने उपलब्ध गराउन सकेन । खोटाङमा अहिले १८ ओटा सामुदायिक माध्यमिक विद्यालय भएकामा एउटा पनि माविको दरबन्दी दिइएको छैन । ४२ ओटा निम्न माध्यमिक विद्यालयमा निमावि तहको एउटा पनि दरबन्दी छैन । एउटै दरबन्दी नभएका प्राथमिक विद्यालय पनि खोटाङमा धेरै छन् । त्यसैले यहाँको मुख्य समस्या भनेको शिक्षकको दरबन्दी नहुनु नै हो ।

यहाँका अधिकांश विद्यालय जेनतेन रूपमा आन्तरिक स्रोतमा नियुक्त शिक्षक/शिक्षिकाका भरमा चलिरहेका छन् । फेरि पहाडी जिल्लामा शिक्षकको तलब धान्न सक्ने स्रोत कसरी जुटाउने भन्ने पनि उस्तै समस्या छ । स्रोत जुटाएन भने शिक्षकलाई तलब दिन सकिँदैन । त्यसैले शिक्षकलाई तलब दिनका लागि चन्दा उठाउने, देउसी-भैलो खेल्ने र विभिन्न संघ-संस्थासँग आर्थिक सहयोग माग्ने जस्ता विषयमा नै विद्यालयले समय खर्च गरिरहेका छन् । यस्तो परिस्थितिमा विद्यालयको कक्षाकोठा राम्रो बनाउँछु, विद्यालयको भौतिक पूर्वाधार विकासमा ध्यान दिन्छु भन्ने अवस्था नै हुँदो रहेनछ । विद्यालयमा शिक्षक/शिक्षिकालाई दिने स्रोत छैन भने विद्यालय राम्रो हुन गाह्रो छ । जिशिकाले मसलन्द लगायतका कामका लागि विद्यालयमा केही रकम दिने गरेको छ । तर विद्यालयले यस्तो मसलन्दका लागि दिएको पैसाले शिक्षकलाई तलब समेत खुवाइरहेका छन् ।

अर्को कुरा, खोटाङका विद्यालयमा बेरुजू देखिएको छ । विशेष गरी भौतिक निर्माण सम्बन्धी कार्यमा हामीकहाँ ठूलो बेरुजू छ । अहिलेसम्म लगभग २३ करोड बेरुजू छ जसमध्ये करिब ९० प्रतिशत बेरुजू चाहिँ भौतिक निर्माण सम्बन्धी हो । विद्यालय शिक्षामा बेरुजू देखिनुका केही कारण छन् । उदाहरणका लागि भौगोलिक विकटताले गर्दा ढुवानी समस्या छ । ठाउँठाउँमा पुलको अभाव छ । ढुवानीको समस्याले भनेको समयमा काम सकिँदैन । बेरुजू देखिनुमा कतैकतै राजनीतिक खिचातानीले पनि काम गरेको छ । विद्यालयमा भवन निर्माणका लागि उठाइसकेका पिलरहरू विभिन्न दल/पक्षले भत्काइ दिने काम पनि कतिपय ठाउँमा भएका छन् । स्थानीय राजनीतिक दलबीचमा सहमति नभइकन विद्यालयको पूर्वाधार निर्माण कार्य पूरा गर्न कठीन छ ।

*खोटाङका शिक्षा अधिकारीसँगको कुराकानी*

**तालिका ३.४ : विद्यालयमा पर्याप्त कर्मचारी भए-नभएको**

| | संख्या | प्रतिशत |
|---|---|---|
| छन् | ७० | ३५.२० |
| छैनन् | १२९ | ६४.८० |
| **जम्मा** | **१९९** | **१००** |




*चित्र ३.२ : विद्यालयमा पर्याप्त कर्मचारी नहुँदाको व्यवस्थापन*

सर्वेक्षणमा सहभागीमध्ये एक तिहाईभन्दा अलिकम (२९ प्रतिशत) प्रअले आन्तरिक स्रोतबाट नियुक्त हुने शिक्षक/कर्मचारी छनोटमा बाहिरी दबाब आउने गरेको बताए (तालिका ३.५)।

**आन्तरिक स्रोतमा शिक्षक/कर्मचारी नियुक्त गर्दाका कठिनाइ**

**तालिका ३.५ : विद्यालयले आन्तरिक स्रोतबाट कर्मचारीको नियुक्त गर्दा बाहिरी दबाब**

| | प्रतिशत |
|---|---|
| आउँछ | २९ |
| आउँदैन | ७१ |
| **जम्मा** | **१००** |




*चित्र ३.३ : कर्मचारी नियुक्तिमा दबाबको स्रोत*

हामीले विद्यालयले आन्तरिक स्रोतमा कर्मचारी नियुक्त गर्दा कहाँ/कोबाट आँउछ भन्ने जान्न चाहेका थियौँ र सो प्रश्न प्रअलाई सोधेका थियौँ। बाहिरी दबाब आउँछ भन्ने प्रअमध्ये दुई तिहाईले यस्तो दबाब स्थानीय राजनीतिक दलबाट आउने गरेको बताए। त्यस्तै, करिब ४६ प्रतिशतले स्थानीयबाट, करिब १० प्रतिशतले शिक्षक संघ-संगठन, र करिब १० प्रतिशतले विद्यालय व्यवस्थापन समितिबाट दबाब आउने बताए। करिब ७ प्रतिशत उत्तरदाताले भने शिक्षक/कर्मचारी नियुक्तिमा जिल्ला शिक्षा कार्यालयबाट समेत दबाब आउने बताए (चित्र ३.३)।

**आन्तरिक स्रोतमा नियुक्त शिक्षक/ कर्मचारीको पारिश्रमिक: न पर्याप्त, न समयमा**

यसरी आन्तरिक स्रोतमा नियुक्त शिक्षक/कर्मचारीले सरकारी शिक्षक/कर्मचारी सरह तलब पाउँदैनन्। सर्वेक्षणमा सहभागीमध्ये करिब ९२ प्रतिशत प्रअले आन्तरिक स्रोतमा नियुक्त शिक्षक तथा कर्मचारीले सरकारी शिक्षक/कर्मचारी सरह तलब नपाउने बताएका थिए।




*चित्र ३.४ : आन्तरिक स्रोतबाट नियुक्त कर्मचारीले समयमै तलब नपाउनका कारण*

करिब एक तिहाई (३५ प्रतिशत) प्रअले आन्तरिक स्रोतमा नियुक्त भएका शिक्षक/कर्मचारीले समयमै तलब समेत नपाउने बताएका थिए (तालिका ३.६)। विद्यालयको नियमित आम्दानी नभएकाले समयमै तलब नपाउने बताइयो। करिब ८३ प्रतिशत प्रअले त्यस्तो जवाफ दिएका थिए। सानो हिस्सा (करिब १७ प्रतिशत) ले भने तलबका लागि छुट्टाइएको रकम अन्य प्रयोजनमा खर्च हुने/भएका कारण शिक्षक/कर्मचारीले समयमै तलब दिन नसकेको बताएका थिए (चित्र ३.४)।

**तालिका ३.६ : आन्तरिक स्रोतबाट नियुक्त शिक्षक/कर्मचारीले समयमै तलब पाउने-नपाउने**

| | प्रतिशत |
|---|---|
| पाउँछन् | ६४.७० |
| पाउँदैन | ३५.३० |
| **जम्मा** | **१००** |

**बक्स ३.५ : आन्तरिक स्रोतमा राखेका शिक्षकको तलब**

विद्यालयमा आन्तरिक स्रोतमा राखेका शिक्षकको तलबको व्यवस्थापन के-कसरी भइरहेको छ भन्ने जिज्ञासा खुला प्रश्नको रूपमा हामीले प्रअ समक्ष राखेका थियौँ । कुराकानी गरिएका अधिकांश प्रअले विद्यालयले आन्तरिक स्रोतमा राखेका शिक्षक/शिक्षिकाको तलब/सेवा सुविधाको व्यवस्थापन गर्न कठिन परेको बताएका थिए । सरकारले विद्यालय सञ्चालन स्वीकृति दिने तर विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने शिक्षक दरबन्दी उपलब्ध गराउन नसकेका कारण सामुदायिक विद्यालयहरू आन्तरिक स्रोतमा शिक्षक राख्न बाध्य छन् । उदाहरणका लागि, कालिकोटको रूपादेवी प्राविमा सरकारले कुनै पनि शिक्षक दरबन्दी दिएको छैन । यस विद्यालयका शिक्षकले मासिक रु. दुईदेखि तीन हजार सम्ममा काम गरिरहेका छन् । यो विद्यालयमा प्रअको तलब पनि चार हजार रुपियाँ मात्रै हो ।

विशेष गरी पहाडी जिल्लाका कतिपय विद्यालयले आन्तरिक स्रोतमा राखेका शिक्षकलाई समयमा तलब दिन सकिरहेका छैनन् । बैतडीको रौलेश्वर प्रावि यसको एउटा प्रतिनिधि उदाहरण हो । यस विद्यालयमा लामो समयदेखि शिक्षकले तलब पाएका छैनन् । यद्यपि कुनै दिन तलब पाउने आशामा उनीहरू विद्यालयमा पढाइरहेका छन् । विद्यालयको ऋण मात्र रु. १० लाख नाघिसकेको छ । रौलेश्वर प्रावि जस्तै अध्ययनमा परेका अन्य केही विद्यालय समेत ऋणमा चलेको बताइयो । पूर्वी पहाडी जिल्ला खोटाङको जनविकास निम्न माध्यमिक विद्यालयका प्रअ सुरेन्द्र राई भन्छन्:

> विद्यालय सञ्चालनका लागि आन्तरिक स्रोतका शिक्षक चाहिन्छ । स्थानीय निकायसँग आर्थिक सहयोग मागेर निजी स्रोतका चार जना शिक्षकलाई तीन महिना तलब खुवाइयो । अब भने शिक्षकलाई तलब खुवाउन नसकिने भयो । अघिल्लो साल पनि स्कूल ऋण मै चलेको थियो । यस वर्ष शिक्षकलाई तलब खुवाउनका लागि ऋण काढ्ने कोशिश पनि गरेको हो । १२ महिना ऋण लिएर तलब खुवाउँदा उसै पनि विद्यालय कमजोर भइसकेको थियो । यस विषयमा शिक्षा कार्यलयमा पनि निवेदन दिएकै हो । तर कुनै सुनुवाइ भएन । आन्तरिक शिक्षकलाई विद्यालयमा टिकाइ राख्न एकदम कोशिश गऱ्यौँ, तर सकेनौँ । आन्तरिक स्रोतमा राखेको शिक्षकको तलब गाविसले दिन्छ कि भन्ने आशा थियो । दिएन । अहिले गाविसको प्राथमिकता शिक्षा होइन बाटो हो, गाउँघरका मानिसलाई बाटो चाहिएको छ, बजेट सबै बाटोमा नै जान्छ ।

कालिकोट, बैतडी, मकवानपुर र खोटाङ जस्ता जिल्लाका विद्यालयको आन्तरिक स्रोत खासै नभएकाले तिनलाई निजी स्रोतमा शिक्षक राख्न समस्या परेको देखियो । अध्ययनमा परेका केही विद्यालयले निश्चित रकम ब्याजमा लगाउने र ब्याजबाट निजी स्रोतमा शिक्षक राखेको पाइयो । खोटाङको कालिका र जनविकास प्रावि यसका उदाहरण हुन् । आन्तरिक स्रोतमा राखेको शिक्षकको तलब/सुविधा व्यवस्थापन गर्न विद्यालयहरूले फरक-फरक रणनीति अपनाएको प्रअसँग गरिएका अन्तर्वार्ताबाट देखिन्छ । केही विद्यालयले आन्तरिक स्रोतका शिक्षकको तलबका लागि स्थानीय निकायबाट निश्चित अनुदान ल्याउन सकेका छन् । केही विद्यालयमा आन्तरिक स्रोतमा राखेका शिक्षकको तलब स्थानीय गैरसरकारी संस्थाले समेत बेहोरेको पाइयो । अध्ययनमा परेको पाल्पा राजापानी स्थित निम्न माध्यमिक विद्यालयमा निजी स्रोतमा कार्यरत शिक्षकको तलब स्थानीय सामुदायिक वनले बेहोरेको छ ।


तस्बिर © किशोर उचाई @ सर्लाही


तस्बिर © दिलबिक्रम आङ्देम्बे @ कालिकोट




तस्बिर © भुवनेश्वर शर्मा र युवराज कोइराला @ सर्लाही

परिच्छेद ४

# विद्यालयको वार्षिक योजना, बजेट र सामाजिक परीक्षण

यो परिच्छेदमा वार्षिक योजना तथा बजेट र सामाजिक लेखा परीक्षण सम्बन्धी सर्वेक्षणबाट प्राप्त नतिजालाई प्रस्तुत गरिएको छ । सर्वेक्षण गरिएका विद्यालयमध्ये धेरैले नियमित वार्षिक बजेट तयार गर्ने गरेको बताए । विद्यालय सुधार योजनामा बजेट बनाउनै पर्ने कारण भएकाले गर्दा पनि विद्यालयहरूले बजेट बनाएको उत्तरदाताहरूले बताए थिए । धेरैजसो माध्यमिक विद्यालयमा प्रधानाध्यापक (प्रअ) र लेखा राख्ने कर्मचारी मिलेर तथा प्रावि/आधारभूत विद्यालयमा भने प्रअले बजेट बनाएको पाइएको छ । तर अनौठो त के भने, व्यवस्थापन समितिका बैठकमा विद्यालयको बजेट तथा आय-व्ययबारे खासै छलफल हुँदैन । वित्त परिचालनमा विद्यालयहरूलाई खासै स्वतन्त्रता भएको देखिएन । जिल्ला शिक्षा कार्यालयले निश्चित शीर्षकमा खर्च गर्ने गरी रकम विनियोजन गरेको हुन्छ, जसमा नियमतः तलमाथि गर्ने ठाउँ हुँदैन । त्यसबाहेक, विद्यालयले प्राप्त गर्ने सरकारी अनुदान परिचालन गर्न मन्त्रालयले विद्यालय लेखांकन निर्देशिका, खरिद निर्देशिका, आन्तरिक नियन्त्रण निर्देशिका र आर्थिक जोखिम व्यवस्थापन कार्ययोजना जस्ता नीतिगत दस्तावेज बनाएको छ (शर्मा र अरू सन् २०१८) । धेरैजसो विद्यालय यसैलाई अनुसरण गरेर विद्यालयको आय-व्यय विवरण तयार गर्छन् ।

## वार्षिक योजना

विद्यालयहरूले हरेक वर्ष वार्षिक योजना तथा बजेट तर्जुमा गर्ने वा नगर्ने बारे तीनै थरी उत्तरदाता—प्रअ, लेखापाल, र विव्यस अध्यक्ष—सँग उही प्रश्न सोधिएको थियो । उत्तरदाताहरू जवाफको आवृत्ति ठ्याक्कै उही नआए पनि कम्तिमा २० प्रतिशत विद्यालयमा हरेक वर्ष वार्षिक योजना तथा बजेट नबन्ने तथ्य उजागर गरेको छ (तालिका ४.१) । मौजुदा शिक्षा ऐनमा विद्यालयले वार्षिक योजना बनाउनु पर्ने प्रावधान छ ।

**वार्षिक योजना तथा बजेट धेरै विद्यालयले बनाउँछन्**

**तालिका ४.१ : विद्यालयको वार्षिक योजना तथा बजेट (प्रतिशतमा)**

| | प्रअ | | लेखापाल | | विव्यस अध्यक्ष | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| बनाउँछ | १५३ | ७६.८८ | १४३ | ७२.९६ | १४३ | ७५.२६ |
| बनाउँदैन | ४६ | २३.१२ | ५३ | २७.०४ | ३८ | २०.०० |
| थाहा छैन | | | | | ९ | ४.७४ |
| **जम्मा** | **१९९** | **१००** | **१९६** | **१००** | **१९०** | **१००** |




*चित्र ४.१ : वार्षिक योजनामा समेटिने आम्दानी स्रोत*

करिब ५६ प्रतिशत प्रअले मात्र विद्यालयले हरेक वर्ष वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा विद्यालयलाई प्राप्त हुने सबै स्रोतलाई समावेश गर्ने बताएका थिए। त्यसैगरी, करिब ३४ प्रतिशत प्रअले विद्यालयले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा जिशिकाबाट प्राप्त स्रोत मात्र उल्लेख गर्ने बताए। विद्यालयको वार्षिक योजना तथा बजेट बनाउँदा जिशिका मार्फत प्राप्त हुने अनुदान तथा विद्यालयको आन्तरिक स्रोत दुवै समावेश गर्ने विद्यालय एक चौथाई जति (२७ प्रतिशत) देखिए (चित्र ४.१)।[1] कतिपय विद्यालयले आन्तरिक स्रोतबाट प्राप्त आम्दानीलाई विद्यालयको वार्षिक योजना तथा बजेटमा उल्लेख नगर्ने समेत यसबाट देखिन्छ।




*चित्र ४.२ : विद्यालयको वार्षिक योजना तथा बजेट निर्माणमा संलग्न हुनेहरू*

[1] एकभन्दा बढी उत्तर रोज्न सक्ने भएकाले यी तालिका, चित्र र अन्य केहीमा कूल प्रतिशत १०० नाघ्छ।

सर्वेक्षणबाट प्राप्त तथ्यांकले विद्यालयको वार्षिक योजना तथा बजेट बनाउने प्रक्रियामा लेखापालको उपस्थिति कम हुने देखायो । जम्मा ३९ प्रतिशत प्रअले मात्र विद्यालयको वार्षिक योजना तथा बजेट बनाउने प्रक्रियामा लेखापाल सहभागी हुने बताएका थिए । यही प्रश्न विव्यस अध्यक्ष र लेखापाललाई समेत सोधिएको थियो । उनीहरूबाट प्राप्त जवाफ पनि प्रअसँग मिलेको पाइयो । सर्वेक्षणमा सहभागीमध्ये ६० प्रतिशत भन्दा बढीले विद्यालयको वार्षिक योजना तथा बजेट बनाउने कार्यमा अभिभावक समेत सहभागी हुने बताए । त्यस्तै, ५० प्रतिशतभन्दा बढी उत्तरदाताले विद्यालयको वार्षिक योजना र बजेट निर्माण प्रक्रियामा शिक्षक संगठनका प्रतिनिधि उपस्थित हुने बताएका थिए । वार्षिक योजना तथा बजेट बनाउने कार्यमा तुलनात्मक रूपमा विद्यार्थीहरूको पनि कमजोर (करिब ३६ प्रतिशत) उपस्थिति हुने पाइयो (चित्र ४.२) ।

**वार्षिक योजना निर्माणमा सहभागिता**

**तालिका ४.२ : विद्यालयमा वार्षिक योजना तथा बजेट स्वीकृत गरिने-नगरिने (प्रतिशतमा)**

| | प्रअ | विव्यस |
|---|---|---|
| गरिन्छ | ७४.०० | ७१.८० |
| गरिँदैन | २५.५० | २२.८० |
| थाहा छैन | ०.५० | ५.४० |
| **जम्मा** | **१००** | **१००** |

विद्यालयहरूले वार्षिक योजना तथा बजेट बनाए पनि करिब तीन चौथाईले (७४ प्रतिशत) मात्र त्यसमाथि छलफल गरेर पारित या स्वीकृत गर्ने चलन भएको बताए । करिब एक चौथाई विद्यालयमा त्यस्तो प्रचलन नभएको पाइयो । एक जना प्रअले स्वीकृत गर्नुपर्छ भन्ने आफूलाई थाहा नभएको बताए । विव्यसका अध्यक्षमध्ये १० जनालाई स्वीकृती गर्नु पर्ने प्रावधानबारे जानकारी थिएन (तालिका ४.२) ।




*चित्र ४.३ : विद्यालयको वार्षिक योजना तथा बजेट स्वीकृत गर्ने निकाय*

वार्षिक योजना तथा बजेट बनाएपछि कसरी, कुन प्रक्रियाबाट स्वीकृत गरिन्छ भनेर हामीले जान्न चाहेका थियौँ। यो प्रश्नको उत्तरमा तीन चौथाई भन्दा बढी उत्तरदाताले (करिब ७८ प्रतिशत) ले विद्यालयको वार्षिक योजना तथा बजेट विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गर्ने बताएका थिए। त्यस्तै, करिब एक चौथाई उत्तरदाताले अभिभावक भेला, र सानो संख्याले शिक्षक बैठक र जिल्ला शिक्षा कार्यालयबाट समेत स्वीकृत गर्ने बताए (चित्र ४.३)।

**धेरै विद्यालयले सामाजिक परीक्षण गराउँछन्**

बितेको केही समय (२०५९ साल) देखि नेपालमा सामुदायिक विद्यालयहरूले सामाजिक परीक्षण समेत गर्नुपर्ने प्रावधान राखिएको छ (शिक्षा नियमावली २०५९)। विद्यालयको सामाजिक परीक्षण (सोसल अडिट) भन्नाले जुन समुदायमा विद्यालय अवस्थित छ, सो समुदायसामु विद्यालयले वर्ष भरि गरेका गतिविधि, प्रगति, आय-व्यय आदि प्रस्तुत गर्नु हो। यसले गर्दा विद्यालयमा भएका समस्याको निराकरण, बदमासी भएको अवस्थामा रोकथाम र समुदायप्रति विद्यालय उत्तरदायी भएको ठहर्ने हुनाले यसको महत्ता छ। सर्वेक्षित विद्यालयहरूको ठूलो संख्याले सामाजिक परीक्षण गर्ने गरेको बताए। यद्यपि, करिब ८ प्रतिशत विद्यालयमा भने यस्तो सामाजिक परीक्षण नहुने देखियो (तालिका ४.३)।

**तालिका ४.३ : सामुदायिक विद्यालय र वार्षिक सामाजिक परीक्षण**

| | प्रअ | | लेखापाल | | विव्यस अध्यक्ष | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| गर्छ | १८३ | ९१.९६ | १८२ | ९२.३९ | १७१ | ९०.४८ |
| गर्दैन | १६ | ८.०४ | १५ | ७.६१ | ११ | ५.८२ |
| थाहा छैन | | | | | ७ | ३.७० |
| **जम्मा** | **१९९** | **१००** | **१९७** | **१००** | **१८९** | **१००** |

प्रत्येक वर्ष सामाजिक परीक्षण गर्ने मध्ये ९५ प्रतिशतभन्दा बढी विद्यालयले सामाजिक परीक्षणको प्रतिवेदन अभिभावक भेलामा प्रस्तुत गर्ने गरेको बताए (तालिका ४.४)।

**तालिका ४.४ : सामाजिक परीक्षण प्रतिवेदन अभिभावक भेलामा प्रस्तुत गर्ने-नगर्ने (प्रतिशतमा)**

| | प्रअ | लेखापाल | विव्यस अध्यक्ष |
|---|---|---|---|
| गर्छ | ९४.८० | ९७.८० | ९३.६० |
| गर्दैन | ५.२० | २.२० | ४.७० |
| थाहा छैन | | | १.७० |
| **जम्मा** | **१००** | **१००** | **१००** |

सामाजिक परीक्षण गरेको छैन भन्ने २२ जनामध्ये करिब १८ प्रतिशत प्रअले थाहा नभएर, करिब १८ प्रतिशतले गर्न आवश्यक नभएर र करिब १४ प्रतिशतले बजेट नभएर नगराएको भने। यही प्रश्न विव्यसका

अध्यक्षलाई सोद्धा २५ प्रतिशतले बजेट नभएर, करिब १३ प्रतिशतले थाहा नभएर र ६ प्रतिशतले गर्न आवश्यक नभएर भन्ने उत्तर दिएका थिए (चित्र ४.४) । सामाजिक परीक्षण नहुने अन्य कारणमा जिशिकाको निर्देशन, समय अभाव र पहिलेको प्रअले नगराएको र अहिलेको प्रअ नयाँ भएको जस्ता कारण रहेका छन् ।




*चित्र ४.४ : वर्षेनी सामाजिक परीक्षण नगराउनुको कारण*

पछिल्लो सामाजिक परीक्षणबारे प्रश्न गरिँदा करिब दुई-तिहाईले अघिल्लो आर्थिक वर्ष र करिब २१ प्रतिशतले दुई वर्षअघि सामाजिक परीक्षण गराएको उत्तर दिए (चित्र ४.५) । यसले केही विद्यालयले सामाजिक परीक्षण नगराउने र गराएका मध्ये पनि उल्लेख्य हिस्साले नियमित सामाजिक परीक्षण नगराएको पाइयो ।




*चित्र ४.५ : विद्यालयको पछिल्लो सामाजिक परीक्षण*

विद्यालयहरूले वार्षिक गर्ने सामाजिक परीक्षणमा को-को उपस्थित हुन्छन् भनेर हामीले जान्न खोजेका थियौँ र यो प्रश्न हामीले प्रअ, विव्यस अध्यक्ष र लेखापाल तीनै जनालाई गरेका थियौँ। उनीहरूको जवाफबाट सामाजिक परीक्षणमा मूलतः विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, प्रधानाध्यापक, शिक्षक प्रतिनिधि र अभिभावक प्रतिनिधि उपस्थित हुने देखियो। करिब आधा जति विद्यालयमा सामाजिक परीक्षणमा विद्यार्थी या विद्यार्थी प्रतिनिधिको समेत उपस्थिति रहने बताइयो (चित्र ४.६)।




*चित्र ४.६ : सामाजिक परीक्षण प्रतिवेदन अभिभावक भेलामा प्रस्तुत गर्ने-नगर्ने*

शिक्षा मन्त्रालयले सामाजिक परीक्षण निर्देशिका तयार पारेको छ (शिक्षा मन्त्रालय २०७२)। तर, यो निर्देशिकाबारे करिब १९ प्रतिशत प्रअ र २८ प्रतिशत लेखापाल बेखबर रहेको पाइयो। सामाजिक परीक्षणबारे थाहा भएको उत्तर दिने प्रअमध्ये करिब २७ प्रतिशतले त्यस्तो सामाजिक परीक्षण निर्देशिका विद्यालयमा नभएको बताए। अर्थात् समग्रमा ४० प्रतिशत विद्यालयमा या त शिक्षा मन्त्रालयले तयार पारेको सामाजिक निर्देशिकाबारे या त जानकारी छैन, र जानकारी भए तापनि सो निर्देशिका उपलब्ध छैन (तालिका ४.५ र ४.६)।

**तालिका ४.५ : सामाजिक परीक्षण निर्देशिकाबारे जानकारी (प्रतिशतमा)**

| | प्रअ | लेखापाल |
|---|---|---|
| छ | ८०.८० | ७२.३० |
| छैन | १९.२० | २७.७० |
| **जम्मा** | **१००** | **१००** |

**तालिका ४.६ : सामाजिक परीक्षण निर्देशिका विद्यालयमा भए-नभएको (प्रतिशतमा)**

| | प्रअ | लेखापाल |
|---|---|---|
| छ | ७२.१० | ७२.९० |
| छैन | २७.३० | २७.१० |
| थाहा छैन | ०.६० | ० |
| **जम्मा** | **१००** | **१००** |

**बक्स ४.१ : वार्षिक लेखा परीक्षण र समस्या**

सामुदायिक विद्यालयहरूले लेखा परीक्षण कसरी गरिरहेका छन् ? लेखा परीक्षण गर्दा के-कस्ता समस्या आइपर्छन्? भन्नेबारे विद्यालयका प्रअ/लेखापालसँग सर्वेक्षकहरूले खुला प्रश्न समेत सोधेका थिए। विद्यालयहरूले नियमित लेखा परीक्षण गर्न नसक्नुको एउटा कारण बजेट अभाव देखियो। विद्यालयहरूको लेखा परीक्षण प्रतिवेदन केलाउँदा प्रावि तहका धैरै विद्यालयमा लेखा परीक्षकको शुल्क एक हजारदेखि दुई हजारसम्म विनियोजन गरेको पाइयो। तर, विनियोजित रकमभन्दा बढी शुल्क लेखा परीक्षकलाई तिरेर लेखा परीक्षण गराउनु पर्ने बाध्यता भएको कुरा विद्यालयका प्रअहरूले बताएका थिए।

लेखा परीक्षणका लागि छुट्ट्याइएको रकम कम भएका कारण दुर्गमका यस्ता विद्यालयहरू कागजपत्र बोकेर सदरमुकाम या लेखा परीक्षकले तोकेको ठाउँमा पुग्ने गर्दछन्। यो समस्या लेखा परीक्षक शुल्क थोरै बढी भएको मावि र उच्च माविमा पनि देखिन्छ। धादिङ, मकवानपुर, पाल्पा, बैतडी जस्ता पहाडी जिल्लाका विद्यालयले विद्यालयका आय-व्ययका विवरण बोकेर लेखा परीक्षणका लागि जिल्ला सदरमुकाम जाने गरेको बताए।

निमावि, मावि र उच्च मावि तहमा लेखा परीक्षकको शुल्क विद्यालय अनुसार तलमाथि भएको देखिन्छ। यी विद्यालयको लेखा परीक्षक शुल्क सामान्यत: ५ हजारदेखि २५ हजारसम्म भए पनि दाङको एउटा विद्यालयले ६२ हजार ६ सयसम्म लेखा परीक्षक शुल्क बुझाएको विद्यालयको लेखा परीक्षण प्रतिवेदनमा देखिन्छ। यो विद्यालयको वार्षिक आय-व्यय २ करोड ५० लाखभन्दा बढी छ।

सर्वेक्षणमा छानिएका विद्यालयमध्ये १०३ ओटा विद्यालयको लेखा परीक्षण प्रतिवेदन (आर्थिक वर्ष २०७० देखि २०७४ भित्र भएका) लाई सर्सर्ती अध्ययन गर्दा विद्यालयको वार्षिक आय-व्ययमा विद्यालयको तह (प्राथमिक, आधारभूत र मावि वा उच्च मावि) अनुसार प्रशस्तै विविधता पाइयो। विद्यालयबाट प्राप्त लेखा परीक्षण प्रतिवेदन अध्ययन गर्दा सामान्यतया: प्राथमिक विद्यालयको वार्षिक आय-व्यय करिब २० लाख, निम्नमाध्यमिक तहमा करिब ४० लाख र माध्यमिक तहमा एक करोड हाराहारी हुने देखियो। मावि र उच्च मावि तहमा धैरै विद्यालयको ८० लाखदेखि १ करोड ५० लाखसम्म विद्यालयको आय-व्यय भएको देखियो।

लेखा परीक्षण प्रतिवेदन अध्ययन गर्दा लेखा परीक्षकले मुख्य रूपमा विद्यालयको आय-व्यय विवरण तथा भुक्तानीमा कुनै कैफियत नभए पनि विद्यमान शिक्षा ऐन र शिक्षा नियमावलीले निर्दिष्ट गरेको ढाँचा अनुरूप विद्यालयको लेखा राख्ने (दोहोरो श्रेस्ता प्रणाली, प्यान/भ्याट बिल, बैंक मार्फत मात्र नगद भुक्तानी दिने, आदि) कार्य हुन नसकेको जस्ता टिप्पणी गरेको देखियो।

हामीले विद्यालयका तीनै जना प्रमुख हर्ताकर्ता (प्रअ, विव्यस अध्यक्ष र लेखापाल) लाई लेखा परीक्षणबारे प्रश्न गरेका थियौँ । शिक्षा नियमावली, २०५९ को परिच्छेद ३० मा विद्यालयको बजेट, आय-व्ययको लेखा तथा अन्य व्यवस्था रहेको छ । यस परिच्छेदको नियम १७१ मा लेखा परीक्षण गराउनेबारे निम्न प्रावधान छ: व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष जिल्ला शिक्षा कार्यालयबाट नियुक्त लेखापरीक्षकबाट विद्यालयको लेखा परीक्षण गराउनु पर्नेछ । सर्वेक्षणमा सहभागीमध्ये ८६ प्रतिशतभन्दा बढी (८८ प्रतिशत प्रअ, ८६ प्रतिशत विव्यस र ८९ प्रतिशत लेखापाल) ले वार्षिक रूपमा लेखा परीक्षण गराउने दावी गरे (तालिका ४.७) ।

**तालिका ४.७ : सामुदायिक विद्यालयमा वार्षिक लेखा परीक्षण (प्रतिशतमा)**

| | प्रअ | लेखापाल | विव्यस अध्यक्ष |
|---|---|---|---|
| छ | ८८.३० | ८९.३० | ८६.२० |
| छैन | ११.७० | १०.७० | ९.६० |
| थाहा छैन | | | ४.२० |
| **जम्मा** | **१००** | **१००** | **१००** |

**लेखा परीक्षण नगराउने विद्यालय मध्ये प्राविको संख्या तुलनात्मक रूपमा बढी**

वार्षिक रूपमा लेखा परीक्षण नगराउने विद्यालय केलाउँदा प्राविको संख्या तुलनात्मक रूपमा धेरै (करिब १८ प्रतिशत) भएको पाइयो । करिब ५ प्रतिशत आधारभूत र त्यतिकै प्रतिशत माविले वार्षिक लेखा परीक्षण नगराएको बताए । सर्वेक्षणमा परेका २९ उच्च माविमध्ये एउटा उच्चमाविले पनि नियमित लेखा परीक्षण नगराएको देखियो (चित्र ४.७) ।




*चित्र ४.७ : सामुदायिक विद्यालय र वार्षिक लेखा परीक्षण (तहगत रूपमा)*

जिल्लागत रूपमा हेर्दा क्रमश: बैतडी (४४ प्रतिशत), सर्लाही (२२ प्रतिशत) र धादिङ (१८ प्रतिशत) विद्यालयले प्रत्येक वर्ष लेखा परीक्षण नगराएको पाइयो (चित्र ४.८) ।




*चित्र ४.८ : सामुदायिक विद्यालयमा वार्षिक लेखा परीक्षण (जिल्लागत रूपमा)*

महालेखा परीक्षकको प्रतिवेदनमा वित्तीय व्यवस्थापनमा राम्रो र नराम्रो गर्ने जिल्लामा रहेका विद्यालयबीच लेखा परीक्षण गराउने या नगराउने बारेमा कुनै अन्तर देखिन्छ कि भनेर हेर्न खोजिएको थियो । महालेखा परीक्षकको प्रतिवेदनले वित्तीय व्यवस्थापनमा कमजोर भनेका जिल्लाहरूले नै तुलनात्मक रूपमा कम लेखा परीक्षण गर्ने (८ प्रतिशतको भिन्नता) पाइयो (तालिका ४.८) ।

**महालेखा परीक्षकको प्रतिवेदनले वित्तीय व्यवस्थापनमा कमजोर ठहऱ्याएका जिल्लामा समग्रमा लेखा परीक्षण कम**

**तालिका ४.८ : वित्तीय व्यवस्थापनमा माथिल्लो श्रेणी र तल्लो श्रेणीका जिल्लामा विद्यालयले प्रत्येक वर्ष लेखा परीक्षण गराउने-नगराउने**

| बेरुजू अनुसार माथिल्लो र तल्लो श्रेणीका जिल्ला | | गराउने | प्रतिशत | नगराउने | प्रतिशत |
|---|---|---|---|---|---|
| | माथिल्लो श्रेणी | ८५ | ९२.३९ | ७ | ७.६९ |
| | तल्लो श्रेणी | ९० | ८४.११ | १७ | १५.८९ |

उत्तरदातामध्ये २४ विद्यालयका प्रअले प्रत्येक वर्ष विद्यालयको लेखा परीक्षण नगराएको जवाफ दिएका थिए । तीमध्ये ५० प्रतिशत (१२ जना) ले बजेट अभावका कारण विद्यालयले प्रत्येक वर्ष लेखा परीक्षण

नगराएको बताएका थिए। लेखापाल र विव्यस अध्यक्षहरूले पनि वार्षिक रूपमा लेखा परीक्षण नगराउनुको मुख्य कारणमा बजेटलाई देखाएका थिए (चित्र ४.९)। लेखा परीक्षण नगर्ने अन्य कारणमा राम्रो लेखा परीक्षक नभेटको, प्रअको समय नभएको र विव्यस अध्यक्ष बिरामी परेको जस्ता कारण बताइए।




*चित्र ४.९ : वर्षेनी लेखा परीक्षण नगराउनुको कारण*

हामीले लेखा परीक्षण हुने स्थानबारे पनि जानकारी लिन चाहेका थियौँ। सर्वेक्षणमा सहभागी उत्तरदातामध्ये करिब आधाले मात्र लेखा परीक्षक विद्यालयमा आएर लेखा परीक्षण गर्ने बताए। आधा जति उत्तरदाताले लेखा परीक्षकले तोकेका ठाउँमै विद्यालयको खातापाता लगेर लेखा परीक्षण गर्ने जानकारी दिए (चित्र ४.१०)।




*चित्र ४.१० : नियमित लेखा परीक्षण गर्ने स्थान*

खास गरी तराई तथा सुगम पहाडी जिल्लाको दाँजोमा (विकट) पहाडी जिल्ला (बैतडी, कालिकोट, धादिङ, संखुवासभा) का विद्यालयहरूको लेखा परीक्षण लेखा परीक्षकले तोकेको ठाउँमा हुने गरेको पाइयो (तालिका ४.९)। मावि (२४ प्रतिशत) को भन्दा प्रावि (६० प्रतिशत) को लेखा परीक्षण लेखा परीक्षकले तोकेको स्थानमा हुने गरेको पाइयो (तालिका ४.१०)।

**दुर्गम र पहाडी जिल्लामा विद्यालयको लेखा परीक्षण लेखा परीक्षकले तोकेका ठाउँमा हुने**

**तालिका ४.९ : नियमित लेखा परीक्षण हुने स्थान (जिल्लागत रूपमा)**

| | | लेखा परीक्षक विद्यालयमै आएर | लेखा परीक्षकले तोकेको ठाउँमा | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| जिल्ला | बैतडी | २ | ११ | १ | १४ |
| | बारा | ११ | २ | १ | १४ |
| | दाङ | ६ | ७ | ० | १३ |
| | धादिङ | ७ | ११ | ० | १८ |
| | कालिकोट | १ | ११ | ० | १२ |
| | कञ्चनपुर | ४ | ४ | ० | ८ |
| | खोटाङ | १३ | ६ | १ | २० |
| | मकवानपुर | ११ | ९ | ० | २० |
| | पाल्पा | १३ | ३ | ० | १६ |
| | संखुवासभा | ५ | १३ | ४ | २२ |
| | सर्लाही | १३ | ७ | ० | २० |
| **जम्मा** | | **८६** | **८४** | **७** | **१७७** |

लेखा परीक्षण गरिएपश्चात सो प्रतिवेदन विव्यसको बैठकमा प्रस्तुत गरिन्छ भन्ने उत्तरदाता ९० प्रतिशतभन्दा बढी थिए। करिब ५ प्रतिशत विद्यालयमा लेखा परीक्षणको प्रतिवेदन विव्यस बैठकमा प्रस्तुत हुन नसकेको बताएका थिए (चित्र ४.११)।

**तालिका ४.१० : नियमित लेखा परीक्षण हुने स्थान (तहगत रूपमा)**

| | | लेखा परीक्षक विद्यालयमै आएर | प्रतिशत | लेखा परीक्षकले तोकेको ठाउँमा | प्रतिशत | अन्य | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| विद्यालय तह | १–५ कक्षा | २९ | ३७.१८ | ४७ | ६०.२६ | २ | २.५६ |
| | १–८ कक्षा | १९ | ५२.७८ | १५ | ४१.६७ | २ | ५.५६ |
| | १–१० कक्षा | २४ | ७०.५९ | ८ | २३.५३ | २ | ५.८८ |
| | १–१२ कक्षा | १४ | ४८.२८ | १४ | ४८.२८ | १ | ३.४५ |




*चित्र ४.११ : लेखा परीक्षण प्रतिवेदन विव्यसको वैठकमा पेश गरिने-नगरिने*

हामीले सहभागीसँग पछिल्लो लेखा परीक्षणबारे प्रश्न सोधेका थियौँ। अघिल्लो आर्थिक वर्ष (२०७३/७४) को लेखा परीक्षण गर्ने विद्यालय करिब एक तिहाई मात्र भएको पाइयो। त्यस्तै, पछिल्लो पटक आर्थिक वर्ष २०७२/७३ को लेखा परीक्षण गरेको भन्ने उत्तरदाता करिब ४६ प्रतिशत थिए। अर्थात् करिब २० प्रतिशत विद्यालयले लेखा परीक्षण नगरेको तीन वा तीनभन्दा बढी वर्ष भइसकेको छ, जुन उनीहरूको प्रत्येक वर्ष गराउँछौँ भन्ने दावीसँग संगती राख्दैन (चित्र ४.१२)।




*चित्र ४.१२ : विद्यालयको पछिल्लो लेखा परीक्षण*

**तालिका ४.११ : पछिल्लो लेखा परीक्षणमा बेरुजू भए-नभएको**

| | प्रअ | लेखापाल |
|---|---|---|
| थियो | ११.३० | १०.६० |
| थिएन | ८८.७० | ८९.४० |
| **जम्मा** | **१००** | **१००** |

सर्वेक्षणबाट प्राप्त जानकारी अनुसार करिब ११ प्रतिशत विद्यालयको लेखा परीक्षणमा मात्र लेखा परीक्षकले बेरुजू नोट गरेका थिए (तालिका ४.११)। जसको सकारात्मक पाटो हो: विद्यालयहरूको ठूलो हिस्सामा बेरुजूको समस्या छैन। तर अर्को तरिकाले हेर्दा करिब ३० प्रतिशत विद्यालयमा या लेखा परीक्षण नै भइरहेको छैन, या भए पनि नियमित भैरहेको छैन, र त्यहाँ बेरुजू पनि छ। प्रावि (१३ प्रतिशत), मावि (१३ प्रतिशत) र उच्च मावि (१४ प्रतिशत) मा बेरुजू लगभग उस्तै देखियो। निमाविमा भने बेरुजू कम (५ प्रतिशत) देखियो (चित्र ४.१३)।




*चित्र ४.१३ : पछिल्लो लेखा परीक्षणमा बेरुजू भए-नभएको (तहगत रूपमा)*

जिल्लागत रूपमा हेर्दा विद्यालयको बेरुजूमा उल्लेखनीय भिन्नता पाइयो। उदाहरणका लागि खोटाङ (२५ प्रतिशत) का एक चौथाई विद्यालयमा बेरुजू देखिएको छ। त्यसै गरी बेरुजू बढी हुने जिल्लामा क्रमश: बैतडी (१६ प्रतिशत), संखुवासभा (१४ प्रतिशत), कञ्चनपुर (१३ प्रतिशत) र धादिङ (१० प्रतिशत) रहेका छन् (तालिका ४.१३)। महालेखा परीक्षकको प्रतिवेदनले वित्तीय व्यवस्थापन तुलनात्मक रूपमा खराब देखाएका जिल्लाहरूमै यस सर्वेक्षणमा पनि बढी बेरुजू भएको देखिएको छ (तालिका ४.१२)।

**मलेपकाले बेरुजू देखाएका जिल्लाहरूमै यस सर्वेक्षणमा पनि बढी बेरुजू देखियो**

**तालिका ४.१२ : वित्तीय व्यवस्थापनमा माथिल्लो श्रेणी र तल्लो श्रेणीका विद्यालयको पछिल्लो पटकको लेखा परीक्षणमा देखिएको बेरुजू**

| | | थियो | प्रतिशत | थिएन | प्रतिशत |
|---|---|---|---|---|---|
| बेरुजू अनुसार माथिल्लो र तल्लो श्रेणीका जिल्ला | माथिल्लो श्रेणी | ७ | ७.७८ | ८३ | ९२.२२ |
| | तल्लो श्रेणी | १५ | १४.४२ | ८९ | ८५.५८ |

**तालिका ४.१३ : पछिल्लो लेखा परीक्षणमा बेरुजू भए-नभएको (जिल्लागत रूपमा)**

| | | छ | प्रतिशत | छैन | प्रतिशत |
|---|---|---|---|---|---|
| जिल्ला | बैतडी | ४ | १६.०० | २१ | ८४.०० |
| | बारा | १ | ७.१४ | १३ | ९२.८६ |
| | दाङ | ० | ०.०० | १३ | १००.०० |
| | धादिङ | २ | १०.०० | २० | १००.०० |
| | कालिकोट | १ | ९.०९ | १० | ९०.९१ |
| | कञ्चनपुर | १ | १२.५० | ७ | ८७.५० |
| | खोटाङ | ६ | २५.०० | १८ | ७५.०० |
| | मकवानपुर | १ | ५.८८ | १६ | ९४.१२ |
| | पाल्पा | १ | ५.८८ | १६ | ९४.१२ |
| | संखुवासभा | ३ | १३.६४ | १९ | ८६.३६ |
| | सर्लाही | २ | ९.५२ | १९ | ९०.४८ |

त्यसै गरी, पछिल्लो पटकको लेखा परीक्षणमा लेखा परीक्षकका प्रमुख सुझाव के-के थिए भन्ने प्रश्न समेत प्रअ र लेखापाललाई हामीले सोधेका थियौं । मुख्य रूपमा जिन्सीको रेकर्ड नभएको, पेस्की फछर्योट नभएको, एउटा शीर्षकको रकम अर्को शीर्षकमा खर्च भएको, नियमसंगत बिल-बिजक नभएको, समयमा कर नतिरेकोमा लेखा परीक्षकले टिप्पणी गरेको उत्तरदाताहरूले बताए ।

## बक्स ४.२ : सामुदायिक विद्यालयहरूको लेखा राख्ने प्रणाली

सर्वेक्षण प्रश्नावलीबाहेक सामुदायिक विद्यालयका प्रअ र लेखापालसँग विद्यालयको लेखा सम्बन्धमा थप खुला प्रश्न सोधिएका थिए । अधिकांश उत्तरदाताले विद्यालयको लेखा प्रणाली चाहेर पनि "व्यवस्थित/वैज्ञानिक तरिका" ले राख्न नसकेको बताए । सामुदायिक विद्यालयमा लेखा प्रणाली व्यवस्थित हुन नसक्नुका बहुल कारण उनीहरूले देखाएका छन् । पहिलो, अध्ययनमा सहभागी बहुसंख्यक प्रअ/लेखापालले विद्यालयमा लेखा राख्ने दक्ष जनशक्तिको अभाव देखाए । "व्यवस्थित तरिकाले लेखा राख्ने ज्ञानको" अभावका कारण लेखा प्रणालीमा समस्या भएको उनीहरूको भनाइ थियो । उदाहरणका लागि बैतडीस्थित भूमिराज प्राविका प्रअ पुष्पा चन्दले "विद्यालयमा लेखा कसरी राख्ने भन्नेबारे राम्रो ज्ञान नभएको कारण विद्यालयको आय-व्यय दोहोरो लेखा प्रणाली (डबल इन्ट्री सिस्टम) मा राख्न नसकिएको" बताइन् । यो प्रतिनिधि उदाहरण मात्र हो; कुराकानी गरेका धेरै लेखापालले विद्यालयको आय-व्ययको हिसाब डबल इन्ट्री सिस्टममा राख्न नसकेको बताएका थिए, किनभने धेरैको शैक्षिक योग्यता गैरलेखा विषय छ ।

अधिकांश विद्यालयमा प्रअ/शिक्षकले नै लेखाको समेत कार्य गर्नु पर्दा उनीहरूलाई दोहोरो जिम्मेवारी छ । अर्कोतर्फ, धेरै विद्यालयमा लेखा प्रणाली व्यवस्थित गर्न आवश्यक पर्ने भौतिक सामग्री—कम्प्युटर, प्रिन्टर, भौचर तथा रेकर्ड फाइल—राख्नका लागि टेबल/दराज र यी सबै व्यवस्थापन गर्न लेखा राख्ने छुट्टै कोठा छैन । आवश्यक न्यूनतम पूर्वाधारको अभावले गर्दा पनि विद्यालयको लेखा प्रणाली व्यवस्थित हुन नसकेको विद्यालयका प्रअ/लेखापालको कथन थियो ।

विशेष गरी पहाडी इलाकामा रहेका विद्यालयमा "कम्पाउण्ड वाल" नहुने, विद्यालय वस्तीबाट अलि टाढा हुने र साथै विद्यालयको हेरचाह गर्ने परिचारक या सुरक्षाकर्मीको व्यवस्था नहुने भएकाले विद्यालयको आय-व्यय लगायत अन्य महत्त्वपूर्ण कागजात प्रअकै घर/डेरामा राख्ने गरिएको पाइयो । कतिपय अवस्थामा व्यवहारिक कठिनाइका कारण चाहेर पनि लेखा राख्दा अपनाउनु पर्ने मूलभूत मान्यतालाई विद्यालयले लागू गर्न सकेका छैनन् । उदाहरणका लागि पहाडी (ग्रामीण) इलाकाका विद्यालयले स्थानीय बजारमा सामान खरिद गर्दा भ्याट/प्यान बिल नहुने, गाउँमा बैंक नजिक नहुँदा बैंकिङ कारोबार गर्न अप्ठ्यारो पर्ने र कतिपय अवस्थामा विद्यालयले स्थानीय पसलबाट उधारोमा सामान खरिद गर्नु पर्ने भएकाले पनि विद्यालयको आय-व्यय राख्दा अपनाउनु पर्ने न्यूनतम मापदण्ड पूरा गर्न नसकिएको लेखापालहरूले बताए । यसबाहेक, विद्यालयको आय-व्यय राख्ने जिम्मेवारी पाएको व्यक्ति परिवर्तन भइरहनु र सार्वजनिक खरिद ऐनको ज्ञान लेखा राख्नेसँग नभएकाले पनि विद्यालयमा लेखा राख्ने कार्य व्यवस्थति हुन नसकेको पाइयो ।

२०७३ साल साउन महिना देखि २०७४ साल असार महिना सम्मको जम्मा खर्च विवरण

(निजि कोष)

| | | |
|---|---|---|
| १. | निजी स्रोतका शिक्षक तलब | रु १,१२,४००/- |
| २. | परीक्षा शुल्क | रु ४,१६०/- |
| ३. | पुरुस्कार | रु १२००/- |
| ४. | परीक्षा कापी, अन्य परीक्षा सामग्री र विद्यार्थी हाजिर रजिस्टर | रु ५,३८०/- |
| ५ | नाटकको तयारीका लागी सामान खरिद | रु २,२४०/- |
| ६ | नाटकको विज्ञापन खर्च | रु २,०००/- |
| | जम्मा खर्च | रु १,२७,४९०/- |

कुल आम्दानी रु १,६३,६५२.३८/-

कुल खर्च रु १,२७,४९०/-

कुल बचत रु ३६,१६२.३८/-

तस्बिर © नारायण भण्डारी @ बैतडी

परिच्छेद ५

# विद्यालयको वित्त व्यवस्थापन

विद्यालयहरू राम्रोसँग सञ्चालन हुन विद्यालयको वित्तीय व्यवस्थापन प्रणालीले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। विद्यालयको वित्त व्यवस्थापनमा जोखिम नहोस् भन्ने उद्देश्यले सरकारले विभिन्न ऐन, नियम र कार्यविधि बनाई कार्यान्वयन गरेको छ। उदाहरणका लागि, विद्यालय लेखाङ्कन निर्देशिका, विद्यालय तहको खरिद निर्देशिका, आन्तरिक नियन्त्रण निर्देशिका, आर्थिक जोखिम व्यवस्थापन कार्य योजना जस्ता नीतिगत दस्तावेज सरकारले तयार गरेको छ। विद्यालयका वित्तीय व्यवस्थापनका प्रमुख पक्षमा यो परिच्छेद केन्द्रित छ।

सर्वेक्षणमा सहभागी विद्यालयका नेतृत्वकर्ताहरूलाई हामीले विद्यालयको आय-व्ययको हिसाब कसले राख्छ भनेर सोधेका थियौँ। करिब २५ प्रतिशत प्रअले र करिब २३ प्रतिशत विव्यस अध्यक्षले विद्यालयको हिसाबकिताब लेखापालले राख्ने बताए। करिब ६० प्रतिशत प्रअले विद्यालयको लेखा राख्ने देखियो। त्यस्तै, शिक्षकको सानो हिस्सा (करिब ७ प्रतिशत) ले पनि विद्यालयमा लेखा राख्ने देखियो (चित्र ५.१)।

**मुख्यत: प्रअले नै विद्यालयको हिसाबकिताब राख्छन्**




*चित्र ५.१ : विद्यालयको आय-व्ययको हिसाबकिताब राख्ने व्यक्ति (प्रतिशतमा)*

खास गरी धेरै माविमा पूर्णकालीन लेखापाल भएकाले लेखा पनि उनीहरूकै कार्यभार रहेको तर तल्लो तहका विद्यालयमा (पूर्णकालीन) लेखा कर्मचारी नभएकाले मुख्यत: प्रअ स्वयंले नै हिसाबकिताब राखेको पाइयो।

**विद्यालयका लेखा राख्ने व्यक्तिहरू तालिम प्राप्त छैनन्**

विद्यालयमा हिसाबकिताब राख्ने व्यक्ति तालिम प्राप्त भए-नभएको भन्ने कुराले विद्यालयको लेखा राख्ने प्रणालीमा प्रभाव पार्छ । लेखामा राम्रो ज्ञान भएको व्यक्तिले विद्यालयको हिसाबकिताब व्यवस्थित तरिकाले राख्ने सम्भावना रहन्छ । तर सर्वेक्षित विद्यालयमा लेखा राख्ने काममा संलग्नहरूको ठूलो हिस्सा (७० प्रतिशतभन्दा बढी) ले लेखा सम्बन्धी तालिम नपाएको बताए (तालिका ५.१) । उल्लेख्य त के छ भने, यी विद्यालयको हिसाबकिताब राख्ने व्यक्तिहरूमध्ये अधिकांशको शैक्षिक योग्यता पनि लेखा विषयमा छैन (चित्र २.१३) । उनीहरूमध्ये धैरैले शिक्षा र सामाजिक विज्ञान विषयमा आफ्नो आधारभूत ज्ञान हासिल गरेका हुन् । लेखा राख्ने व्यक्तिहरूमा विषय-विज्ञता पनि नभएको र तालिम पनि नपाएको यसले देखाएको छ ।

**तालिका ५.१ : विद्यालयको लेखापाल तालिम प्राप्त हो वा होइन**

| | प्रअ | लेखापाल | विव्यस अध्यक्ष |
|---|---|---|---|
| हो | २९.१० | २१.१० | ४५.१० |
| होइन | ७०.४० | ७८.९० | ४४.०० |
| थाहा छैन | ०.५० | | १०.९० |
| **जम्मा** | **१००** | **१००** | **१००** |

खास गरी लेखा सम्बन्धी कर्मचारी मध्येको एक हिस्सा (करिब ३० प्रतिशत) ले लेखा सम्बन्धी तालिम पाएको बताए । तालिम पाउनेहरूमध्ये ५१ प्रतिशतले जिल्ला शिक्षा कार्यालयबाट र करिब ४१ प्रतिशतले स्रोत केन्द्रबाट लेखा सम्बन्धी तालिम लिएको बताएका थिए । केही (५ प्रतिशत) लेखापालले त्यस्तो तालिम आफ्नै सक्रियतमा लिएको समेत बताएका थिए (चित्र ५.२) ।




*चित्र ५.२ : लेखा सम्बन्धी तालिम दिने निकाय*

नेपालका सामुदायिक विद्यालयहरूले आफ्नो आय-व्ययको हिसाबकिताब मूलतः बहिखाता या रजिष्टरमा राख्ने गरेको पाइयो । करिब ९१ प्रतिशत लेखापालले विद्यालयको हिसाबकिताब रजिष्टरमा राख्ने गरेको बताए । करिब दुई प्रतिशत लेखापालले मात्र विद्यालयको हिसाबकिताब कम्प्युटरमा राख्ने बताएका थिए । त्यसैगरी, करिब ६ प्रतिशत लेखापालले भने विद्यालयको आय-व्यय रजिष्टर र कम्प्युटर दुवैमा राख्ने बताए (चित्र ५.३) । एक जना उत्तरदाताले आफ्नो विद्यालयले लेखा सम्बन्धी सफ्टवेयर समेत प्रयोग गर्ने जानकारी दिए ।[१]

**अधिकांश विद्यालयको आय-व्ययको हिसाब बहिखातामा**




*चित्र ५.३ : विद्यालयमा हिसाबकिताब राख्ने विधि*

**सामुदायिक विद्यालयसँग एकभन्दा बढी बैंक खाता छन्**

सर्वेक्षित सामुदायिक विद्यालयहरू करिब-करिब सबैसँग आफ्नो नाउँको एक वा एकभन्दा बढी बैंक खाता रहेको पाइयो । आफ्नो चल्ती बैंक खाता हुने विद्यालयहरू ९९ प्रतिशत छन् ।[२] करिब ४२ प्रतिशत विद्यालयका आफ्नो मुद्दती खाता भएको पाइयो । त्यस्तै, करिब २३ प्रतिशत उत्तरदाताले उनीहरूको विद्यालयको आफ्नो बचत खाता समेत रहेको जानकारी दिए (चित्र ५.४) ।[३]

सामुदायिक विद्यालयका चल्ती बैंक खातामा खास गरी जिल्ला शिक्षा कार्यालयबाट प्राप्त रकम जम्मा हुने देखिन्छ । त्यसबाहेक, करिब ४० प्रतिशत विद्यालयले अनुदान/सहयोगबाट प्राप्त हुने रकम पनि चल्ती खातामा जम्मा गर्ने गरेको बताए । त्यस्तै, करिब ३० प्रतिशत विद्यालयले आन्तरिक स्रोतबाट प्राप्त हुने रकम पनि चल्ती खातामा नै जम्मा गर्ने जानकारी दिए (चित्र ५.५) ।

---

[१] दाङको शुभप्रभात माविले लेखा कम्प्युटर सफ्टवेयरमा राख्ने गरेको छ ।

[२] सर्वेक्षित विद्यालयमध्ये तीन ओटा विद्यालय—बालविकास प्रावि, च्यास्मिटार, खोटाङ, भूमिराज प्रावि, सलेना, बैतडी र मञ्जुश्री प्रावि, सोलीथुम, मकवानपुरसँग चल्ती खाता नभएको बताइयो । यद्यपि, यी विद्यालयका बचत/मुद्दती खाता भने रहेको पाइयो ।

[३] शिक्षा नियमावली, २०५९ को परिच्छेद ३० विद्यालयको बजेट, आय-व्ययको लेखा तथा अन्य व्यवस्थाको नियम ५ मा “विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय कोषको रकम नजिकैको कुनै बैंकमा खाता खोली जम्मा गर्न सकिनेछ” भन्ने प्रावधान छ (शिक्षा विभाग २०७४क) ।




*चित्र ५.४ : विद्यालयमा बैंक खाता*




*चित्र ५.५ : विद्यालयको चल्ती खातामा जम्मा हुने रकमको स्रोत*

सामुदायिक विद्यालयको बचत खातामा जम्मा हुने रकमबारे जानकारी लिन खोज्दा करिब ३१ प्रतिशत विद्यालयले अनुदान/सहयोग मार्फत प्राप्त हुने रकम सो खातामा जम्मा हुने बताए। त्यस्तै, आन्तरिक स्रोतबाट प्राप्त हुने रकम जम्मा गरिन्छ भन्ने उत्तरदाता करिब ४८ प्रतिशत थिए। करिब १९ प्रतिशत प्रअले जिल्ला शिक्षा कार्यालयबाट प्राप्त हुने रकम समेत बचत खातामा जम्मा गरिने बताए। त्यसबाहेक, सामुदायिक विद्यालयको एउटा हिस्सा (प्रअ ७ र लेखापाल २१ प्रतिशत) ले विद्यार्थीबाट लिइने शुल्क बचत खातामा जम्मा गरिने बताए (चित्र ५.६)।




*चित्र ५.६ : विद्यालयको बचत खातामा जम्मा हुने रकमको स्रोत*

आफ्नो विद्यालयको मुद्दती खाता छ भन्ने विद्यालयका करिब एक चौथाईले विद्यालयको आन्तरिक स्रोतबाट प्राप्त रकम मुद्दती खातामा जम्मा हुने बताए। अनुदान/सहयोगबाट प्राप्त रकम मुद्दती खातामा जम्मा हुन्छ भन्ने उत्तरदाताको हिस्सा पनि उल्लेख्य थियो (करिब १७ प्रतिशत)। केही उत्तरदाताले जिल्ला शिक्षा कार्यालयबाट प्राप्त हुने रकम समेत मुद्दती खातामा जम्मा हुने बताए। करिब ६० प्रतिशत प्रअले "अन्य" स्रोतबाट (अक्षय कोषका लागि प्राप्त रकम, विद्यालय स्थापना वा कक्षा अपग्रेड गर्दा राख्ने धरौटी रकम, स्थानीय निकायको सहयोग, विभिन्न दाताले दिएको चन्दा सहयोग र विद्यालयमा बचत भएको रकम) हुने आय मुद्दती खातामा जम्मा हुने बताए (चित्र ५.६) ।




*चित्र ५.७ : विद्यालयको मुद्दती खातामा जम्मा हुने रकमको स्रोत*

**चौमासिक रूपमा बैंकसँग हिसाब मिलान गर्ने विद्यालय बढी**

सामुदायिक विद्यालयहरूले बैंकसँग कति समयको अन्तरालमा हिसाब मिलान गर्छन् भन्ने जानकारी लिन खोजिएको थियो । करिब ४३ प्रतिशत उत्तरदाता (प्रअ) ले विद्यालयले चौमासिक रूपमा बैंकसँग हिसाब मिलान गर्ने बताए । करिब ३३ प्रतिशत विद्यालयले वार्षिक मात्रै र करिब १० प्रतिशत विद्यालयले मासिक रूपमा बैंकसँग हिसाब मिलान गर्ने जानकारी दिए (चित्र ५.८) ।[४]




*चित्र ५.८ : बैंकसँग हिसाब मिलान*




*चित्र ५.९ : जिशिकाबाट प्राप्त हुने रकमको शीर्षक*

---

[४] नेपाल सरकारको *विद्यालय लेखाङ्कन दिग्दर्शन*ले मासिक रूपमा हिसाबकिताब मिलान गर्ने कुरालाई जोड दिएको छ (शिक्षा विभाग २०७४) ।

सर्वेक्षणमा जिशिकाबाट विद्यालयमा कुन-कुन शीर्षकमा अनुदान आउँदो रहेछ भनेर बुझ्न खोजिएको थियो । प्राय: सबै विद्यालयलाई जिशिकामार्फत तीन ओटा शीर्षक—शिक्षकको तलब, पाठ्यपुस्तक तथा छात्रवृत्ति, र मसलन्द—मा अनुदान रकम जाने देखियो । सर्वेक्षित विद्यालयमध्ये आधाजति (करिब ४९ प्रतिशत) ले निर्माण तथा मर्मत-सम्भार शीर्षकमा र करिब २२ प्रतिशत विद्यालयले पुस्तकालयको लागि समेत सहयोग पाउने गरेको देखियो (चित्र ५.९) ।

**मूलत: शिक्षकको तलब, पाठ्यपुस्तक तथा छात्रवृत्ति र मसलन्दमा सरकारी सहयोग**

शिक्षक वृत्ति विकास, तालिम तथा गोष्ठी जस्ता शीर्षकमा विद्यालयहरूले जिशिकाबाट खासै अनुदान/सहयोग नपाउने देखियो । करिब ७ प्रतिशतले शिक्षक वृत्ति विकास, ६ प्रतिशत लेखापालले तालिम तथा गोष्ठीका लागि जिशिकाबाट अनुदान आएको बताएका थिए (चित्र ५.९) ।

जिशिका मार्फत विद्यालयले पाउने रकमबारे बहुमत (६० प्रतिशत) विद्यालयहरूले मूलतः बैंकको स्टेटमेन्टबाट थाहा पाउँदा रहेछन् । करिब ४४ प्रतिशत उत्तरदाताका अनुसार जिशिकाबाट आउने रकम बैंक खातामा जम्मा भए-नभएकोबारे स्रोत व्यक्तिबाट पनि जानकारी पाउँदा रहेछन् । र, करिब १३ प्रतिशत विद्यालयले जिशिकाबाट जानकारी प्राप्त हुने बताए (चित्र ५.१०) ।




*चित्र ५.१० : जिशिकाबाट प्राप्त हुने रकमको जानकारी*

यसरी जिशिकाबाट अघिल्लो आर्थिक वर्षमा प्राप्त भएको रकममध्ये करिब २८ प्रतिशत विद्यालयले अनुदानको सबै रकम सोही आर्थिक वर्षमा खर्च गर्न सकेका थिएनन् (तालिका ५.२) । जिशिकाबाट प्राप्त रकम पूरै खर्च नभएको अवस्थामा बाँकी बचेको रकम विद्यालयको खातामा सञ्चित हुन्छ भन्ने उत्तरदाता करिब ५० प्रतिशत थिए । करिब ३५ प्रतिशत प्रअले यसरी सञ्चित रकम नयाँ आर्थिक वर्षमा सोही शीर्षकमा खर्च गरेको बताए भने करिब ९ प्रतिशत उत्तरदाताले खर्च हुन नसकेको रकम जिशिकामा नै फिर्ता गएको बताएका थिए । करिब ९ प्रतिशत उत्तरदाता (प्रअ) ले भने यसरी खर्च नभएको रकम अन्य शीर्षकमा खर्च गर्ने बताएका थिए (चित्र ५.११) । सामान्य रकमान्तर देखिए पनि मूलत: विद्यालयले जिशिकाबाट निश्चित शीर्षकमा प्राप्त गर्ने रकम सोही शीर्षकमा खर्च गर्ने देखिन्छ । यद्यपि, प्रअ र लेखापालसँग भएको कुराकानीमा जिशिकाबाट निश्चित शीर्षकमा प्राप्त रकम समेत अन्य शीर्षकमा रकमान्तर गर्ने गरेको बताइएको

**सबै रकम उही वर्ष खर्च हुँदैन; रकमान्तर समेत हुन्छ**

थियो । विद्यालय शिक्षा सम्बन्धी यसअघि गरिएका अध्ययन अनुसन्धानले विद्यालयमा निश्चित शीर्षकमा सरकारबाट प्राप्त अनुदानलाई रकमान्तर गरी खर्च गर्ने गरेको विषयलाई खासै उठाएको देखिँदैन (नेपाल सरकार २०७५; शर्मा र अरू सन् २०१८) । यस अनुसन्धानले भने विद्यालय सञ्चालन (आन्तरिक स्रोतमा राखिएका शिक्षकको तलब) गर्नका लागि रकमान्तर हुने गरेको तथ्य देखाउँछ ।

**बक्स ५.१ : फरक शीर्षकमा तलब**

“यो गाँउपालिकाका विद्यालयमा शिक्षक दरबन्दीको अभाव छ। भौगोलिक हिसाबले पनि यो गाँउपालिका दुर्गम छ। दुर्गम भएकाले गर्दा शिक्षकहरूको रोजाइमा यो ठाउँ पर्दैन। फेरि यहाँ पढाउने अधिकांश शिक्षकहरू अन्य जिल्ला, विशेषगरी, तराईका छन् । उनीहरू एकचोटि विदामा गएपछि फेरि यहाँ आउनलाई एक-दुई महिना लाग्छ । सुविधा/अवसर नभएकोले गर्दा शिक्षकहरू प्राय: यहाँ बस्नै मान्दैनन् । त्यसैले विद्यालयमा शिक्षकलाई टिकाइराख्न धैरै गाह्रो छ । विद्यालयमा शिक्षकको अभावलाई टार्न हामीले निजी स्रोतबाट दुई-चार जना शिक्षक विद्यालयमा थपेका छौँ । गाउँपालिकाको बजेटबाट उनीहरूलाई तलब दिइन्छ । अप्ठ्यारो के छ भने कानुनतः निजी स्रोतबाट राखेका शिक्षकलाई गाउँपालिकाको बजेटबाट तलब खुवाउन मिल्दैन । त्यसैले, अहिले अर्कै शीर्षक राखेर शिक्षकलाई तलब खुवाउनु परेको छ । जस्तै विद्यालयमा फर्निचर बनाउन वा विद्यालयको भौतिक पूर्वाधार विकासका लागि खर्च भनी गाँउपालिकाले विद्यालयलाई बजेट भुक्तानी गर्छ । विद्यालयले यो बजेट निजी स्रोतमा राखेका शिक्षकलाई तलब दिन्छ । यो प्रणाली चाहिँ [गाउँपालिका] भित्रका २१ ओटा विद्यालयमा लागू छ भने पनि हुन्छ । भविष्यमा यो कुरामा कडाइ गरियो भने विद्यालय नै बन्द गर्नुपर्ने अवस्था आउन सक्छ ।”

*एक गाउँपालिकाका अध्यक्षसँगको कुराकानी*




*चित्र ५.११ : खर्च हुन नसकेको भए बाँकी रकमको व्यवस्थापन*

**तालिका ५.२ : आर्थिक वर्ष २०७३/७४ मा जिशिकाबाट प्राप्त अनुदान खर्च भए-नभएको (प्रतिशतमा)**

| | प्रअ | लेखापाल |
|---|---|---|
| सबै खर्च भयो | ७२.६० | ७१.१० |
| सबै खर्च भएन | २७.४० | २८.९० |
| **जम्मा** | **१००** | **१००** |

करिब ५९ प्रतिशत विद्यालयले आर्थिक वर्ष २०७३/७४ मा जिशिकाको नियमित अनुदान बाहेक अन्य स्रोतबाट पनि अनुदान पाएको उत्तरदाता (प्रअ) ले बताएका थिए (तालिका ५.३)। तर सामुदायिक विद्यालयको एउटा ठूलो हिस्सा (करिब ४० प्रतिशत) ले जिशिका मार्फत प्राप्त हुने अनुदान बाहेको अन्य कुनै निकायबाट सहयोग नपाएको बताएका थिए। बाहिरी अनुदान पाउनेमध्ये दुई तिहाई उत्तरदाता (करिब ६६ प्रतिशत) त्यस्तो अनुदान स्थानीय निकायबाट प्राप्त गरेको बताएका थिए। करिब एक चौथाई विद्यालयले त्यस्तो अनुदान विभिन्न संघ-सस्थाबाट पनि पाउने गरेको देखियो। सांसद विकास कोषबाट पनि सामुदायिक विद्यालयहरूले सहयोग पाउने गरेको देखियो, तर त्यस्ता विद्यालयको संख्या न्यून (करिब ८ प्रतिशत) छ। केही विद्यालयले जिशिकाबाट नियमित पाउने बाहेक थप अनुदान पनि पाएका छन् (चित्र ५.१२)।[५]

**आधा जति विद्यालयले बाहिरी सहयोग पाउँदैनन्**

**तालिका ५.३ : पछिल्ला दुई आर्थिक वर्षमा बाहिरी सहयोग पाए-नपाएको (प्रतिशतमा)**

| | प्रअ | लेखापाल |
|---|---|---|
| पाएको | ५९.०० | ६३.३० |
| नपाएको | ४१.०० | ३६.७० |
| **जम्मा** | **१००** | **१००** |

सामुदायिक विद्यालयहरूले नियमित पाएको बाहेक अन्य अनुदान/सहयोगको ठूलो हिस्सा मूलतः विद्यालयको भौतिक पूर्वाधारमा खर्च हुने देखिन्छ। उदाहरणका लागि, अन्य प्रकारका अनुदान पाएको स्वीकार गर्ने उत्तरदातामध्ये दुई तिहाई (करिब ६६ प्रतिशत) ले त्यसरी प्राप्त हुने अनुदान निर्माण कार्यका लागि हुने बताएका थिए। शिक्षकको वृत्ति विकास, पुस्तकालय, छात्रवृत्ति र तालिम गोष्ठी जस्ता विषयमा भने कमै विद्यालयहरूले मात्र अनुदान पाएका देखियो (चित्र ५.१३)।

[५] यसअघि भएका विभिन्न अनुसन्धानले पनि सायुदायिक विद्यालयको प्रमुख वित्तीय स्रोतको रूपमा सरकारबाट प्राप्त हुने नियमित अनुदानलाई औँल्याएका छन् (नेशनल प्लानिङ कमिशन सन् २०१२; न्यू एरा सन् २०१३; नेपाल सरकार २०७५; शर्मा र अरू सन् २०१८)।




*चित्र ५.१२ : आर्थिक सहयोग उपलब्ध गराउने निकाय*




*चित्र ५.१३ : बाहिरी आर्थिक सहयोग आउने क्षेत्र*

## विद्यालयका आन्तरिक स्रोत

सामुदायिक विद्यालयका प्रमुख स्रोत भनेको सरकार (जिशिका) बाट नियमित रूपमा प्राप्त हुने अनुदान हो । सरकारबाट प्राप्त अनुदानबाहेक, विद्यार्थीबाट उठेको सहयोग शुल्क, चन्दा तथा दान, र बेलाबखत विभिन्न गैरसरकारी निकायबाट प्राप्त हुने सहयोग विद्यालयको प्रमुख आम्दानी हो । केही विद्यालयले भने स्थानीय

निकाय, विभिन्न गैरसरकारी संघ-संस्था र सामुदायिक समूह (सामुदायिक वन) बाट समेत आम्दानी गरेको देखिन्छ ।[६]

विद्यालयको प्रमुख स्रोत सरकारबाट नियमित रूपमा प्राप्त हुने अनुदान

जिशिका मार्फत प्राप्त हुने नियमित अनुदान सहयोग र अन्य संस्था/निकायबाट प्राप्त हुने सहयोग बाहेक कतिपय सामुदायिक विद्यालयका आफ्नै आम्दानीका स्रोत पनि छन् । यद्यपि, करिब ३७ प्रतिशत उत्तरदाताले आफ्नो विद्यालयको कुनै आन्तरिक स्रोत नभएको बताएका थिए । आन्तरिक स्रोत भएको उल्लेख गर्ने विद्यालयहरूमध्ये ३१ प्रतिशतले विद्यार्थीबाट उठाइएको शुल्क, १५ प्रतिशतले जग्गा भाडा, ३३ प्रतिशतले चन्दा-दान र ५ प्रतिशतले विद्यालयले उत्पादन गरेका चिजबिज (अम्लिसो, काठपात आदि), र ६ प्रतिशतले नै घर-कोठा-जग्गालाई आम्दानीको आन्तरिक स्रोत बताएका थिए (चित्र ५.१४) ।




*चित्र ५.१४ : विद्यालयको आम्दानीका आन्तरिक स्रोत*

सामुदायिक विद्यालयमा हुने यी विभिन्न वित्तीय कारोबारलाई विव्यस वा यसका अध्यक्षले सामान्य अनुगमन गर्ने पाइयो । सर्वेक्षणमा सामेल विव्यस अध्यक्षहरूमध्ये करिब ४६ प्रतिशतले वर्षको एक पटक, करिब ३५ प्रतिशतले वर्षको २-३ पटक र करिब १४ प्रतिशतले वर्षको ३ पटकभन्दा बढी विद्यालयको वित्तीय कारोबारको अनुगमन गर्ने बताए । करिब ३ प्रतिशत विव्यस अध्यक्षले भने विद्यालयको आय-व्ययको अनुगमन नगरेको बताएका थिए (चित्र ५.१५) ।

[६] सन् २०१४ मा विश्व बैंकले धनकुटा र धनुषामा गरेको एक अध्ययन अनुसार विद्यालयले स्थानीय निकायबाट प्राप्त गर्ने अनुदान वर्षेनी क्रमशः घट्दै गएको देखाएको छ (वर्ल्ड बैंक सन् २०१४) ।

## बक्स ५.२ : सामुदायिक विद्यालयहरूका आन्तरिक स्रोत

विद्यालयका आन्तरिक स्रोत र र यी स्रोतबाट प्राप्त हुने आम्दानीमा भने प्रशस्त विविधता छ । मूलतः भौगोलिक अवस्थिति (पहाड/तराई, गाउँ/शहर) र विद्यालयको तह अनुसार (प्रावि/निमावि/मावि) आन्तरिक स्रोत तलमाथि पर्ने देखियो । पहाडी इलाकाका विद्यालयभन्दा तराईका विद्यालयमा आन्तरिक आम्दानीका स्रोत बढी भएको पाइयो । उदाहरणका लागि बारा र सर्लाहीका अध्ययनमा परेका केही पुराना विद्यालयको स्वामित्वमा पोखरी, जमिन र आँपका बगैँचा छन्, जुन आम्दानीका प्रमुख स्रोत हुन् ।

आन्तरिक आम्दानीकै कारण विशेष गरी तराईका विद्यालयमा व्यवस्थापकीय समस्या समेत सिर्जना हुने देखियो । अध्ययनमा परेको बारा जिल्लाको एक विद्यालयको स्वामित्वमा करिब १६० विघा कृषियोग्य जमिन छ । त्यसैगरी, हरेक वर्ष करिब दुई लाख बराबर आम्दानी हुने आँपको बगैँचा र केही माछा पोखरी समेत सो विद्यालयको स्वामित्वमा भएको पाइयो । यद्यपि, सम्भवत: सोही स्रोतकै कारणले गएको एक दशकमा सो विद्यालयमा व्यवस्थापन समिति समेत गठन हुन सकेको छैन । वि.सं. २०३० सालअघि तराईमा खोलिएका प्राय: माध्यमिक विद्यालयसँग आन्तरिक स्रोतका रूपमा पर्याप्त जमिन छन् । तर त्यस्तो स्रोतलाई विभिन्न कारणले गर्दा राम्रोसँग उपयोग गर्न भने यी विद्यालयले सकेका छैनन् ।

केही विद्यालयले भने विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने स्रोत स्थानीय निकायबाट जुटाउन सकेका छन् । यसरी रकम जुटाउन सक्नुमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रअ/शिक्षकको सामाजिक/सांस्कृतिक पुँजीले धेरै हदसम्म काम गरेको देखियो । स्थानीय निकायबाट आफ्नो विद्यालयले प्राप्त गर्नु पर्ने रकम समेत छेउकै अर्को विद्यालयले पाएको दाङको एक प्राथमिक विद्यालयका प्रअले बताएका थिए । यसो हुनुमा सो विद्यालयका प्रअको राजनीतिक पहुँच बलियो हुनुले हुनुले काम गरेको उनको बुझाइ थियो ।

पहाडी इलाकाका विद्यालयको आम्दानीको स्रोत सीमित भएको पाइयो । विद्यार्थी तथा अभिभावकबाट उठ्ने/उठाइने शुल्क, दान/चन्दा नै उनीहरूका आन्तरिक स्रोत हुन् । विद्यालयहरूले चन्दास्वरूप रकम संकलन गर्ने र सो रकम ब्याजमा लगाउने गरेको पाइयो । केही विद्यालयले निश्चित रकम राखी अक्षय कोष खडा गर्ने र सोको ब्याज बापत प्राप्त हुने आम्दानी विद्यालय सञ्चालन (मूलत: तलब खुवाउन) मा प्रयोग भएको पाइयो । खोटाङ, संखुवासभा, धादिङका केही विद्यालयले निश्चित रकम जम्मा गरी ब्याजमा लगाउने अभ्यास गरेको भेटियो । उदाहरणका लागि धादिङको एउटा आधारभूत विद्यालयले अभिभावकलाई ब्याजमा लगाएको छ र सो रकमको ब्याज आन्तरिक स्रोतमा राखेको शिक्षकको तलबमा खर्च गर्छ । त्यस्तै, खोटाङकै जनविकास मावि, भानुभक्त मावि, महेन्द्रज्योति प्रावि आदिले विभिन्न कोषबाट आएको रकमलाई सञ्चित गरी अक्षय कोष खडा गरी यसबाट प्राप्त हुने वार्षिक ब्याज विद्यालय सञ्चालनमा प्रयोग गर्ने गरेको पाइयो । तराईका जिल्लामा भने विद्यालयले अक्षयकोष निर्माण गर्ने वा रकम ब्याजमा लागाउने गरेको देखिएन ।

विद्यालय सञ्चालनका लागि अतिरिक्त आम्दानी जुटाउनेबारे तराई र पहाडमा रहेका विद्यालयले भिन्न रणनीति प्रयोग गरेको पाइयो । विशेष गरी पहाडी इलाकामा रहेका विद्यालयले सामाजिक-सांस्कृतिक पर्वलाई विद्यालयको आम्दानीको स्रोतको रूपमा उपयोग गरेका छन् । उदाहरणका लागि बैतडी, कालिकोट, खोटाङ, संखुवासभा, मकवानपुरका विद्यालयले देउसी-भैलो खेल्ने, विशेष अवसरमा चन्दा संकलन गरेको पाइयो । विशेष गरी पहाडमा विद्यालयका लागि मुठी दान दिने चलन अहिले पनि रहेको देखियो ।




*चित्र ५.१५ : विद्यालय व्यवस्थापन समितिले गर्ने आय-व्ययको अनुगमन*

आफू अध्यक्ष भएको विद्यालयको लेखा प्रणालीबारे विव्यसका अध्यक्षहरूको अभिमत बुझ्ने प्रयत्न गरिएको थियो । करिब ६४ प्रतिशत विव्यस अध्यक्षले आफ्नो विद्यालयको हिसाबकिताब राख्ने प्रक्रियालाई औसत, करिब ३० प्रतिशतले औसतभन्दा माथि र करिब ४ प्रतिशतले खासै राम्रो नभए (औसतभन्दा तल) को बताएका थिए । विद्यालयले हिसाव-किताब राख्ने प्रक्रियाबारे थाहा नभएको बताउने विव्यस पनि थिए तर ती निकै थोँरै थिए (चित्र ५.१६) ।




*चित्र ५.१६ : लेखा प्रणालीबारे विव्यसको अभिमत*

करिब ५९ प्रतिशत लेखापालले विद्यालयको वित्त सम्बन्धी महत्त्वपूर्ण निर्णय गर्नुअघि प्रअले सल्लाह लिने गरेको बताएका थिए। २५ प्रतिशतले प्राय सल्लाह लिने, १३ प्रतिशतले कहिलेकाहीँ र केही (३ प्रतिशत) लेखापालले भने खासै सल्लाह नलिएको बताए (चित्र ५.१७)।




*चित्र ५.१७ : प्रधानाध्यापकले लेखापालसँग सल्लाह लिने-नलिने*



### बक्स ५.३ : रकमान्तरको प्रचलन र औचित्य

सामुदायिक विद्यालयहरूलाई प्राप्त हुने विभिन्न अनुदान विद्यालयले तोकिएकै शीर्षकमा खर्च गर्छन् कि त्यसमा तलमाथि (रकमान्तर) समेत हुन्छ भनेर हामीले जान्न-बुझ्न चाहेका थियौँ। यसबारे हामीले प्रअ र लेखापाललाई खुला प्रश्न सोधेका थियौँ। अनुसन्धानमा सहभागी कतिपय विद्यालयले रकमान्तर हुने गरेको बताए। उदाहरणका लागि भौतिक निर्माणका लागि आएको बजेट शिक्षकको तलबमा खर्च गरेको; मसलन्द खर्चको बिल बनाएर निजी स्रोतमा शिक्षक राखेको; छात्रवृत्ति दामासाहीले सबै छात्रलाई दिने गरेको; धारा निर्माण वा शौचालय मर्मतको रकम बचाएर शिक्षक तलबमा खर्च गरेको; छात्रवृत्ति र भूकम्पपछिको अनुदान बचाएर निजी स्रोतमा राखेका शिक्षकलाई तलब खुवाउने गरेको अनुसन्धानका क्रममा पाइयो। कुनै-कुनै विद्यालयले दिवा खाजा बापतको रकम निजी स्रोतका शिक्षकको तलबमा खर्च गरेको समेत बताए। बचत खातामा अगाडि नै उपलब्ध हुने तलब र जिशिकाबाट प्राप्त हुने अन्य शीर्षकका रकमको ब्याजबाट निजी स्रोत शिक्षिकलाई तलब खुवाएको समेत केही प्रअले बताए।

विशेषगरी पहाडी इलाका (बैतडी, खोटाङ र मकवानपुर) मा रहेका विद्यालयका केही प्रअ/लेखापालले जिशिकाबाट निश्चित शीर्षकमा तोकिएको अनुदान रकम अन्य शीर्षकमा समेत खर्च गर्ने बताएका थिए। तर, यसरी खर्च गर्दा विद्यालय व्यवस्थापन समितिको बैठकबाट भने स्वीकृत गर्ने वा अनुमोदन गर्ने गरेको उनीहरूले बताएका थिए। यसरी रकमान्तर गरिएको रकम मूलत: निजी स्रोतमा राखेका शिक्षकको तलबमा खर्च हुने पाइयो। उदाहरणका लागि बैतडीस्थित एक माविका प्रअले "मसलन्द र ननस्यालरी शीर्षकमा आएको रकम बचाएर निजी शिक्षकमा खर्च गरेको" बताएका थिए। बैतडीकै एक प्राविका प्रअले पनि "धारा निर्माण, शौचालय मर्मतबाट बचाएर निजी स्रोतमा राखेका शिक्षकमा खर्च गर्ने" गरेको बताए। यसैगरी, पाल्पाको एक विद्यालयका प्रअले विद्यालयलाई प्राप्त "निर्माण रकम निजी शिक्षकमा खर्च भएको" बताए।

विद्यालयको निर्माण कार्य जनश्रमदानबाट गर्ने र निर्माण कार्यबाट रकम बचाएर निजी स्रोतमा शिक्षक राख्ने चलन धेरै ठाउँमा भएको पाइयो। यद्यपि, यसरी खर्च भएको रकम "अडिट प्रयोजनका लागि" भने निर्माण कार्यमै खर्च भएको देखाइन्छ। केही विद्यालयले जिशिकाबाट विद्यालयलाई कार्यालय सहयोगीको लागि प्राप्त हुने रकममा केही थप गरी निजी स्रोतमा शिक्षक राख्ने गरेको समेत भेटियो। सर्वेक्षणमा सहभागी धेरैजसो विद्यालयका प्रअले जिशिकाबाट नियमित तलब बाहेक विभिन्न शीर्षकमा विद्यालयलाई प्राप्त अनुदानलाई सकेसम्म "मिलाएर निजी स्रोतमा राखेका शिक्षकको तलब व्यवस्थापन गरेको" बताए। रकमान्तरको यस्तो प्रचलन तराईका विद्यालयमा खासै पाइएन। तराईका सामुदायिक विद्यालयको आन्तरिक स्रोत तुलनात्मक रूपमा बलियो भएकाले पनि तराईमा रकमान्तरको समस्या उस्तो नदेखिएको हुनुपर्छ अथवा उनीहरूले अनुसन्धाताहरूलाई खुलस्त बताउन नचाहेको हुनुपर्छ।




तस्बिर © अमृत पण्डित र सुमन मरासिनी @ धादिङ

परिच्छेद ६

# भौतिक पूर्वाधार निर्माण प्रक्रिया

यस परिच्छेदमा नेपालका सामुदायिक विद्यालयमा हुने भौतिक पूर्वाधार निर्माण प्रक्रियाबारे छलफल गरिएको छ । सर्वेक्षित सामुदायिक विद्यालयहरूमध्ये करिब ६६ प्रतिशतले पछिल्ला दुई आर्थिक वर्षभित्र (२०७२/७३ वा २०७३/७४) मा कुनै न कुनै खाले भौतिक निर्माणका लागि जिल्ला शिक्षा कार्यालयबाट अनुदान प्राप्त गरेको पाइयो । ३४ प्रतिशतले कुनै सहयोग नपाएको बताए (तालिका ६.१) ।

**तालिका ६.१ : अघिल्ला दुई वर्षमा जिशिकाबाट भौतिक निर्माणका लागि अनुदान सहयोग**

| | विव्यस |
|---|---|
| थियो | ६६.२० |
| थिएन | ३३.८० |
| **जम्मा** | **१००** |




*चित्र ६.१ : पछिल्ला दुई वर्षमा जिशिकाबाट पाएको अनुदान*

**बहुसंख्यक विद्यालयलाई भौतिक निर्माणका लागि जिशिकाबाट अनुदान**

पछिल्ला दुई वर्षमा सरकारी अनुदान आएको थियो भन्ने विद्यालयमध्ये करिब ४८ प्रतिशत उत्तरदाताले त्यस्तो अनुदान विद्यालय मर्मत-संभारका लागि प्राप्त भएको बताएका थिए । करिब ४६ प्रतिशत विद्यालयले

कक्षाकोठा निर्माणका लागि र करिब २० प्रतिशतले शौचालय निर्माणका लागि अनुदान आएको बताए। त्यस्तै, अनुदान पाउनेमध्ये करिब ७ प्रतिशल विद्यालयले फर्निचर खरिदका लागि र करिब ५ प्रतिशतले विद्यालयको तारबारका लागि अनुदान पाएको बताएका थिए (चित्र ६.१)।




*चित्र ६.२ : भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन प्रक्रिया*

सामुदायिक विद्यालयका भौतिक निर्माण कार्यहरू प्राय: (करिब ७८ प्रतिशत) निर्माण समिति बनाएर गरिने बताइयो। त्यस्तै करिब २१ प्रतिशत विद्यालयमा भौतिक निर्माण ठेक्कामा दिएर र करिब १२ प्रतिशत त्यस्ता विद्यालय आफैले अमानतमा गर्ने उत्तरदाताहरूले बताए (चित्र ६.२)।




*चित्र ६.३ : निर्माण समितिको गठन प्रक्रिया*

निर्माण समिति बनाएर भौतिक निर्माण गर्ने विद्यालयलाई त्यस्तो समितिको गठन प्रक्रियाबारे प्रश्न सोधिएको थियो । निर्माण समिति मार्फत विद्यालयको भौतिक पूर्वाधार निर्माण गरेको भन्ने उत्तरदातामध्ये करिब ५५ प्रतिशत (प्रअ) ले त्यस्तो समिति विव्यसको निर्णय अनुसार बन्ने बताए । त्यसैगरी, करिब १४ प्रतिशत उत्तरदाताले त्यस्तो समिति विव्यस अध्यक्ष र प्रअको निर्णय अनुसार बन्ने बताएका थिए । करिब ४ प्रतिशत प्रअले समिति आफ्नो निर्णय अनुसार बन्ने उत्तर दिए भने त्यस्तो उत्तर दिने विव्यस अध्यक्ष १२ प्रतिशत थिए (चित्र ६.३) ।

त्यस्तै, सामुदायिक विद्यालयमा भएका भौतिक निर्माण कार्य ठेक्का मार्फत गरिएको थियो भन्ने उत्तरदातालाई त्यस्तो ठेक्का प्रक्रियाबारे प्रश्न सोधिएको थियो । ठेक्का दिएको भन्ने उत्तरदातामध्ये करिब ४५ प्रतिशतले ठेक्काको आवेदन स्थानीय समिति मार्फत सूचना दिएर गर्ने बताए । करिब २२ प्रतिशत उत्तरदाताले ठेक्काको आवेदन आह्वान विद्यालयको सूचना पाटीमा टाँसेर गर्ने बताए । ठेक्का बारेको सूचना स्थानीय मिडियामा पनि आउँदो रहेछ, तर कम मात्र (करिब ४ प्रतिशत) [चित्र ६.४] ।




*चित्र ६.४ : निर्माण कार्यका लागि बोलपत्र आह्वान प्रक्रिया*

**सरकारी सहयोगमा बन्ने संरचनाको अनुगमन जिशिकाका इन्जिनियरले गर्छन्**

ठेक्काको आह्वानपश्चात ठेक्का पाउने व्यक्ति/संस्थाको छनोट प्रक्रियाबारे पनि प्रश्न गरिएको थियो । उत्तरदातामध्ये आधाभन्दा बढीले त्यस्तो ठेक्का पाउने व्यक्ति/संस्थाको निर्णय विव्यसले गर्ने बताए । करिब २२ प्रतिशत उत्तरदाताका अनुसार त्यस्तो निर्णय प्रअले गर्ने रहेछन् । त्यस्तै, करिब १६ प्रतिशत उत्तरदाताले ठेक्कापट्टा पाउनेको निर्णय विद्यालयमा गठन गरिने छनोट समितिले गर्ने बताए (चित्र ६.५) ।




*चित्र ६.५ : ठेकेदारको छनोट प्रक्रिया*

सामुदायिक विद्यालयमा सरकारी अनुदानबाट प्राप्त रकमबाट भौतिक निर्माणका कार्य हुँदा सोको अनुगमन मूलतः (करिब ७१ प्रतिशत) जिल्ला शिक्षा कार्यालयका इन्जिनियरले गर्ने बताइयो । करिब ४७ प्रतिशत उत्तरदाताले विद्यालयको स्रोत व्यक्तिले निर्माण कार्यको अनुगमन गर्ने बताएका थिए । त्यस्तै, करिब ३२ प्रतिशत उत्तरदाताले त्यस्तो अनुगमन विद्यालयले गठन गरेको समितिले गर्ने बताए भने करिब १६ प्रतिशत विद्यालय निरीक्षकले अनुगमन गर्छन् भन्ने उत्तरदाता थिए (चित्र ६.६) ।




*चित्र ६.६ : विद्यालयमा सम्पन्न निर्माण कार्यको अनुगमन*




*चित्र ६.७ : भौतिक निर्माण समयमै नसकिनुका कारण*

आफ्नो विद्यालयमा भएका भौतिक निर्माण कार्यहरू समयमै सम्पन्न भएको दाबी गर्ने उत्तरदाताहरू ८१ प्रतिशतभन्दा बढी थिए। करिब १९ प्रतिशतले मात्र समयमै सम्पन्न नभएको बताए। समयमै सम्पन्न गर्न नसक्नुको कारण बुझ्दा करिब एक चौथाई उत्तरदाताले कामदारको अभाव र प्राकृतिक विपत्ती इत्यादितर्फ देखाए। करिब ३४ प्रतिशत उत्तरदाताले बजेट अभावलाई दोष दिए। ठेकेदारको लापरवाही भन्ने उत्तरदाताहरू पनि करिब २० प्रतिशत र सानो संख्याले राजनीतिक खिचातानी तर्फ इंगित गरे। राजनीतिक खिचातानी भन्ने प्रअ थोरै (३ प्रतिशत) थिए र विव्यस अध्यक्ष (करिब १३ प्रतिशगत) अलि धेरै। केहीले निर्माण समितिलाई नै दोष लगाए। समितिलाई दोष देखाउने विव्यस (करिब ७ प्रतिशत) भन्दा प्रअ धेरै (१७ प्रतिशत) थिए (चित्र ६.७)।

**बक्स ६.१ : जिशिकाबाट प्राप्त हुने पूर्वाधार अनुदान समयमै उपलब्ध हुँदैन**

विद्यालयहरूमा जिशिकाबाट प्राप्त हुने अनुदानहरू समयमै उपलब्ध हुन्छन् कि हुँदैनन् ? यदि हुँदैनन् भने कुन किसिमको अनुदानमा ढिलाइ हुन्छ ? यी प्रश्न विद्यालयका प्रअलाई गरिएको थियो जस्को जवाफ मिश्रित आयो । सर्वेक्षणमा सहभागी केही प्रअले अन्य प्रकारका अनुदानमा खासै समस्या नभए पनि खास गरी भौतिक पूर्वाधार निर्माण जस्ता अनुदान समयमै उपलब्ध नहुने बताएका थिए । एउटै जिल्लाका विद्यालयबाट समेत समयमै अनुदान उपलब्ध हुने-नहुने सम्बन्धमा फरक-फरक जवाफ पाइयो । उदाहरणका लागि बैतडीको एक विद्यालयका प्रअले "विद्यार्थी छात्रवृत्ति र पिसिएफको रकम समयमा नआएको" बताएका थिए । बैतडीकै अर्को विद्यालयका प्रअले भने शिक्षकको तलब समयमै विनियोजन नभएको बताएका थिए । बारा, सर्लाही, खोटाङ, संखुवासभा र कालिकोटस्थित सर्वेक्षणमा परेका अधिकांश विद्यालयका प्रअले पनि तलब-भत्ताभन्दा बाहेक जिशिकाबाट प्राप्त हुने अन्य अनुदान—छात्रवृति, मसलन्द, दिवा खाजा, भौतिक निर्माण, पाठ्यपुस्तक र मर्मत सम्भार—को रकम ढिलो हुने बताए । अनुदान सम्बन्धमा दाङ र पाल्पाका विद्यालयले भने अन्य जिल्लाकाले भन्दा केही फरक जवाफ दिए । सर्वेक्षणमा परेका दाङका १३ ओटा विद्यालयमध्ये १२ ओटा र पाल्पाका १३ मध्ये ११ ओटाका प्रअले जिशिकाबाट प्राप्त हुने रकम समयमा नै उपलब्ध हुने बताए ।

जिशिकाबाट उपलब्ध हुने अनुदानको जानकारी विद्यालयले के-कसरी प्राप्त गर्छ भन्नेबारे जान्न हामीले प्रअ/लेखापालसँग कुराकानी गरेका थियौँ । कुराकानीमा सहभागी धेरैले "बैंक स्टेटमेन्ट हेरेर" जिशिकाबाट प्राप्त हुने अनुदान विद्यालयले थाहा पाउने बताएका थिए । पछिल्लो समय विद्यालय/प्रअले मोबाइल बैंकिङ सेवा लिएको भेटियो । यो सेवा लिनेले बैंक मार्फत जिशिका र विद्यालयबीचको कारोबार मोबाइल एसएमएस मार्फत थाहा पाउने बताए । अनुसन्धानमा परेका केही विद्यालयले भने जिशिकाबाट प्राप्त हुने अनुदान जिशिकाले विद्यालयको नाममा जारी गर्ने निकासा पत्रबाट थाहा पाउने गरेको बताएका थिए । अन्य केही विद्यालयले जिशिकामा सोधेर, स्रोत व्यक्तिलाई सोधेर, जिशिकाको रेकर्ड फाइल हेरेर यो कुरा थाहा पाउने गरेको बताएका थिए ।


तस्बिर © नारायण भण्डारी @ बैतडी



तस्बिर © अमृत पण्डित @ बैतडी

परिच्छेद ७

# विद्यार्थी सहुलियत कार्यक्रम

सरकारको पछिल्लो आँकडाले नेपालका सामुदायिक विद्यालयमा विद्यार्थी सहुलियत कार्यक्रममा मात्रै ५५ करोड रुपियाँ खर्च भएको देखाउँछ । समाचारहरूमा कतिपय विद्यालयमा छात्रवृत्ति रकममा अनियमितता भएको रिपोर्टहरू पनि पत्रपत्रिकामा छापिए (श्रेष्ठ २०७१) । हामीले सर्वेक्षणमा परेका सामुदायिक विद्यालयमा छात्रवृत्ति रकम आए-नआएकोबारे सोधेका थियौँ । सर्वेक्षित विद्यालयमध्ये ९४ प्रतिशत उत्तरदाताले आफ्नो विद्यालयमा कुनै न कुनै प्रकारको छात्रवृत्ति आएको बताए ।[1] बाराका दुइटा, खोटाङ, संखुवासभा र सर्लाहीका एक-एक विद्यालयले भने आफूकहाँ छात्रवृत्तिको रकम नआएको बताए (तालिका ७.१) ।

**तालिका ७.१ : विद्यालयमा छात्रवृत्ति रकम आए-नआएको**

| | संख्या | प्रतिशत |
|---|---|---|
| आएको | १८० | ९४.७४ |
| नआएको | ५ | २.६३ |
| थाहा छैन | ५ | २.६३ |

**अधिकांश विद्यालयमा दलित- र छात्रा-वृत्ति उपलब्ध**

सर्वेक्षणमामा सहभागी विद्यालयमध्ये प्राय: ठाउँमा छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति पुगेको रहेछ । एक चौथाई विद्यालयले सीमान्तकृत वा पिछडिएको वर्ग छात्रवृत्ति र गरिब तथा जेहेन्दार छात्रवृत्तिको व्यवस्था समेत आफ्नो विद्यालयमा भएको जानकारी दिए । सीमित जिल्लामा लागू भएका दिवा खाजा, मेधावी विद्यार्थी छात्रवृत्ति र शहीद छात्रवृत्ति करिब १० प्रतिशत विद्यालयमा पुगेको पाइयो । यस्तो छात्रवृत्तिको संख्या विभिन्न नाममा देखिए पनि यसको प्रभावकारिता, समयमा लक्षित समूहमा पुग्ने-नपुग्ने, थोरै रकम भएको हुँदा विद्यार्थीको आवश्यकता पूर्ति हुन्छ-हुँदैन जस्ता प्रश्न उठेको पाइन्छ (चित्र ७.१) ।

सर्वेक्षित विद्यालयहरूले यी विभिन्न खाले छात्रवृत्ति सरकारले व्यवस्था गरेको निर्देशिका अनुसार नै वितरण गरेको बताए । यसो भन्नेहरू ७४ प्रतिशत उत्तरदाता छन् । शिक्षकले दिएको सुझाव, विद्यार्थीको क्षमता र आवश्यकता अनुसार छात्रवृत्तिमा छनोट हुन्छ भन्नेहरू १० प्रतिशत वरिपरि छन् । यसमा विव्यसले प्रअको निर्णय गौण हुने बताइयो । प्रधानाध्यापकको निर्णय अनुसार छात्रवृत्ति छनोट हुन्छ भन्ने ४ प्रतिशत उत्तरदाता मात्र पाइयो । तर, एक चौथाई उत्तरदाताले भने विव्यसको निर्णय अनुसार छात्रवृत्ति वितरण हुने बताए (चित्र ७.२) ।

[1] न्यू एराले (सन् २०१३) मा गरेको सर्वेक्षणले करिब ९९ प्रतिशत विद्यालयले एक वा एकभन्दा बढी छात्रवृत्ति पाउने गरेको देखाएको थियो ।




*चित्र ७.१ : विद्यालयमा शैक्षिक सत्र २०७४ मा उपलब्ध छात्रवृत्ति*

सर्वेक्षित विद्यालयका उत्तरदातासँग छात्रवृत्ति वितरण सम्बन्धमा समेत प्रश्न गरिएको थियो । सर्वेक्षित उत्तरदातामध्ये लक्षित समूहलाई नै छात्रवृत्ति प्रदान गर्ने दाबी गर्नेहरू तीन चौथाई छन् (७६ प्रतिशत) । छात्रवृत्ति रकमा दामासाहीमा वितरण गर्छु भन्ने १८ प्रतिशत र अन्य तरिकाबाट छात्रवृत्ति वितरण गर्छु भन्ने १५ प्रतिशत विव्यस रहेको छ (चित्र ७.३) ।




*चित्र ७.२ : विद्यालयमा छात्रवृत्ति पाउने विद्यार्थीको छनोटको आधार*




*चित्र ७.३ : विद्यालयमा छात्रवृत्ति रकम वितरणको प्रक्रिया*

छात्रवृत्तिमा देखिएका समस्या सम्बन्धमा सर्वेक्षित विद्यालयहरूका उत्तरदातासँग अर्को प्रश्न समेत सोधिएको थियो । सर्वेक्षणबाट प्राप्त विवरण अनुसार ३७ प्रतिशतले छात्रवृत्तिका लागि पर्याप्त रकम उपलब्ध नभएको, २६ प्रतिशतले अरूले पनि छात्रवृत्ति माग्ने गरेको र १७ प्रतिशत उत्तरदाताले छात्रवृत्ति रकम समयमा उपलब्ध नहुँदा समस्या भएको बताए । थप, ३८ प्रतिशत उत्तरदाताले छात्रवृत्ति वितरणका अन्य समस्या भएको बताए (चित्र ७.४) ।




*चित्र ७.४ : छात्रवृत्ति वितरणमा देखिएका समस्या*

## बक्स ७.१ : स्थानीय सरकार र विद्यार्थी-वृत्ति सहयोग

स्थानीय सरकारहरूले शिक्षकको तलब र विद्यालयको भौतिक पूर्वाधार (खेल मैदान, तारबार, भवन आदि निर्माण) का लागि केही आर्थिक सहयोग गरेको पाइए पनि विद्यार्थीहरूको सिकाइ प्रक्रिया (छात्रवृत्ति, "कोचिङ," विद्यार्थी-दिवा खाजा आदि) केन्द्रित सहयोग कार्यक्रम सञ्चालन गरेको खासै पाइएन । खोटाङस्थित एक गाउँपालिकाका अध्यक्षले "जेहेन्दार, गरिब, पिछाडिएका तथा सीमान्तकृत समुदायबाट आएका बच्चाबच्चीलाई छात्रवृत्तिको व्यवस्था गर्ने" योजना रहेको बताए । यद्यपि, अनुसन्धानको समयमा यो कार्यक्रम शुरू भइसकेको थिएन । त्यसै गरी, बाराको एक गाँउपालिकाका अध्यक्षले "एसईई पास गर्ने केटीहरू प्लस टु भर्ना भएपछि प्रोत्साहनका लागि उनीहरूलाई साइकल उपहार दिने" योजना रहेको बताए । अध्ययनमा परेका केही विद्यालयमा स्थानीय शिक्षाप्रेमी/समावसेवीले गरिब तथा जेहेन्दार/अब्बल विद्यार्थीलाई पुरस्कारको ब्यवस्था (रकम वा जिन्सी) गरेको भेटियो । धेरै जसो यस्ता पुरस्कार विद्यालय संस्थापकका परिवार, स्थानीय समाजसेवी वा विद्यालयका पूर्व प्रअ/शिक्षक/विद्यार्थीले राखेको पाइयो । पूर्वी पहाडी जिल्ला खोटाङ र संखुवासभामा यस्ता पुरस्कार "लाहुरे" परिवारले राखेको पाइयो । प्राय: यी पुरस्कार कक्षामा पहिलो/दोस्रो हुने विद्यार्थीलाई दिइन्छ । विद्यालय शिक्षा र बालबालिकाको पोषणको क्षेत्रमा काम गर्ने केही गैरसरकारी संस्थाले कालिकोट, बैतडी र दाङका सर्वेक्षित कतिपय विद्यालयमा निश्चित अवधिका लागि "दिवा खाजा परियोजना" समेत सञ्चालन गरेको भेटियो । तर "राम्रै" आन्तरिक स्रोत भएका तराईका विद्यालयले समेत छात्र-छात्रामा केन्द्रित सहयोग कार्यक्रम राखेको खासै भेटिएन।



तस्बिर © भुवनेश्वर शर्मा र युवराज कोइराला @ सर्लाही

# निष्कर्ष

यो सर्वेक्षणले नेपालका सामुदायिक विद्यालयहरूको शासन-व्यवस्थापन-सञ्चालन प्रक्रिया या गभर्नेन्सबारे जान्न चाहेको थियो । यसक्रममा नेतृत्वबारे, स्रोत-साधन (मानवीय र भौतिक) को अवस्थाबारे, र सामुदायिक विद्यालयले सरकारी नीति-नियममा तोकिएको गभर्नेन्सका प्रावधानहरूको परिपालना के-कसरी गर्छन्, सोबारे जान्न खोजिएको थियो ।

नेपालका सामुदायिक विद्यालयहरूको नेतृत्व केही सामाजिक समूहहरूको हातमा छ । समाजका अन्य क्षेत्र झैँ सामुदायिक विद्यालयमा पनि ब्राह्मण/क्षेत्री पुरुषको वर्चस्व देखिन्छ । यद्यपि, विद्यालय व्यवस्थापन समितिको नेतृत्व (अध्यक्ष) मा भने जनजाति पुरुषहरूको पनि उल्लेख्य उपस्थिति देखिन्छ । कुनै सामाजिक समूह या लिंगको उपस्थितिले सामुदायिक विद्यालयको गुणस्तरमा के-कस्तो प्रभाव पार्छ यसै भन्न नसकिए पनि के चाहिँ भन्न सकिन्छ भने नेपालको सार्वजनिक क्षेत्र (यहाँ सामुदायिक विद्यालय) ले समग्र नेपाली समाजलाई प्रतिनिधित्व गर्दैन । अथवा नेपाली समाजको जुन बहुलता र विविधता छ सो सामुदायिक विद्यालयमा प्रतिबिम्बित हुँदैन ।

यो नयाँ कुरा त होइन, तर हाम्रा सामुदायिक विद्यालयहरूमा अति कम स्रोत-साधनमा चलेका छन् । तिनमा लगानी निकै कम छ । विद्यालयमा अन्य सहयोगी कर्मचारी त छैनन् नै, शिक्षक पनि पर्याप्त छैनन् । शिक्षकहरूको सेवा-सुरक्षाको स्थिति पनि नाजुक छ—प्रअहरू स्वयं पनि स्थायी शिक्षक छैनन् । न विद्यालयलाई चाहिने अन्य स्रोत सामग्री नै पर्याप्त उपलब्ध छन् । एउटै सरकारी दरबन्दी नपाएका, एक वा दुई शिक्षकका भरमा चलेका विद्यालय पनि छन् । विद्यालयमा सञ्चालनका लागि चाहिने सहयोगीहरू (लेखापाल, आया, पियन, आदि) सामुदायिक विद्यालयहरू धेरैमा (खास गरी प्रावि तहमा) उपलब्ध छैनन् । त्यसो त यो सरकारी तथ्यांकले नै बोलेको कुरा हो (नेपाल सरकार २०७५), तर यो सर्वेक्षणले पनि सो तथ्यको पुन:पुष्टि गरेको छ ।

सर्वेक्षणबाट कम्तिमा एक चौथाई सामुदायिक विद्यालयहरू एक वा अर्को खाले समस्याबाट ग्रसित छन् भन्ने देखिन्छ । धेरै विद्यालयले पर्याप्त सरकारी अनुदान पाउँदैनन्, जनशक्ति पर्याप्त छैनन्, र उनीहरूसँग आन्तरिक स्रोत-साधन पनि छैन । एकातर्फ आफ्नै स्रोत पनि नहुने, अनि अर्कोतर्फ राज्यले पनि शिक्षक दरबन्दी नदिने हुँदा सामुदायिक विद्यालयहरू योग्यतम शिक्षक नियुक्त गर्न सक्ने अवस्थामा छैनन्, किनभने उनीहरूसँग आफ्ना शिक्षकलाई सरकारी निकायले तोकेको न्यूनतम पारिश्रमिक पनि दिनसक्ने क्षमता छैन ।

सामुदायिक विद्यालयले अनिवार्य परिपालना गर्नुपर्ने विभिन्न निर्देशिका र कार्यविधिहरू राज्यले तयार गरेको छ । उदाहरणका लागि, सामुदायिक विद्यालयले वार्षिक योजना र बजेट बनाउनु पर्छ । तर, करिब २० प्रतिशतले सो कार्य नियमित रूपमा गरिरहेका छैनन् । ती विद्यालयले सामाजिक परीक्षण पनि नियमितै गर्नुपर्छ । तर, एकातर्फ, करिब ४० प्रतिशत विद्यालयले त्यस्तो सामाजिक परीक्षण निर्देशिकाबारे या जानकारी पाएका छैनन्, या जानकारी त पुगेको छ, निर्देशिका पुगेको छैन । अर्कोतर्फ, "सामाजिक परीक्षण गरिरहेको" उत्तर दिने विद्यालयले नै पनि त्यस्तो परीक्षण नियमित गराएका छैनन्; तिनको गुणस्तर (कस्तो खाले सामाजिक परीक्षण र कसरी सम्पन्न गरिन्छ) बारे केही भन्न सकिन्न ।

त्यस्तै, सामुदायिक विद्यालयहरूले वार्षिक लेखा परीक्षण गराउनै पर्ने हुन्छ, जुन करिब १० प्रतिशत विद्यालयले नगराएको पाइयो । नगराउनुको कारणमा उनीहरूले मुख्य रूपमा रकम अभावलाई देखाए ।

समग्रमा हेर्दा करिब ३० प्रतिशत विद्यालयमा या लेखा परीक्षण नभएको, या त सो नियमित नभएको या बेरुजू भएको पाइयो । बेरुजू निस्कनुको कारण उनीहरूले सार्वजनिक खरिद सम्बन्धी निर्देशिका राम्ररी परिपालना गर्न नसकेको देखियो, जसको एउटा मुख्य कारण सो प्रक्रियालाई बुझ्ने तालिम प्राप्त लेखा कर्मचारीको अभाव पनि हो । कतिपय विद्यालयले आन्तरिक आम्दानीका स्रोतहरू वार्षिक योजना तथा बजेटमा सामेल समेत नगर्ने पाइयो ।

सामुदायिक विद्यालयहरूमा पर्याप्त स्रोत-साधन नहुँदा त्यसको मार शिक्षाको गुणस्तरमा प्रत्यक्ष पर्छ नै । यसले सामुदायिक विद्यालयहरूमा अधिक दबाब (स्ट्रेस) पनि परिरहेको छ । आफ्ना शिक्षक र कर्मचारीलाई तलब खुवाउन विद्यालयहरूलाई हम्मे छ । त्यसका लागि उनीहरूले विभिन्न उपाय अवलम्बन गरिरहेको देखिएको छ । यस्ता उपायहरूमा विद्यार्थीहरूबाट विभिन्न बहानामा शुल्क उठाउने, विद्यालयमा अन्य आन्तरिक स्रोतहरूको जोहो गर्ने, आदि छन् । त्यस्तै, विद्यालयमा विभिन्न शीर्षकमा आउने रकमहरूको रकमान्तर (शीर्षक फेरबदल) गरी खास गरी शिक्षकहरूलाई सकेसम्म तलब खुवाउने गरेको पाइयो । भवन निर्माण, शौचालय निर्माण, पुस्तकालय, छात्रवृत्ति र दिवाखाजा जस्ता विद्यालयलाई प्राप्त हुने रकमलाई शिक्षक/कर्मचारीको तलब खुवाउनमा समेत प्रयोग गरेको पाइयो । अथवा, निश्चित समूहका लागि भनेर तोकिएर आएको छात्रवृत्तिको रकम विद्यालयमा पढ्ने अन्य गरिब जेहेन्दार विद्यार्थीलाई बाँढ्ने समेत गरिएको देखियो । केही विद्यालयले त त्यस्तो रकम शिक्षकको तलबको लागि वा सहयोगी कर्मचारीको नाउँमा आउने रकम शिक्षकको तलबमा खर्च गर्ने गरेको पाइयो ।

यी सबै कार्यहरू संवैधानिक र कानुनी नजरमा वाञ्छनीय मानिँदैनन् । किनकि, नेपालको नयाँ संविधान, २०७२ ले विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य (आधारभूत तहसम्म) हुने भनेको छ । अर्थात्, संविधानत: सामुदायिक विद्यालयले विद्यार्थीहरूबाट कुनै पनि शुल्क लिन मिल्दैन । कानून/नियमले पनि सामुदायिक विद्यालयलाई विद्यार्थीबाट कुनै पनि खाले शुल्क उठाउनबाट रोक लगाएको छ । सामुदायिक विद्यालयहरूले राज्यले बनाएका सबै नियम, कानून, विनियम, निर्देशिकाहरूलाई अक्षरश: पालना गर्नु पर्छ, जुन भैरहेको छैन । र, ती पूर्णत: परिपालना गरिने हो भने ती विद्यालय अहिले जे-जस्तो अवस्थामा सञ्चालन भैरहेका छन् सम्भवत: त्यही अवस्थामा पनि सञ्चालन हुन सक्दैनन् ।

यसरी एकातर्फ, सामुदायिक विद्यालयहरूलाई राज्य आवश्यक स्रोत (मानवीय र अन्य) उपलब्ध गराउँदैन, अनि अर्कोतर्फ अनिवार्य र नि:शुल्क पढाऊ भनेर संवैधानिक र कानूनी प्रावधान राख्छ । यो विसंगतिपूर्ण अवस्थाले नेपालको शिक्षा क्षेत्रलाई गाँजेको छ र यसले सामुदायिक विद्यालयको सञ्चालनमा अनौठो परिस्थिति सिर्जना गरिदिएको छ । राज्यले स्रोत साधन उपलब्ध पनि नगराउने र विद्यालय पनि सञ्चालन गरिरहनु भनेको विद्यालयको गभर्नेन्स प्रक्रिया "कम्प्रोमाइज्ड" हुनु हो । विद्यालयले आफ्ना नियमित खर्च कहीँ न कहीँबाट जुटाउनै पर्ने हुन्छ । सो जुटाउनका लागि विद्यालयका प्रअ, व्यवस्थापन समितिले केही न केही जोहो गर्नै पर्ने हुन्छ । यहाँ केही न केही भनेको विद्यार्थीबाट रकम उठाउनेदेखि, रकमान्तर गर्नेदेखि (एउटा कामलाई आएको रकम अर्कोमा लगाउने), शिक्षकहरूलाई सरकारले तोकेभन्दा निकै कम तलबमा काम गराउनुसम्मका गतिविधि गर्नु हो ।

एउटा सामान्य उदाहरण लिउँ: राज्यको नियमले यी सामुदायिक विद्यालयले वर्षेनी रजिष्टर्ड लेखा परीक्षकबाट आफ्नो आय-व्ययको लेखा परीक्षण गराउनुपर्छ । लेखा परीक्षणका लागि राज्यले विद्यालयलाई जुन रकम दिन्छ, त्यो लेखा परीक्षकहरूको सिन्डिकेटले तोकेको न्यूनतम रकमभन्दा कम छ । यस्तो स्थितिमा विद्यालयहरूले आफूसँग नभएको, विद्यालयको शिक्षकको तलबमा खर्च गर्ने रकम लेखा परीक्षकलाई बुझाउनु पर्छ । सानो खर्च हुने भएकाले लेखा परीक्षकहरू विद्यालयमा जाँदैनन् र प्रधानाध्यापक नै हिसाबकिताब र बिल-भौचरका ठेली बोकेर लेखा परीक्षक कहाँ धाउँछन्, अडिट गराउन । यसरी राज्यका नीति-नियम र

निर्देशनभन्दा बाहिर गएर कतिपय सामुदायिक विद्यालयहरूमा काम भैरहेका छन् भन्ने तथ्य "ओपन सेक्रेट" जस्तै देखिन्छ । यो कुरा नेपाल सरकार र यसका सम्बन्धित निकायहरूले थाहा पाएर पनि थाहा नपाएजसो गरेर बसिरहेका छन् ।

यी सबै कारणले गर्दा सामुदायिक विद्यालयको क्षेत्रमा एउटा यस्तो परिस्थिति सिर्जना भएको छ, जहाँ कागजमा ऐन-नियमको पालना हुन्छ, तर व्यवहारमा अर्कै वा कथित "गैरकानूनी" काम पनि हुन सक्छ । राज्यले लिएको नीति अनुरूप साधन-स्रोतको व्यवस्था नगरिँदा एउटा अनौठो ढोंगको, झुटको बलमा हाम्रो सामुदायिक शिक्षा-व्यवस्था टिक्न पुगेको समेत देखिन्छ । सामुदायिक विद्यालयमा कानून या नियमसंगत कतिपय कार्यहरू नभएको पाइए पनि तिनलाई साझेदार (स्टेकहोल्डर) हरूले अन्यथा लिएको पाइँदैन, किनकि सम्भवत: धेरैलाई उनीहरू विधिसम्मत काम गरिरहेका छैनौँ भन्ने हेक्का छैन । जसलाई हेक्का छ उनीहरूले त्यस्तो काम समस्त विद्यालयको स्वास्थ्यकै खातिर गरिएको, सार्वजनिक हित (लार्जर पब्लिक गुड) कै लागि गरिएकोले सो काम पाच्य र क्षम्य ठानेका छन् । अर्कोतर्फ, सबै विद्यालयका नेतृत्वकर्ताहरू विवेकी र भ्रष्टाचार नगर्ने नै होलान् भनेर सुनिश्चित गर्न सकिँदैन् । यस्तो स्थितिमा, राज्यले स्रोत-साधन उपलब्ध नगराएकाले उनीहरूले विद्यालयका स्रोत-साधनलाई बेइमानीपूर्वक या अपचलन गरिरहेका छन् भने पनि त्यो पत्ता लगाउन कठिन नै छ, किनभने उनीहरूले पनि अन्य विद्यालयले झैँ काम एकथरी गरिरहेका होलान् र हिसाबकिताब अर्को हिसाबले वा नियम/निर्देशिका सम्मत हिसाबले राखिरहेका होलान् । यो विसंगतिपूर्ण स्थितिबाट पार नपाउने हो भने यसले नेपालको शिक्षा क्षेत्रलाई कालान्तरसम्म गाँजिरहने छ । अनि यो साध्य (उद्देश्य) सही र साधन गलत (नियम-कानूनको अपरिपालना) हुने परिस्थिति कायमै रहँदा यसले नेपाली समाजमा दूरगामी प्रभाव पार्ने देखिन्छ ।

यो समस्या निराकरणको एउटा उपाय भनेको शिक्षा क्षेत्रमा सार्वजनिक लगानी बढाउनु नै हो । पछिल्ला केही वर्षमा नेपालले शिक्षामा राष्ट्रिय बजेटको १० प्रतिशत अथवा कुल ग्रार्हस्थ उत्पादनको ४ प्रतिशतको हाराहारी लगानी गरिरहेको छ । यसअघिका शिक्षा आयोगहरू र नयाँ उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदनमा पनि शिक्षामा सुधार गर्ने हो भने सार्वजनिक लगानी उल्लेख्य रूपमा बढाउन सुझाव दिइएको छ । संयुक्त राष्ट्र संघको शिक्षासम्बन्धित दीगो विकास लक्ष्य प्राप्त गर्न शिक्षा क्षेत्रमा राष्ट्रिय बजेटको १५–२० प्रतिशत लगानी गर्न आवश्यक हुने उल्लेख छ (नेपाल सरकार २०७५) । राजनीतिक दलका नेता तथा सरकारी पदाधिकारी पनि शिक्षामा लगानी बढाउनुपर्ने कुरामा सहमत भए पनि राष्ट्रिय आय कम भएकाले शिक्षा-बजेटको आकार बढाउन नसकिने भन्दै लाचारी प्रदर्शन गर्छन् । तर मूल कुरा पैसा नभएको होइन, प्राथमिकता नै नभएको हो । प्राथमिकता हुने हो भने रकम जोहो गर्न सकिन्छ । उदाहरणका लागि यसै वर्षको प्रारम्भमा मात्रै नेपाल सरकारले नेपाली सेनामा करिब आठ हजार नयाँ जवान भर्ना गर्नका लागि विज्ञापन आह्वान गर्‍यो (गोरखापत्र २०७६) । त्यसै गरी गत वर्ष मात्रै प्रहरीमा पनि करिब सात हजार नयाँ भर्ना खोलिएको थियो (गोरखापत्र २०७५) । सरकारलाई सेनामा, प्रहरीमा जवान भर्ना गर्न, पाल्न पैसा निस्कन्छ, तर शिक्षकको दरबन्दी दिन पैसा हुँदैन । यसले सरकारको प्राथमिकता प्रस्ट्याउँछ । त्यसैले प्राथमिकता परिवर्तन गरेर सार्वजनिक शिक्षामा यथेष्ट लगानी बढाए मात्रै यी कतिपय समस्याबाट त्राण पाइन्छ र अन्ततः नेपालको शिक्षा क्षेत्रको भविष्य उज्ज्वल हुनेछ ।



तस्बिर © प्रभाकर गौतम @ कालिकोट

# सन्दर्भ सूची

उप्रेती, देवेन्द्र र लोकरञ्जन पराजुली । २०७६ । विद्यालय शिक्षा स्थानीय सरकारलाई नै । *कान्तिपुर* ८ जेठ, पृ. ७ ।

गोरखापत्र । २०७५ । विज्ञापन । १५ असोज, पृ. ८ ।

गोरखापत्र । २०७६ । विज्ञापन । ३ वैशाख, पृ. ८ ।

मार्टिन चौतारी । सन् २०१८ । सर्वेक्षक फिल्डनोट : नेपालको शिक्षा क्षेत्रमा सार्वजनिक वित्तको गतिशिलता (सन् २०१५–२०१९) । अप्रकाशित प्रतिवेदन, मार्टिन चौतारी, काठमाडौँ ।

मार्टिन चौतारी । सन् २०१९ । *संघीयता र विद्यालय शिक्षा* । शोध-संक्षेप २४ । काठमाडौँ : मार्टिन चौतारी ।

नेपाल सरकार । २०६८ । शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०६८ । https://moe.gov.np/article/213/educational-consulting-services-and-language-siksanasambandhi-directory-2068.html मा उपलब्ध; ९ फागुन २०७५ मा हेरिएको ।

नेपाल सरकार । २०७१क । शिक्षा (आठौँ संशोधन) नियमावली, २०५९ । www.martinchautari.org.np/files/SchoolEducationDocuments/ShikshaAathauSamsodhanNiyamawali2071.pdf मा उपलब्ध; ८ फागुन २०७५ मा हेरिएको ।

नेपाल सरकार । २०७१ख । शिक्षक सेवा आयोग (नवौँ संशोधन) नियमावली, २०७१ । http://moe.gov.np/assets/uploads/files/esc_20711.pdf मा उपलब्ध; ८ फागुन २०७५ मा हेरिएको ।

नेपाल सरकार । २०७२ । छात्रवृत्ति सम्बन्धी (छैठौँ संशोधन) नियमावली, २०७२ । www.moe.gov.np/article/226/scholarships-related-sixth-amendment-regulations-2072.html मा उपलब्ध; ८ फागुन २०७५ मा हेरिएको ।

नेपाल सरकार । २०७४ । शिक्षा (नवौँ संशोधन) ऐन, २०२८ । www.lawcommission.gov.np/wp-content/uploads/2018/08/38c86bbf9c85188c8b7a4d2e3c0dd89f.pdf मा उपलब्ध; ९ फागुन २०७५ मा हेरिएको ।

नेपाल सरकार । २०७५ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, २०७५ को प्रतिवेदन (औपचारिक रूपमा सार्वजनिक नभएको) । https://nepalindata.com/media/resources/items/20/bCommissionReport_edukhabar.pdf मा उपलब्ध; १० चैत २०७५ मा हेरिएको ।

शिक्षा विभाग । २०७२ । *विद्यालयहरूको सामाजिक परीक्षण (Social Audit) गर्ने सम्बन्धी निर्देशिका २०६५ (पहिलो संशोधन २०७१ सहित)* । सानोठिमी : शिक्षा विभाग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

शिक्षा विभाग। २०७४क। *विद्यालय लेखाङ्कन दिग्दर्शन।* सानोठिमी : शिक्षा विभाग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।

शिक्षा विभाग। २०७४ख। *सार्वजनिक/सामुदायिक पुस्तकालय अनुदान कार्यविधि २०७४ दिग्दर्शन।* काठमाडौँ : शिक्षा विभाग, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय।

श्री ५ को सरकार। २०१८। *सवार्ङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट, २०१८।* काठमाडौँ : शिक्षा मन्त्रालय।

श्रेष्ठ, मकर। २०७१। शीर्षकैपिच्छे अनियमितता। www.kantipurdaily.com/printedition/2014/04/20/319266.html मा उपलब्ध; ४ चैत २०७५ मा हेरिएको।

Government of Nepal. 2018. *Education in Figures 2017 (At a Glance).* Kathmandu: Ministry of Education, Science and Technology.

National Planning Commission. 2012. Nepal Public Expenditure Tracking Study on Primary Education. Government of Nepal, Kathmandu.

New Era. 2013. Nepal Education Studies 2012/13 School and Household Survey. Unpublished report, Kathmandu.

Sharma, Tanka Nath, Basu Prasad Subedi, Indra Mani Rai, Rajkumar Rai, Nabaraj Gautam, Mohan Poudel and Bhagawan Khanal. 2018. *A Study on Public Financial Management: Practices at School Level*. Bhaktapur: Department of Education, Ministry of Education, Science and Technology, Government of Nepal.

World Bank. 2014. Nepal: Local Service Delivery in Nepal. Available at http://documents.worldbank.org/curated/en/188401468053415165/pdf/879220ESW0REVI00385228B00PUBLIC00NP.pdf; accessed March 14, 2019.

# अनुसूची

## अनुसूची १.१ : शैक्षिक सत्र २०७४ सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी भर्ना

| | | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | जम्मा |
|---|---|---|---|---|
| प्रावि | छात्रा | १,७०४,६६६ | ३०४,६४८ | २,००९,३१४ |
| | छात्र | १,६०७,३९६ | ३५३,३०६ | १,९६०,७०२ |
| | जम्मा | ३,३१२,०६२ | ६५७,९५४ | ३,९७०,०१६ |
| निमावि | छात्रा | ८०२,७२४ | १४०,६८६ | ९४३,४१० |
| | छात्र | ७४१,९३७ | १८१,३६९ | ९२३,३०६ |
| | जम्मा | १,५४४,६६१ | ३२२,०५५ | १,८६६,७१६ |
| मावि | छात्रा | ४१८,१६३ | ८३,२२५ | ५०१,३८८ |
| | छात्र | ३६०,६५९ | १०८,६७३ | ४६९,३३२ |
| | जम्मा | ७७८,८२२ | १९१,८९८ | ९७०,७२० |
| उच्चमावि | छात्रा | २४६,९७४ | ६८,०३८ | ३१५,०१२ |
| | छात्र | १८०,३१२ | ८८,७४८ | २६९,०६० |
| | जम्मा | ४२७,२८६ | १५६,७८६ | ५८४,०७२ |
| **जम्मा** | **जम्मा छात्रा** | **३,१७२,५२७ (५२.३३)** | **५९६,५९७ (४४.९०)** | **३,७६९,१२४** |
| | **जम्मा छात्र** | **२,८९०,३०४ (४७.६७)** | **७३२,०९६ (५५.१०)** | **३,६२२,४००** |
| | **कुल संख्या** | **६,०६२,८३१** | **१,३२८,६९३** | **७,३९१,५२४** |

*स्रोत : नेपाल सरकार (सन् २०१८) ।*

## अनुसूची १.२ : शैक्षिक सत्र २०७४ सामुदायिक र संस्थागत विद्यालयको अवस्था

| | प्राथमिक विद्यालय | संस्थागत | जम्मा |
|---|---|---|---|
| पूर्वप्राथमिक/पिपिसि | ३०,४४८ | ६,१२० | ३६,५६८ |
| स्कूल शिक्षा (१–२) | २९,०३५ | ६,५६६ | ३५,६०१ |
| प्रावि (१–५) | २८,९१३ | ६,२९८ | ३५,२११ |
| निमावि (६–८) | ११,३६८ | ४,२६४ | १५,६३२ |
| मावि (९–१०) | ६,२६१ | ३,१८६ | ९,४४७ |
| उच्च मावि (११–१२) | २,७२५ | १,०५६ | ३,७८१ |

*स्रोत : नेपाल सरकार (सन् २०१८) ।*

## अनुसूची १.३ : शैक्षिक सत्र २०७४ प्रदेशगत विद्यालय, विद्यार्थी र शिक्षक संख्या

| प्रदेश | विद्यालय (१-१२) | | | विद्यार्थी (१-१२) | | | शिक्षक (१-१०) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा | महिला | पुरुष | जम्मा | स्वीकृत | राहत | जम्मा |
| प्रदेश १ | ५,४९८ | १,२२३ | ६,७२१ | ६०५,४९८ | ५६९,५०५ | १,१७५,००३ | २२,७४१ | ६,६३८ | २९,३७९ |
| प्रदेश २ | ३,३२० | ५३३ | ३,८५३ | ६४३,२९२ | ६१२,३४३ | १,२५५,६३५ | १३,०१३ | ५,०१९ | १८,०३२ |
| प्रदेश ३ | ५,२४३ | २,१४५ | ७,३८८ | ७२८,३५४ | ७१०,२४५ | १,४३८,५९९ | २१,७४९ | ७,७७२ | २९,५२१ |
| गण्डकी | ३,७७२ | ८३५ | ४,६०७ | ३६५,६२० | ३४९,४५७ | ७१५,०७७ | १६,५४३ | २,९६१ | १९,५०४ |
| प्रदेश ५ | ४,६२९ | १,१३५ | ५,७६४ | ६६८,४९५ | ६५४,५६५ | १,३२३,०६० | १७,३६६ | ६,६८५ | २४,०५१ |
| कर्णाली | ३,०१३ | १८६ | ३,१९९ | ३०३,०८४ | २९२,७१९ | ५९५,८०३ | ८,०६० | ३,६४५ | ११,७०५ |
| सुदूरपश्चिम | ३,५६० | ५०९ | ४,०६९ | ४५४,७८१ | ४३३,५६६ | ८८८,३४७ | ९,६४६ | ५,७०० | १५,३४६ |
| **जम्मा** | **२९,०३५** | **६,५६६** | **३,५६०१** | **३,७६९,१२४** | **३,६२२,४००** | **७,३९१,५२४** | **१०९,११८** | **३८,४२०** | **१४७,५३८** |

*स्रोत : नेपाल सरकार (सन् २०१८)।*

## अनुसूची १.४ : शैक्षिक सत्र २०७४ प्रदेशगत शिक्षक संख्या

| प्रदेश | विद्यालय (१-१२) | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| प्रदेश १ | १८,१७९ | ३५,६३८ | ५३,८१७ |
| प्रदेश २ | ६,३३९ | १९,८६६ | २६,२०५ |
| प्रदेश ३ | ३९,८६५ | ४६,२९४ | ८६,१५९ |
| गण्डकी | १८,३९५ | २७,५१९ | ४५,९१४ |
| प्रदेश ५ | २२,९६६ | ३८,०५६ | ६१,०२२ |
| कर्णाली | ५,९१८ | १४,६७४ | २०,५९२ |
| सुदूरपश्चिम | ८,३९५ | २३,४१६ | ३१,८११ |
| **जम्मा** | **१२०,०५७** | **२०५,४६३** | **३२५,५२०** |

*स्रोत : नेपाल सरकार (सन् २०१८)।*

## अनुसूची २.१ : प्रधानाध्यापकका लागि प्रश्नावली

**मार्टिन चौतारी**

**काठमाडौँ, नेपाल**

**नेपालका सार्वजनिक विद्यालयमा शिक्षण र 'गभर्नेन्स' सम्बन्धी सर्वेक्षण २०७४**

मार्टिन चौतारी, काठमाडौँ विश्वविद्यालय र आरहुस विश्वविद्यालय, डेनमार्कद्वारा संयुक्त रूपमा गर्न लागिएको यस अनुसन्धान सर्वेक्षणमा सहभागी भई आवश्यक जानकारी उपलब्ध गराई सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौँ। सर्वेक्षणमा भाग लिन कसैलाई पनि बाध्य बनाइने छैन र यस क्रममा उपलब्ध गराइएको सूचना पूर्णतया अध्ययन प्रयोजनका लागि मात्र प्रयोग गरिने तथा गोप्य राखिने छ । यो सर्वेक्षणमा सहभागी भई सहयोग गर्नुहुने सबै व्यक्ति तथा संस्थालाई हामी हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ। यसबारे थप जानकारी चाहिएमा हामीलाई ०१–४२३८०५० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

### प्रधानाध्यापकका लागि प्रश्नावली

१. विद्यालयको नाम : ..........................................................................................................................

२. विद्यालयमा पढाइ हुने तह : ☐ १–५ ☐ १–८ ☐ १–१० ☐ १–१२

अन्य ..................................................................................................................

३. प्रधानाध्यापकको नाम : .....................................................................................

४. लिंग : ☐ महिला ☐ पुरुष

५. अध्यापन गर्ने तह : ☐ प्रावि ☐ निमावि ☐ मावि

६. अध्यापन गर्ने विषय :....................................................

७. अध्यापन अनुभव (वर्ष) : ................................

८. किसिम : ☐ स्थायी ☐ अस्थायी ☐ राहत ☐ निजी स्रोत अन्य (खुलाउने) ....................

९. नियुक्ति भएको तह : ☐ प्रावि ☐ निमावि ☐ मावि अन्य (खुलाउने) ...............

१०. प्रधानाध्यापकमा नियुक्त भएको मिति : ......................................

११. प्रधानाध्यापकमा नियुक्त भएको किसिम : ☐ शिक्षा नियमावली अनुसार करार ☐ निमित्त

अन्य (खुलाउने) .................................................

१२. तपाईंले यस विद्यालयमा प्रधानाध्यापक हुनुभन्दा अगाडि यसै विद्यालयमा शिक्षकको रूपमा काम गर्नु भएको थियो ?

क) ☐ थिएँ

ख) ☐ थिइन (यदि उत्तर "ख" भए प्रश्न १३ मा जानुहोस्)

१२.१ यदि तपाईंले यस विद्यालयमा प्रधानाध्यापक हुनुभन्दा अगाडि यसै विद्यालयमा शिक्षकको रूपमा काम गर्नु भएको थियो भने, जम्मा कति वर्ष यस विद्यालयमा शिक्षकको रूपमा काम गर्नु भएको थियो ?

क) ☐ ५ वर्षभन्दा कम     ख) ☐ ५ देखि १० वर्ष

ग) ☐ १० देखि १५ वर्ष     घ) ☐ १५ भन्दा माथि

१३. यस विद्यालयमा प्रधानाध्यापकमा नियुक्त भएपछि यहाँले पढाउने काम गर्नु पर्छ कि पर्दैन ?

क) ☐ पर्छ     ख) ☐ पर्दैन

**विद्यालय सञ्चालन प्रक्रिया सम्बन्धी**

१४. यस विद्यालयमा शिक्षकको नियमितता कस्तो छ ? (उपयुक्त कोठामा ☑ लगाउने)

[यदि उत्तर राम्रो/औसत भए प्रश्न १५ मा जानुहोस्]

| तह | राम्रो | औसत | कम |
|---|---|---|---|
| कक्षा १–५ | | | |
| कक्षा ६–८ | | | |
| कक्षा ९–१० | | | |
| कक्षा ११–१२ | | | |

१४.१ यदि विद्यालयको कुनै पनि तहमा शिक्षकको नियमितता कम छ भने, यसको कारण के होला ?

क) ☐ नियमित नभए पनि कारवाही नहुने भएर     ख) ☐ अन्य व्यवसायमा पनि संलग्न हुनाले

ग) ☐ विद्यालय टाढा भएकोले     घ) ☐ शिक्षक राजनीतिमा संलग्न हुनाले

ङ) ☐ घरपायक शिक्षक भएकाले     च) अन्य (खुलाउने) ......................................................

१४ यस विद्यालयमा विद्यार्थीको नियमितता कस्तो छ ? (उपयुक्त कोठामा ☑ लगाउने)

[यदि उत्तर धेरै राम्रो/औसत भए प्रश्न १६ मा जानुहोस्]

| तह | धेरै राम्रो | औसत | कम |
|---|---|---|---|
| कक्षा १–५ | | | |
| कक्षा ६–८ | | | |
| कक्षा ९–१० | | | |
| कक्षा ११–१२ | | | |

१५.१ यदि विद्यालयमा विद्यार्थीको नियमितता कम छ भने, किन होला ?

क) ☐ घरायसी काममा संलग्न हुनाले     ख) ☐ विद्यालयमा पढाइ नियमित नहुनाले     ग) ☐ विद्यालय टाढा भएकोले
घ) ☐ नियमित नभए पनि कारवाही नहुने भएर     ङ) अन्य (खुलाउने) .......................................................................

१६. शैक्षिक सत्र २०७४ मा शिक्षण सिकाइमा सुधार ल्याउने सन्दर्भमा प्रधानाध्यापक र शिक्षकहरूबीच सामूहिक छलफल भएको छ ?

क) ☐ छ  ख) ☐ छैन

१७. शैक्षिक सत्र २०७४ मा शिक्षण सिकाइमा सुधार ल्याउने सन्दर्भमा शिक्षक र अभिभावकबीच सामूहिक छलफल भएको छ ?

क) ☐ छ  ख) ☐ छैन

१७.१ शैक्षिक सत्र २०७४ मा शिक्षण सिकाइमा सुधार ल्याउने सन्दर्भमा शिक्षक र विद्यार्थीबीच सामूहिक छलफल भएको छ ?

क) ☐ छ  ख) ☐ छैन

१८. तपाईंले यस विद्यालयमा कार्यरत सबै शिक्षकको कार्यसम्पादन मूल्यांकन गर्नुहुन्छ ?

क) ☐ गर्छु  ख) ☐ गर्दिन (यदि उत्तर "ख" भए प्रश्न २० मा जानुहोस्)

१९. यदि तपाईंले विद्यालयमा कार्यरत सबै शिक्षकको कार्यसम्पादन मूल्यांकन गर्नुहुन्छ भने, यस्तो मूल्यांकन कुन अवधिमा गर्नुहुन्छ ?

क) ☐ हालसम्म गरेको छैन  ख) ☐ हरेक ३ महिनामा  ग) ☐ हरेक ६ महिनामा  घ) ☐ वर्षमा १ पटक

ङ) अन्य (खुलाउने) ..........................................................................

२०. तपाईंको अनुभवमा विद्यालय सञ्चालनमा हालसम्म कुनै समस्या आइपरेको छ ?

क) ☐ छ  ख) ☐ छैन (यदि उत्तर "ख" भए प्रश्न २१ मा जानुहोस्)

२०.१ यदि तपाईंको अनुभवमा विद्यालय सञ्चालनमा हालसम्म समस्या आइपरेका छन् भने, निम्नमध्ये कुन समस्याहरू मुख्य छन् ?

(सबैभन्दा महत्वपूर्ण तीन समस्यालाई प्राथमिकताको आधारमा १, २, ३ लेख्नुहोस्)

क) ☐ शिक्षकको अपर्याप्तता  ख) ☐ कक्षा कोठा/भौतिक पूर्वाधार अपुग  ग) ☐ विद्यालयमा हुने राजनीति

घ) ☐ समुदायसँगको सम्बन्ध  ङ) ☐ आर्थिक अभाव  च) ☐ विद्यार्थीको अनियमितता

छ) ☐ शिक्षकको अनियमितता  ज) ☐ पाठ्यपुस्तकको अभाव

झ) ☐ विव्यस र प्रधानाध्यापकबीचको सम्बन्ध  ञ) अन्य (खुलाउने) ..........................................................

**शिक्षण जनशक्ति तथा पूर्वाधार सम्बन्धी**

२१. तपाईंको विद्यालयमा सबै तहमा र विषयमा पर्याप्त संख्यामा शिक्षक छन् ?

क) ☐ छन् (यदि उत्तर "क" भए प्रश्न २२ मा जानुस्)  ख) ☐ छैनन्

२१.१ यदि तपाईंको विद्यालयमा सबै तहमा र विषयमा पर्याप्त संख्यामा शिक्षक छैनन् भने, यसको व्यवस्थापन कसरी गर्नुभएको छ ?

क) ☐ विद्यालयको आन्तरिक स्रोतबाट शिक्षक नियुक्त गरेको  ख) ☐ अन्य संघ-संस्थाले शिक्षक नियुक्त गर्न सहयोग गरेको

ग) ☐ स्वयंसेवक शिक्षकको व्यवस्था गरेको  घ) ☐ हाल भएका शिक्षकले ओभरटाइम गर्ने

ङ) अन्य (खुलाउने) ..............................................

२२. तपाईंको विद्यालयमा पर्याप्त मात्रामा कर्मचारी छन् ?

क) ☐ छन् (यदि उत्तर "क" भए प्रश्न २३ मा जानुस्)    ख) ☐ छैनन्

२२.१ यदि यस विद्यालयमा पर्याप्त मात्रामा कर्मचारी छैनन् भने, यसको व्यवस्थापन कसरी गर्नुभएको छ ?

क) ☐ विद्यालयको आन्तरिक स्रोतबाट कर्मचारीको नियुक्ति (यदि उत्तर "क" नभए प्रश्न २४ मा जानुस्)

ख) ☐ अन्य संघ-संस्थाबाट प्राप्त हुने श्रोतबाट कर्मचारीको नियुक्ति    ग) ☐ स्वयंसेवक कर्मचारीको व्यवस्था

घ) ☐ शिक्षकले कर्मचारीको काम पनि गर्ने    ङ) अन्य (खुलाउने) ...............................................

२३ यदि यस विद्यालयले आन्तरिक स्रोतबाट कर्मचारीको नियुक्ति गरेको छ भने, त्यस्ता शिक्षक/कर्मचारीको छनोट कसरी गरिन्छ ?

क) ☐ खुला प्रतिस्पर्धाबाट    ख) ☐ आन्तरिक प्रतिस्पर्धाबाट    ग) ☐ छलफल/सहमतिबाट

घ) ☐ कसैको सल्लाह सुझावमा    ङ) अन्य (खुलाउने) ..........................................................................

२३.१ यदि यस विद्यालयले आन्तरिक स्रोतबाट कर्मचारीको नियुक्ति गरेको छ भने, त्यस्ता शिक्षक/कर्मचारीको छनोटमा बाहिरी दबाब आउँछ ?

क) ☐ आउँछ    ख) ☐ आउँदैन

२३.२ यदि यस विद्यालयले आन्तरिक स्रोतबाट कर्मचारीको नियुक्ति गरेको छ र त्यस्ता शिक्षक/कर्मचारीको छनोटमा बाहिरी दबाब आउँछ भने, त्यस्तो दबाब क-कसबाट आउँछ ?

क) ☐ स्थानीय राजनीतिक दल    ख) ☐ स्थानीय समुदाय

ग) ☐ शिक्षक संघ-संगठन    घ) ☐ विद्यालय व्यवस्थापन समिति

ङ) ☐ जिल्ला शिक्षा कार्यालय    च) अन्य (खुलाउने) .......................................................

२३.३ यदि यस विद्यालयले आन्तरिक स्रोतबाट कर्मचारीको नियुक्ति गरेको छ भने, त्यस्ता शिक्षक/कर्मचारीले सरकारी शिक्षक/कर्मचारी सरह तलब पाउँछन् ?

क) ☐ पाउँछन्    ख) ☐ पाउँदैनन्

२३.४ यदि यस विद्यालयले आन्तरिक स्रोतबाट कर्मचारीको नियुक्ति गरेको छ भने, त्यस्ता शिक्षक/कर्मचारीले समयमै तलब पाउँछन् ?

क) ☐ पाउँछन्    ख) ☐ पाउँदैनन्

२३.५ यदि यस विद्यालयले आन्तरिक स्रोतबाट कर्मचारीको नियुक्ति गरेको छ भने, त्यस्ता शिक्षक/कर्मचारीले समयमै तलब पाउँदैनन् भने, किन पाउँदैनन् ?

क) ☐ विद्यालयको नियमित आम्दानी नभएर

ख) ☐ विद्यालयको आम्दानी भए पनि विव्यसले स्वीकृति नदिएर

ग) ☐ छुट्ट्याइएको रकम अन्य प्रयोजनमा खर्च भएर

घ) अन्य (खुलाउने) .......................................................

**विद्यालय व्यवस्थापन समिति (विव्यस) सम्बन्धी**

२४ यस विद्यालयमा विव्यसको गठन भएको छ ?

क) ☐ छ    ख) ☐ छैन (यदि उत्तर "ख" भए प्रश्न २५ मा जानुस्)

२४.१ यदि यस विद्यालयमा विव्यसको गठन भएको छ भने, शैक्षिक सत्र २०७४ मा विव्यसको बैठक कति पटक बस्यो ?

क) ☐ हालसम्म बसेको छैन    ख) ☐ १ पटक

ग) ☐ २–३ पटक    घ) ☐ ४–५ पटक

ङ) ☐ ६ पटक    च) ☐ ६ पटकभन्दा बढी

२४.२ यदि शैक्षिक सत्र २०७४ मा विव्यसको वैठक बसेको छ भने, उक्त बैठकमा छलफल भएका बुँदाहरू निम्नमध्ये कुन-कुन थिए ?

(सबैभन्दा महत्त्वपूर्ण तीन बुँदालाई प्राथमिकताको आधारमा १, २, ३ लेख्नुहोस्)

क) ☐ विद्यालयको प्रशासनिक कार्य सम्बन्धमा    ख) ☐ तह वा कक्षा थप गर्ने सम्बन्धमा

ग) ☐ विद्यालयको गुणस्तर सम्बन्धमा    घ) ☐ स्रोत परिचालन सम्बन्धमा

ङ) ☐ भौतिक निर्माण/सुधार सम्बन्धमा    च) ☐ विद्यालयको आय-व्यय सम्बन्धमा

छ) ☐ शिक्षक/कर्मचारी नियुक्ति सम्बन्धमा    ज) ☐ शिक्षक/कर्मचारी वर्खास्त गर्ने सम्बन्धमा

झ) ☐ विद्यार्थीको नियमितता सम्बन्धमा    ञ) ☐ शिक्षकको नियमितता सम्बन्धमा

ट) ☐ परीक्षाको नतिजा सम्बन्धमा    ठ) ☐ विद्यालयमा कार्यक्रम गर्ने सम्बन्धमा

ड) ☐ ट्यूशन/कोचिङ सञ्चालन सम्बन्धमा    ढ) अन्य (खुलाउने) ..............................................

२५. यस विद्यालयका प्रधानाध्यापक, शिक्षक वा विव्यसका काम-कारबाही बारेका गुनासाहरू निम्नमध्ये कुन विधिबाट संकलन गर्नुहुन्छ ?

क) ☐ गुनासो संकलन गर्नका लागि कुनै व्यवस्था छैन    ख) ☐ मौखिक रूपमा संकलन गर्ने

ग) ☐ गुनासो संकलन गर्नका लागि निश्चित व्यक्ति तोकिएको छ    घ) ☐ गुनासो संकलनका लागि सुझावपेटिका राखिएको छ

ङ) अन्य (खुलाउने) ..............................................................................

२६. शैक्षिक सत्र २०७४ मा यस विद्यालयमा आएका गुनासा के-के थिए ?

(सबैभन्दा महत्वपूर्ण तीन गुनासालाई प्राथमिकताको आधारमा १, २, ३ लेख्नुहोस्)

क) ☐ शिक्षकहरूको उपस्थितिबारे    ख) ☐ पढाइको गुणस्तरबारे    ग) ☐ विद्यालयमा लिइने शुल्कबारे

घ) ☐ विद्यालयको रकम प्रयोगबारे    ङ) अन्य (खुलाउने) ..............................................................................

**विद्यालयको वार्षिक योजना तथा बजेट, र सामाजिक तथा लेखा परीक्षण सम्बन्धी**

२७. यस विद्यालयले हरेक वर्ष वार्षिक योजना तथा बजेट तर्जुमा गर्छ ?

क) ☐ गर्छ    ख) ☐ गर्दैन (यदि उत्तर "ख" भए प्रश्न २८ मा जानुस्)

२७.१ यदि विद्यालयले हरेक वर्ष वार्षिक योजना तथा बजेट तर्जुमा गर्छ भने, त्यसमा कुन कुन स्रोतलाई समावेश गरिन्छ ?

क) ☐ जिशिकाको अनुदान स्रोत मात्र　　ख) ☐ जिशिकाको अनुदान स्रोत तथा विद्यालयको आन्तरिक स्रोत

ग) ☐ विद्यालयलाई प्राप्त हुने सबै स्रोत　　घ) अन्य (खुलाउने) ........................................................

२७.२ यदि विद्यालयले हरेक वर्ष वार्षिक योजना तथा बजेट तर्जुमा गर्छ भने, यसमा को-को सहभागी हुन्छन् ?

क) ☐ प्रधानाध्यापक　　ख) ☐ लेखापाल

ग) ☐ शिक्षक　　घ) ☐ अभिभावक

ङ) ☐ विद्यार्थी प्रतिनिधि　　च) ☐ विव्यस प्रतिनिधि

छ) ☐ शिअसं प्रतिनिधि　　ज) अन्य (खुलाउने) ........................................................

२८. यस विद्यालयमा वार्षिक योजना तथा बजेट स्वीकृत गर्ने चलन छ ?

क) ☐ छ　　ख) ☐ छैन　　ग) ☐ थाहा छैन (यदि उत्तर "ख" या "ग" भए प्रश्न २९ मा जानुस्)

२८.१ यदि यस विद्यालयमा वार्षिक योजना तथा बजेट स्वीकृत गर्ने चलन छ भने, सोको स्वीकृती कसले गर्दछ ?

क) ☐ विद्यालय व्यवस्थापन समिति　　ख) ☐ शिक्षक अभिभावक संघ

ग) ☐ शिक्षक बैठक　　घ) ☐ जिल्ला शिक्षा कार्यालय

ङ) ☐ अभिभावक भेला　　च) अन्य (खुलाउने) ...............................................

२९. यस विद्यालयले प्रत्येक वर्ष सामाजिक परीक्षण गराउने गरेको छ ?

क) ☐ छ　　ख) ☐ छैन (यदि उत्तर "ख" भए प्रश्न २९.२ मा जानुहोस्)

२९.१ यदि यस विद्यालयले प्रत्येक वर्ष सामाजिक परीक्षण गराउने गरेको छ भने, सामाजिक परीक्षणको प्रतिवेदन अभिभावक भेलामा प्रस्तुत गर्ने गरेको छ ?

क) ☐ छ　　ख) ☐ छैन

२९.२ यदि यस विद्यालयले प्रत्येक वर्ष सामाजिक गराउने गरेको छैन भने, किन नगराएको होला ?

क) ☐ थाहा नभएर　　ख) ☐ गर्न आवश्यक नै नठानेर

ग) ☐ बजेट नभएर　　घ) अन्य (खुलाउने) .................................................

३०. यस विद्यालयले सबैभन्दा पछिल्लो सामाजिक परीक्षण कहिले गरेको थियो ?

क) ☐ आर्थिक वर्ष २०७३/७४　　ख) ☐ आर्थिक वर्ष २०७२/७३

ख) ☐ आर्थिक वर्ष २०७१/७२　　घ) ☐ आर्थिक वर्ष २०७०/७१

ङ) ☐ अहिलेसम्म गरेको छैन　　च) अन्य (खुलाउने) ................................................

३१. यस विद्यालयले गरेको सबैभन्दा पछिल्लो सामाजिक परीक्षणमा को-को उपस्थित थिए ?

क) ☐ शिअसंका पदाधिकारी ख) ☐ विव्यसका पदाधिकारी

ग) ☐ प्रधानाध्यापक घ) ☐ शिक्षक

ङ) ☐ अभिभावक प्रतिनिधि च) ☐ विद्यार्थी प्रतिनिधि

छ) अन्य (खुलाउने).....................................................................

३२. तपाईंलाई शिक्षा विभागले तयार पारेको सामाजिक परीक्षण निर्देशिकाको बारेमा थाहा छ ?

क) ☐ छ ख) ☐ छैन (यदि उत्तर "ख" भए प्रश्न ३३ मा जानुस्)

३२.१ यदि तपाईंलाई शिक्षा विभागले तयार पारेको सामाजिक परीक्षणको निर्देशिकाको बारेमा थाहा छ भने, उक्त निर्देशिका विद्यालयमा छ ?

क) ☐ छ ख) ☐ छैन ग) ☐ थाहा छैन

३३. यस विद्यालयले प्रत्येक वर्ष लेखा परीक्षण गराउने गरेको छ ?

क) ☐ छ ख) ☐ छैन (यदि उत्तर "ख" भए ३३.३ मा जानुस्)

३३.१ यदि यस विद्यालयले नियमित लेखा परीक्षण गराउने गरेको छ भने, सो कार्य कहाँ बसेर गरिन्छ ?

क) ☐ लेखा परीक्षक विद्यालयमै आएर ख) ☐ लेखा परीक्षकले तोकेको ठाउँमा ग) अन्य (खुलाउने) ................

३३.२ यदि यस विद्यालयले प्रत्येक वर्ष लेखा परीक्षण गराउने गरेको छ भने, लेखा परीक्षणको प्रतिवेदन विव्यसको बैठकमा प्रस्तुत गर्ने गरेको छ ?

क) ☐ छ ख) ☐ छैन

३३.३ यदि यस विद्यालयले प्रत्येक वर्ष लेखा परीक्षण गराउने गरेको छैन भने, किन नगराएको होला ?

क) ☐ थाहा नभएर ख) ☐ गर्न आवश्यक नै नठानेर

ग) ☐ बजेट नभएर घ) अन्य (खुलाउने) .................................................

३४. यस विद्यालयले सबैभन्दा पछिल्लो पटक कुन आर्थिक वर्षको लेखा परीक्षण गराएको थियो ?

क) ☐ आर्थिक वर्ष २०७३/७४ ख) ☐ आर्थिक वर्ष २०७२/७३ ख) ☐ आर्थिक वर्ष २०७१/७२

घ) ☐ आर्थिक वर्ष २०७०/७१ ङ) ☐ अहिलेसम्म गरेको छैन च) अन्य (खुलाउने) ...........................

३५. यस विद्यालयले गराएको सबैभन्दा पछिल्लो पटकको लेखा परीक्षणमा कुनै बेरुजू थियो ?

क) ☐ थियो ख) ☐ थिएन

३६. यस विद्यालयले गराएको सबैभन्दा पछिल्लो पटकको लेखा परीक्षणमा लेखा परीक्षकका प्रमुख सुझाव के थिए ?

क) ☐ समयमा कर नतिरेको ख) ☐ पेश्की फछ्यौट नभएको ग) ☐ एउटा शीर्षकको रकम अर्को शीर्षकमा खर्च भएको

घ) ☐ नियमसंगत बिलबिजक नभएको ङ) ☐ जिन्सीको रेकर्ड नभएको च) अन्य (खुलाउने) .................................

**विद्यालयको वित्तीय व्यवस्थापन सम्बन्धी**

३७. यस विद्यालयको लेखाको हिसाबकिताब कसले राख्नुहुन्छ ?

क) ☐ पूर्णकालीन लेखापाल    ख) ☐ आंशिक लेखापाल    ग) ☐ प्रधानाध्यापक

घ) ☐ शिक्षक (शिक्षण गर्ने तह र विषय खुलाउने) ............................    ङ) ☐ विव्यस अध्यक्ष

ङ) अन्य (खुलाउने) .........................................................

३८. विद्यालयमा हिसाबकिताब (लेखा) राख्ने व्यक्ति तालिम प्राप्त हुनुहुन्छ ?

क) ☐ छ    ख) ☐ छैन    ग) ☐ थाहा छैन

३९. यस विद्यालयको कुन कुन प्रकारको बैंक खाता छन् ? (भएका जति सबैमा ☐ लगाउने) (जुन खाता छ सोहीबारे मात्र प्रश्न सोध्नुस्)

क) ☐ चल्ती खाता    ख) ☐ बचत खाता    ग) ☐ मुद्दती खाता

३९.१ यदि यस विद्यालयको चल्ती खाता छ भने, त्यसमा कुन स्रोतबाट आएको रकम जम्मा गरिएको छ ?

क) ☐ जिल्ला शिक्षा कार्यालयबाट प्राप्त रकम    ख) ☐ विद्यालयको आन्तरिक स्रोतबाट प्राप्त रकम

ग) ☐ अनुदान/सहयोगबाट प्राप्त रकम    घ) ☐ विद्यार्थीबाट लिइने शुल्क

ङ) अन्य (खुलाउने) .....................................................

३९.२ यदि यस विद्यालयको बचत खाता छ भने, त्यसमा कुन स्रोतबाट आएको रकम जम्मा गरिएको छ ?

क) ☐ जिल्ला शिक्षा कार्यालयबाट प्राप्त रकम    ख) ☐ विद्यालयको आन्तरिक स्रोतबाट प्राप्त रकम

ग) ☐ अनुदान/सहयोगबाट प्राप्त रकम    घ) ☐ विद्यार्थीबाट लिइने शुल्क

ङ) अन्य (खुलाउने) .....................................................

३९.३ यदि यस विद्यालयको मुद्दती खाता छ भने, त्यसमा कुन स्रोतबाट आएको रकम जम्मा गरिएको छ ?

क) ☐ जिल्ला शिक्षा कार्यालयबाट प्राप्त रकम    ख) ☐ विद्यालयको आन्तरिक स्रोतबाट प्राप्त रकम

ग) ☐ अनुदान/सहयोगबाट प्राप्त रकम    घ) ☐ विद्यार्थीबाट लिइने शुल्क

ङ) अन्य (खुलाउने) .....................................................

४०. यस विद्यालयले बैंकसँग कति समयको अन्तरमा हिसाब मिलान (reconciliation) गर्ने गरेको छ ?

क) ☐ मासिक    ख) ☐ त्रैमासिक    ग) ☐ चौमासिक

ग) ☐ अर्धवार्षिक    घ) ☐ वार्षिक    ङ) ☐ गर्ने गरेको छैन

४१. आर्थिक वर्ष २०७३/७४ मा जिशिकाबाट प्राप्त नियमित अनुदान वर्षको अन्त सम्ममा सबै खर्च भयो ?

क) ☐ खर्च भयो (यदि उत्तर "क" भए प्रश्न ४२ मा जानुहोस्)    ख) ☐ खर्च भएन

४१.१ यदि आर्थिक वर्ष २०७३/७४ मा जिशिकाबाट प्राप्त नियमित अनुदान वर्षको अन्त सम्ममा सबै खर्च हुन सकेन भने, खर्च हुन बाँकी रकमको व्यवस्थापन कसरी भयो ?

क) ☐ अन्य शीर्षकमा खर्च गरियो/गरिनेछ    ख) ☐ अर्को वर्ष सोही शीर्षकमा खर्च गरिनेछ

ग) ☐ विद्यालयको खातामा सञ्चित छ    घ) ☐ खर्च हुन नसकेर जिशिकामा फिर्ता गरियो/गरिनेछ

ङ) अन्य (खुलाउने) ..................................................................

४२. आर्थिक वर्ष २०७२/७३ वा २०७३/७४ मा यस विद्यालयले जिल्ला शिक्षा कार्यालयको नियमित अनुदान बाहेक अन्य स्रोतबाट पनि अनुदान पाएको थियो ?

क) ☐ थियो    ख) ☐ थिएन (यदि उत्तर "ख" भए प्रश्न ४२.२ मा जानुहोस्)

४२.१ यदि आर्थिक वर्ष २०७२/७३ वा २०७३/७४ मा यस विद्यालयले जिल्ला शिक्षा कार्यालयको नियमित अनुदान बाहेक अन्य स्रोतबाट पनि अनुदान पाएको थियो भने, यस्तो अनुदान कहाँबाट पाएको थियो ?

क) ☐ जिल्ला शिक्षा कार्यालय    ख) ☐ विभिन्न संघ-संस्था

ग) ☐ संसद विकास कोष    घ) ☐ स्थानीय निकाय

ङ) अन्य (खुलाउने) .....................................................

४२.२ यदि आर्थिक वर्ष २०७२/७३ वा २०७३/७४ मा यस विद्यालयले जिल्ला शिक्षा कार्यालय बाहेक अन्य स्रोतबाट आर्थिक अनुदान प्राप्त गरेको थियो भने, त्यस्तो अनुदान कुन प्रयोजनका लागि भनेर लिखत उपलब्ध भएको थियो ?

क) ☐ निर्माण कार्य    ख) ☐ शिक्षकको वृत्ति विकास    ग) ☐ तालिम तथा गोष्ठी

घ) ☐ पुस्तकालय    ङ) ☐ छात्रवृत्ति    च) अन्य (खुलाउने) .......................................................

४३. यस विद्यालयको आम्दानीका आन्तरिक स्रोत के-के छन् ?

क) ☐ केही पनि छैन    ख) ☐ जग्गा भाडा    ग) ☐ घर, कोठा भाडा    घ) ☐ विद्यार्थीबाट उठाएको शुल्क

ङ) ☐ चन्दा, दान, अनुदान, आदि    च) ☐ विद्यालयले उत्पादन गरेको चिजबिज (अम्रिसो, काठपात, आदि)

छ) अन्य (खुलाउने) ......................................

**भौतिक पूर्वाधार निर्माण प्रक्रिया सम्बन्धी**

४४. आर्थिक वर्ष २०७२/७३ वा २०७३/७४ मा यस विद्यालयले जिल्ला शिक्षा कार्यालयबाट भौतिक निर्माण कार्यको लागि अनुदान प्राप्त गरेको थियो ?

क) ☐ थियो    ख) ☐ थिएन (यदि उत्तर "ख" भए प्रश्न ४५ मा जानुस्)

४४.१ यदि आर्थिक वर्ष २०७२/७३ वा २०७३/७४ मा यस विद्यालयले जिल्ला शिक्षा कार्यालयबाट भौतिक निर्माण कार्यको लागि अनुदान प्राप्त गरेको थियो भने, कुन कार्यको लागि अनुदान प्राप्त गरेको थियो ?

क) ☐ कक्षाकोठा निर्माण    ख) ☐ शौचालय निर्माण    ग) ☐ विद्यालय मर्मत सम्भार

घ) ☐ फर्निचर खरिद    ङ) ☐ विद्यालयको घेराबार    च) अन्य (खुलाउने).......................

४५. यस विद्यालयमा हालसम्म भएका भौतिक पूर्वाधार निर्माण कार्य कसरी सञ्चालन भएका छन् ? (जुनमा रेजा लाग्छ सो सम्बन्धित प्रश्न मात्र सोध्नुस्)

क) ☐ निर्माण समिति बनाएर ख) ☐ ठेक्का दिएर

ग) ☐ विद्यालय आफैले अमानतमा घ) अन्य (खुलाउने) ..................................................

४५.१ यदि विद्यालयले हालसम्म भएका भौतिक पूर्वाधार निर्माण कार्य निर्माण समितिमार्फत गरेको छ भने, सो समितिको गठन कसरी हुन्छ ?

क) ☐ विव्यसको निर्णय अनुसार ख) ☐ प्रधानाध्यापक निर्णय अनुसार

ग) ☐ विव्यस अध्यक्ष र प्रअको निर्णय अनुसार घ) ☐ शिक्षक र प्रधानाध्यापकको निर्णय अनुसार

ङ) अन्य (खुलाउने) ..............................................................

४५.२ यदि विद्यालयमा हालसम्म भएका भौतिक पूर्वाधार निर्माण कार्य ठेक्कामा दिने चलन छ भने, ठेक्काको आवेदन कसरी आह्वान गरिन्छ ?

क) ☐ पत्रपत्रिकामा सूचना दिएर ख) ☐ विद्यालयको सूचना पाटीमा टाँसेर

ग) ☐ जिशिका, वडा कार्यालयमा टाँसेर घ) ☐ स्थानीय समिति मार्फत सूचना दिएर

ङ) अन्य (खुलाउने) .....................................................

४५.३ यदि विद्यालयमा हालसम्म भएका भौतिक पूर्वाधार निर्माण कार्य ठेक्कामा दिने चलन छ भने, ठेक्का आवेदन कसले छनोट गर्छ ?

क) ☐ विद्यालयकै छनोट समितिले ख) ☐ विव्यसले

ग) ☐ विव्यस अध्यक्षले घ) ☐ प्रधानाध्यापकले

ङ) अन्य (खुलाउने) .....................................................

४६. यस विद्यालयमा हालसम्म भएका निर्माण कार्यको अनुगमन कसले गरेको थियो ?

क) ☐ विद्यालय निरीक्षक ख) ☐ स्रोत व्यक्ति ग) ☐ जिल्ला शिक्षा कार्यालयको इन्जिनियर

घ) ☐ विद्यालयले गठन गरेको समिति ङ) अन्य (खुलाउने) .........................................................

४७. यस विद्यालयमा हालसम्म भएका भौतिक पूर्वाधार निर्माण कार्य निर्धारित समयमै सम्पन्न भएका थिए ?

क) ☐ थिए (यदि उत्तर "क" भए प्रश्न ४८ मा जानुस्) ख) ☐ थिएनन्

४७.१ यदि यस विद्यालयमा भएका भौतिक पूर्वाधार निर्माण कार्य निर्धारित समयमै सम्पन्न भएनन् भने, किन समयमै नसकिएको होला ?

क) ☐ राजनीतिक खिचातानी ख) ☐ समितिले काम नगरेर

ग) ☐ बजेट अभावको कारण घ) ☐ प्राकृतिक विपत्तिको कारण

ङ) ☐ कामदार अभाव च) ☐ विव्यसको पुनर्गठन समयमा नभएर

छ) ☐ ठेकेदारको लापरवाही ज) अन्य (खुलाउने) ...........................................

४८. तपाईंले आफ्नो विद्यालयलाई जिल्लाका अन्य विद्यालयसँग तुलना गर्दा कहाँ पाउनु हुन्छ ?

क) ☐ औसतभन्दा माथि    ख) ☐ औसत    ग) ☐ औसतभन्दा तल    घ) ☐ थाहा छैन

सर्वेक्षकको नाम ..................................................  सर्वेक्षण गरेको मिति .................................................

सर्वेक्षकको सही ..................................................

## अनुसूची २.२ : विद्यालय व्यवस्थापन समिति (विव्यस) का अध्यक्षका लागि प्रश्नावली

**मार्टिन चौतारी**
**काठमाडौँ, नेपाल**

**नेपालका सार्वजनिक विद्यालयमा शिक्षण र 'गभर्नेन्स' प्रक्रिया सम्बन्धी सर्वेक्षण २०७४**

मार्टिन चौतारी, काठमाडौँ विश्वविद्यालय र आरहुस विश्वविद्यालय, डेनमार्कद्वारा संयुक्त रूपमा गर्न लागिएको यस अनुसन्धान सर्वेक्षणमा सहभागी भई आवश्यक जानकारी उपलब्ध गराई सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछौँ। सर्वेक्षणमा भाग लिन कसैलाई पनि बाध्य बनाइने छैन र यस क्रममा उपलब्ध गराइएको सूचना पूर्णतया अध्ययन प्रयोजनका लागि मात्र प्रयोग गरिने तथा गोप्य राखिने छ। यो सर्वेक्षणमा सहभागी भई सहयोग गर्नुहुने सबै व्यक्ति तथा संस्थालाई हामी हार्दिक कृतज्ञता व्यक्त गर्दछौँ। यसबारे थप जानकारी चाहिएमा हामीलाई ०१–४२३८०५० मा सम्पर्क गर्नुहुन अनुरोध छ।

### विद्यालय व्यवस्थापन समिति (विव्यस) को अध्यक्षका लागि प्रश्नावली

१. विद्यालयको नाम : ...............................................................................................................

२. विद्यालयमा पढाइ हुने तह : ☐ १–५ ☐ १–८ ☐ १–१० ☐ १–१२

अन्य ...................................................................

३. विव्यस अध्यक्षको नाम ..........................................................................................................

४. लिंग : ☐ महिला ☐ पुरुष

५. विव्यस अध्यक्ष भएको मिति : साल .............. महिना .............. गते .....................

६. तपाईं कुन प्रक्रियाबाट अध्यक्षमा चयन हुनुभएको हो ?

क) ☐ निर्वाचन/चुनावबाट ख) ☐ सर्वसम्मतबाट ग) अन्य (खुलाउने) .................................

७. तपाईंको घरपरिवारबाट यस विद्यालयमा पढ्न को जानुहुन्छ ?

क) ☐ छोरा/छोरी ख) ☐ नाति/नातिनी

ग) ☐ भान्जा/ भान्जी घ) ☐ अन्य नातेदार

ङ) ☐ कोही पनि छैन च) अन्य (खुलाउने) .............................................................

**विद्यालयको शैक्षिक पक्ष सम्बन्धी**

८. तपाईंको विद्यालयमा कक्षा सञ्चालन नियमित हुन्छ ?

क) ☐ हुन्छ ख) ☐ हुँदैन

८.१ यदि तपाईंको विद्यालयमा नियमित कक्षा सञ्चालन हुँदैन भने, यसो हुनुको कारण के होला ?

क) ☐ शिक्षकको अनुपस्थिति  ख) ☐ विद्यार्थीको अनुपस्थिति

ग) ☐ कक्षा कोठाको अभाव  घ) ☐ पाठ्यपुस्तकको अभाव

ङ) अन्य (खुलाउने) ....................................................

९. तपाईंको विद्यालयमा शिक्षकको नियमितता कस्तो छ ? (उत्तर 'क' र 'ख' भए प्रश्न १० मा जानुस्)

क) ☐ धेरै राम्रो  ख) ☐ औसत  ग) ☐ कम

९.१ यदि तपाईंको विद्यालयमा शिक्षक नियमितता कम छ भने, यसको कारण के होला ?

क) ☐ नियमित नभए पनि कारवाही नहुने भएर  ख) ☐ अन्य व्यवसायमा पनि संलग्न हुनाले

ग) ☐ विद्यालय टाढा भएकोले  घ) ☐ शिक्षक राजनीतिमा संलग्न हुनाले

ङ) ☐ घरपायक शिक्षक  च) अन्य (खुलाउने) ....................................................

९.२ यदि तपाईंको विद्यालयमा शिक्षक नियमितता कम छ भने, यस समस्यालाई कम गर्न के-के उपाय अपनाउनु भएको छ ?

क) ☐ उपस्थिति नियमित गर्न छलफल गरी सहयोग गर्ने  ख) ☐ अनुपस्थित शिक्षकसँग स्पष्टीकरण लिने

ग) ☐ अनुपस्थित शिक्षकलाई सरुवा गर्न पहल गर्ने  घ) ☐ नियमित रूपमा विद्यालय अनुगमन गर्ने

घ) ☐ जिशिकालाई पत्र लेख्ने  ङ) अन्य (खुलाउने) ............................................

१०. यस विद्यालयमा विद्यार्थीको औसत उपस्थिति कस्तो छ ? (उत्तर 'क' र 'ख' भए प्रश्न ११ मा जानुस्)

क) ☐ धेरै राम्रो  ख) ☐ औसत  ग) ☐ कम

१०.१ यदि विद्यालयमा विद्यार्थीको उपस्थिति कम छ भने, यसको कारण के होला ?

क) ☐ घरायसी काम  ख) ☐ गरिबी  ग) ☐ घर र विद्यालयबीचको दूरी टाढा भएर

घ) ☐ विद्यालयको भौतिक अवस्था अपुग  ङ) ☐ पाठ्यपुस्तक अभाव  च) अन्य (खुलाउने) ................................

**विद्यालय व्यवस्थापन समिति सम्बन्धी**

११. विद्यालय व्यवस्थापन समिति अध्यक्ष भएपछि तपाईंले सो सम्बन्धी कुनै तालिम पाउनु भएको छ ?

क) ☐ छ  ख) ☐ छैन

१२. यस विद्यालयमा विद्यालय व्यवस्थापन समितिले के-के काम गर्दै आएको छ ?

क) ☐ शिक्षक तथा कर्मचारी नियुक्त गर्ने  ख) ☐ भौतिक निर्माण कार्य गर्ने

ग) ☐ आर्थिक हिसाबकिताब राख्ने  घ) ☐ वार्षिक योजना बनाउने

ङ) ☐ शिक्षक नियमितता कायम गर्ने  च) ☐ शैक्षिक गुणस्तर कायम गर्ने

छ) अन्य (खुलाउने) .............................................................

१३. शैक्षिक सत्र २०७४ मा विव्यसको वैठक कति पटक बस्यो ?

क) ☐ हालसम्म बसेको छैन (उत्तर ‘क’ भए प्रश्न १४ मा जानुस्) ख) ☐ १ पटक

ग) ☐ २–३ पटक घ) ☐ ४–५ पटक

ङ) ☐ ६ पटक च) ☐ ६ पटक भन्दा बढी

१३.१ यदि शैक्षिक सत्र २०७४ मा विव्यसको वैठक बसेको छ भने, उक्त बैठकमा छलफल भएका बुँदाहरू निम्नमध्ये कुन-कुन थिए ?

(सबैभन्दा महत्त्वपूर्ण तीन बुँदालाई प्राथमिकताको आधारमा १, २, ३ लेख्नुहोस्)

क) ☐ विद्यालयको प्रशासनिक कार्य सम्बन्धमा ख) ☐ तह वा कक्षा थप गर्ने सम्बन्धमा

ग) ☐ विद्यालयको गुणस्तर सम्बन्धमा घ) ☐ स्रोत परिचालन सम्बन्धमा

ङ) ☐ भौतिक निर्माण/सुधार सम्बन्धमा च) ☐ विद्यालयको आय-व्यय सम्बन्धमा

छ) ☐ शिक्षक/कर्मचारी नियुक्ति सम्बन्धमा ज) ☐ शिक्षक/कर्मचारी वर्खास्त गर्ने सम्बन्धमा

झ) ☐ विद्यार्थीको नियमितता सम्बन्धमा ञ) ☐ शिक्षकको नियमितता सम्बन्धमा

ट) ☐ परीक्षाको नतिजा सम्बन्धमा ठ) ☐ विद्यालयमा कार्यक्रम गर्ने सम्बन्धमा

ड) ☐ ट्यूशन/कोचिङ सञ्चालन सम्बन्धमा ढ) अन्य (खुलाउने) .............................................

१४. यस विद्यालयका प्रधानाध्यापक, शिक्षक वा विव्यसका काम-कारबाही बारेका गुनासाहरू निम्नमध्ये कुन विधिबाट संकलन गर्नुहुन्छ ?

क) ☐ गुनासो संकलन गर्नका लागि कुनै व्यवस्था छैन ख) ☐ मौखिक रूपमा संकलन गर्ने

ग) ☐ गुनासो संकलन गर्नका लागि निश्चित व्यक्ति तोकिएको छ घ) ☐ गुनासो संकलनका लागि सुझाव पेटिका राखिएको छ

ङ) अन्य (खुलाउने) ...............................................................................

१५. शैक्षिक सत्र २०७४ मा यस विद्यालयमा आएका गुनासा के-के थिए ?

(सबैभन्दा महत्त्वपूर्ण तीन गुनासालाई प्राथमिकताको आधारमा १, २, ३ लेख्नुहोस्)

क) ☐ शिक्षकहरूको उपस्थितिबारे ख) ☐ पढाइको गुणस्तरबारे

ग) ☐ विद्यालयमा लिइने शुल्कबारे घ) ☐ विद्यालयको रकम प्रयोगबारे

ङ) अन्य (खुलाउने) ..............................................................................................

**विद्यालयको वार्षिक योजना तथा बजेट, र सामाजिक तथा लेखा परीक्षण सम्बन्धी**

१६. यस विद्यालयले हरेक वर्ष वार्षिक योजना तथा बजेट तर्जुमा गर्छ ? (उत्तर ‘ख’ र ‘ग’ भए प्रश्न १७ मा जानुस्)

क) ☐ गर्छ ख) ☐ गर्दैन ग) ☐ थाहा छैन

१६.१ यदि यस विद्यालयले हरेक वर्ष वार्षिक योजना तथा बजेट तर्जुमा गर्छ भने, त्यसमा कुन कुन स्रोतलाई समावेश गरिन्छ ?

क) ☐ जिशिकाको अनुदान स्रोत मात्र  ख) ☐ जिशिकाको अनुदान स्रोत तथा विद्यालयको आन्तरिक स्रोत

ग) ☐ विद्यालयलाई प्राप्त हुने सबै स्रोत  घ) अन्य (खुलाउने) ........................................................

१६.२ यदि यस विद्यालयले हरेक वर्ष वार्षिक योजना तथा बजेट तर्जुमा गर्छ भने, त्यसमा को को सहभागी हुन्छन् ?

क) ☐ प्रधानाध्यापक  ख) ☐ लेखापाल  ग) ☐ शिक्षक

घ) ☐ अभिभावक  ङ) ☐ विद्यार्थी प्रतिनिधि  च) ☐ विव्यस प्रतिनिधि

छ) ☐ शिअसं प्रतिनिधि  ज) अन्य (खुलाउने) .....................................................

१६.३ यदि यस विद्यालयले हरेक वर्ष वार्षिक योजना तथा बजेट तर्जुमा गर्छ भने, विद्यालयले वार्षिक योजना तथा बजेटबारे साधारणतया क-कसलाई सूचित गर्दछ ?

क) ☐ कसैलाई पनि गर्दैन  ख) ☐ विद्यालय व्यवस्थापन समिति

ग) ☐ शिक्षक अभिभावक संघ  घ) ☐ अभिभावक

ङ) ☐ जिल्ला शिक्षा कार्यालय  च) अन्य (खुलाउने) ....................................................

१७. यस विद्यालयमा वार्षिक योजना तथा बजेट स्वीकृत गर्ने चलन छ ? (उत्तर 'ख' र 'ग' भए प्रश्न १८ मा जानुस्)

क) ☐ छ  ख) ☐ छैन  ग) ☐ थाहा छैन

१७.१ यदि यस विद्यालयमा वार्षिक योजना तथा बजेट स्वीकृत गर्ने चलन छ भने, सोको स्वीकृत कसले गर्दछ ?

क) ☐ विद्यालय व्यवस्थापन समिति  ख) ☐ शिक्षक अभिभावक संघ

ग) ☐ शिक्षक बैठक  घ) ☐ जिल्ला शिक्षा कार्यालय

ङ) ☐ अभिभावक भेला  च) अन्य (खुलाउने) .......................................................

१८. यस विद्यालयले प्रत्येक वर्ष सामाजिक परीक्षण गराउने गरेको छ ? (उत्तर 'ख' भए प्रश्न १८.३ मा जानुस्)

क) ☐ छ  ख) ☐ छैन  ग) ☐ थाहा छैन

१८.१ यदि यस विद्यालयले प्रत्येक वर्ष सामाजिक परीक्षण गराउने गरेको छ भने, सामाजिक परीक्षणको प्रतिवेदन अभिभावक भेलामा प्रस्तुत गर्ने गरेको छ ?

क) ☐ छ  ख) ☐ छैन  ग) ☐ थाहा छैन

१८.२ यदि यस विद्यालयले प्रत्येक वर्ष सामाजिक परीक्षण गराउने गरेको छ भने, विद्यालयले गरेको सबैभन्दा पछिल्लो सामाजिक परीक्षणमा को-को उपस्थित थिए ?

क) ☐ शिअसंका पदाधिकारी  ख) ☐ विव्यसका पदाधिकारी  ग) ☐ प्रधानाध्यापक

घ) ☐ शिक्षक  ङ) ☐ अभिभावक प्रतिनिधि  च) ☐ विद्यार्थी प्रतिनिधि

छ) अन्य (खुलाउने).....................................................................

१८.३ यदि यस विद्यालयले प्रत्येक वर्ष सामाजिक परीक्षण गराउने गरेको छैन भने, किन नगराएको होला ?

क) ☐ थाहा नभएर　　ख) ☐ गर्न आवश्यक नै नठानेर

ख) ☐ बजेट नभएर　　घ) अन्य (खुलाउने) ................................................

१९. यस विद्यालयले प्रत्येक वर्ष लेखा परीक्षण गराउने गरेको छ ? (उत्तर 'ख' भए प्रश्न १९.३ मा जानुस्)

क) ☐ छ　　ख) ☐ छैन　　ग) ☐ थाहा छैन

१९.१ यदि यस विद्यालयले नियमित लेखा परीक्षण गराउने गरेको छ भने, सो कार्य कहाँ बसेर गरिन्छ ?

क) ☐ लेखा परीक्षक विद्यालयमै आएर　　ख) ☐ लेखा परीक्षकले तोकेको ठाउँमा

ग) अन्य (खुलाउने) ..........................................................

१९.२ यदि यस विद्यालयले प्रत्येक वर्ष लेखा परीक्षण गराउने गरेको छ भने, लेखा परीक्षणको प्रतिवेदन विव्यसको बैठकमा प्रस्तुत गर्ने गरेको छ ?

क) ☐ छ　　ख) ☐ छैन　　ग) ☐ थाहा छैन

१९.३ यदि यस विद्यालयले प्रत्येक वर्ष लेखा परीक्षण गराउने गरेको छैन भने, किन नगराएको होला ?

क) ☐ थाहा नभएर　　ख) ☐ गर्न आवश्यक नै नठानेर

ख) ☐ बजेट नभएर　　घ) अन्य (खुलाउने) ................................................

**विद्यालयको वित्तिय व्यवस्थापन सम्बन्धी**

२०. यस विद्यालयको लेखाको हिसाबकिताब कसले राख्नुहुन्छ ?

क) ☐ पूर्णकालीन लेखापाल　　ख) ☐ आंशिक लेखापाल　　ग) ☐ प्रधानाध्यापक

घ) ☐ शिक्षक (शिक्षण गर्ने तह र विषय खुलाउने) ..................................................................

ङ) ☐ विव्यस अध्यक्ष　　ङ) अन्य (खुलाउने) ........................................................

२१. विद्यालयमा हिसाबकिताब (लेखा) राख्ने व्यक्ति तालिम प्राप्त हुनुहुन्छ ?

क) ☐ छ　　ख) ☐ छैन　　ग) ☐ थाहा छैन

२२. यस विद्यालयको कुन कुन प्रकारका बैंक खाता छन् ? (भएका जति सबैमा ☑ लगाउने)

क) ☐ चल्ती खाता　　ख) ☐ बचत खाता　　ग) ☐ मुद्दती खाता

२३. यस विद्यालयको आम्दानीका आन्तरिक स्रोत के-के छन् ?

